सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२५ साउन २०८०, बिहीबार (10 Aug 2023, Thursday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक ११९ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

गुगल, अमेजनलगायतका नौ अन्तर्राष्ट्रिय कम्पनीले तिरे नेपालमा नौ करोड कर



नेपालमा भौतिक उपस्थिति नभएका, तर कारोबार गर्ने गैरबासिन्दाले भ्याट र कुल आम्दानीको २% कर तिर्नुपर्छ

(विस्तृत पृष्ठ ९)

कत्तिको साकार हुँदै छ अमेरिकाको चिपमेकिङ योजना ?



टिएसएमसीका संस्थापक मोरिस चाङले लागतका कारण अमेरिकामा निर्मित चिप्स महँगो हुने चेतावनी दिएका छन्

जेल सजायले इमरान खानको राजनीतिक करिअरमा कस्तो धक्का ?



हिरासतमा रहेमा खानले आगामी निर्वाचनमा उम्मेदवारी दिने सम्भावना समाप्त हुन्छ। फौजदारी अपराधमा दोषी ठहरिएका जो-कोहीलाई पाकिस्तानमा चुनाव लड्न अयोग्य ठहऱ्याइन्छ।

(विस्तृत पृष्ठ ७)

सदनमा रास्वपाको फरक अभ्यास

अवरोधको विरोध गर्दै संसद्बाहिरैबाट सुनायो जनजीविकाका सवाल



एमालेको अवरोध कायमै

(विस्तृत पृष्ठ ४)

फोहोर वर्गीकरण गर्ने आफ्नै निर्णय वर्ष दिनपछि मात्रै सम्झियो महानगरले



सहुलियतमा कम्पोस्ट बिन बिक्री, छुट्याएर फोहोर संकलन गर्न अझै समय लाग्ने

(विस्तृत पृष्ठ २)

NIMB
नेपाल उन्मेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ साढे चार अर्बमा विस्तार गरिएको नारायणगढ-मुग्लिन सडकको दुर्दशा

डेढ महिनामा २६ पहिरो, सय घन्टा सडक अवरुद्ध

यात्रुवाहक र मालवाहक गरेर दैनिक ११ हजार सवारीसाधन गुड्ने नारायणगढ-मुग्लिन सडकखण्डको २४ किलोमिटर क्षेत्रमा पहिरोले सधैँ सास्ती, वैकल्पिक मार्ग निर्माणबारे सधैँ चर्चा हुन्छ, काम हुँदैन।

भरतपुरमा **विवेक पोखेल**

चितवनको इच्छाकामना गाउँपालिका- ६ स्थित कालीखोलामा मंगलबार बिहान ५ बजे लेदोसहितको पहिरो खसेपछि मुग्लिन-नारायणगढ सडक ५ घन्टा ५० मिनेट अवरुद्ध बन्यो। यसबाहेक मंगलबार नै चारकिलो, नाम्सीखोला, टोपेखोला, कालीखोला, तुइनखोलामा पनि पहिरो खसेको थियो। बिहान सवा ८ बजे पहिरो पन्छाएर एकतर्फी सडक सञ्चालन हुन नपाउँदै पुनः १० मिनेटमा नजिकैको टोपेखोलामा ठूलो पहिरो खस्यो। बिहान ११ बजे पहिरो पन्छाए पनि सडक दुईतर्फी सञ्चालन हुन दिउँसो २ बजेसम्म पर्खनुपऱ्यो।

खोजी हुँदै नारायणगढ-मुग्लिन सडकको विकल्प

एक वर्षमा ५७ सवारी दुर्घटना, ११ जनाको मृत्यु

१४ असारमा तुइन पुलमै पहिरो खसेपछि अवरुद्ध नारायणगढ-मुग्लिन सडक सञ्चालनमा आउन २७ घन्टा लागेको थियो। तर, सडक सञ्चालनमा आएको २४ घन्टा नबित्दै १६ असार बिहान ३ बजे फेरि सोही ठाउँमा पहिरो खस्यो। पहिरो खसेको २२ घन्टापछि मात्र सडक पुनः सञ्चालनमा आयो।

दैनिक ११ हजार मालवाहक र यात्रुवाहक सवारीसाधन गुड्ने ३६ किलोमिटर नारायणगढ-मुग्लिन सडकमध्ये ३४ किलोमिटर विश्व बैंकको

» पृष्ठ ११ मा क्रमशः

■ यो बर्खामा कहिले-कहिले पहिरो ? कति घन्टा अवरोध ?



फाइल तस्बिर

नारायणगढ-मुग्लिन सडकखण्डको तुइनखोला पुलनजिक गत १४ असारमा पहिरो खस्दा २७ घन्टा सडक अवरुद्ध भयो

- ६ असार : नाम्सी पुल (१ घन्टा ५५ मिनेट)
- ७ असार : डुम्रे, रिग्दी र सिमलताल-सेतीदोभान (५ घन्टा ५० मिनेट)
- ८ असार : डुम्रे, रिग्दी र सिमलताल-सेतीदोभान (३ घन्टा)
- ९ असार : १८ किलो (२ घन्टा १० मिनेट)
- ११ असार : १८ किलो (१ घन्टा ४० मिनेट)
- १४ असार : तुइनखोला पुल (२७ घन्टा १५ मिनेट)
- १६ असार : तुइनखोला पुल र नाम्सी (२४ घन्टा ४५ मिनेट)
- १८ असार : तुइनखोला पुल (४ घन्टा ४५ मिनेट)
- २३ असार : कालीखोला (९ घन्टा)
- २७ असार : कालीखोला (४० मिनेट)
- ९ साउन : कालीखोला र तुइनखोला (१ घन्टा १० मिनेट)
- १३ साउन : कालीखोला (५ घन्टा ५ मिनेट)
- १४ साउन : कालीखोला र तुइनखोला (६ घन्टा)
- २० साउन : जलबिरे (१ घन्टा)
- २३ साउन : कालीखोला, चारकिलो, नाम्सीखोला, टोपेखोला र तुइनखोला (५ घन्टा ५० मिनेट)

■ ३१ ठाउँको पहिरोको जोखिम घटाउन गरिएको थियो ५० करोड खर्च


०७२ मा सडक स्तरोन्नति गर्दा ३१ ठाउँमा पहिरोको जोखिम पहिचान गरिएको थियो। सडक डिभिजनले ती ठाउँमा ५० करोड खर्च गरिसकेको छ। तर, अझै पहिरो नियन्त्रणमा आउन सकेको छैन। नयाँ-नयाँ ठाउँमा पनि पहिरोको जोखिम बढेको छ। सडक डिभिजन कार्यालय भरतपुरका प्रमुख रमेशप्रसाद पौडेलका अनुसार त्यतिखेर जोखिम पहिचान भएका ठाउँमा चट्टान झर्न नदिन रड गाडेर जाली लगाउनेदेखि सडक भत्किन नदिन नदीकिनारमा पाइलिङ गर्ने र आरसिसी वाल लगाउने काम गरिएको थियो। 'दासढुंगादेखि मुग्लिनसम्म झन्डै २४ किलोमिटरमा कहाँ कतिखेर पहिरो खस्छ भन्ने अनुमान गर्न सकिँदैन, सबै ठाउँमा पहिरो रोक्न नसकिने भएकाले अति जोखिम भएको ३१ ठाउँमा पहिरोको जोखिम न्यूनीकरण गरिएको हो,' उनले भने, 'तीन हप्ताअघि मात्र सडकमुनि पनि दुई ठाउँमा पहिरो जोखिमको काम सम्पन्न गरिएको छ।' त्यही भएर सडक डिभिजनले आपत्कालीन खर्च भनेर वार्षिक ८० लाख छुट्याउने गरेको छ। बर्खाको चार महिना एउटा एक्स्काभेटर र दुईवटा रोडर तयारी अवस्थामा राखेको हुन्छ। इन्जिनियर, सबइन्जिनियर र सुपरभाइजरको एउटा छुट्टै टोली पनि खटिन्छ।

● भूगर्भविद् सुबोध ढकाल भन्छन्- **पहिरोको खुट्टा काट्ने काम मात्र भयो**



मुग्लिन-नारायणगढ सडक क्षेत्रमा भौगोलिक बनोट कमजोर छ, टुक्रे र कुहिएका चट्टान पनि छन्। सडकभन्दा माथिल्लो भिरमा पानी धेरै छ। सडक स्तरोन्नति गर्दा पहिले पहिरोको अध्ययन गरिएन। लेखाजोखा नगरी सडक खुलाइयो र जहाँजहाँ पहिरो गयो त्यहाँ जथाभावी भित्ता काट्ने काम भयो। भित्ता काट्दा एंगल र उचाइ नमिलाएर काटिएको छ, अलि भिरालो बनाएर काटेका छन्। एक्स्काभेटरले खनिएको छ, पहिरो ओभरहेंगिङ छ (काटिएको ठाउँमा)। अहिले पनि बर्खामा पहिरो खसेपछि हटाउने गरिएको छ। सडक अवरुद्ध भएपछि खुलाउन त पऱ्यो। अहिले त जहाँजहाँ पहिरो गयो त्यहाँ पहिरोको खुट्टा काट्ने काम भइरहेको छ, झरेको भाग काटिँदै छ। पहिरोको खुट्टा काटियो, जिउले धान्न सकेन। त्यसैले फेरि माथिबाट पहिरो झरिरहेको छ। पहिरो नियन्त्रण गर्न बर्खाअघिका आठ महिनामा काम गर्नुपर्छ। अब माथिल्लो तहमा पहिरो थामिने गरी काम गर्नुपर्छ।

● सडक डिभिजन भरतपुरका प्रमुख रमेशप्रसाद पौडेल भन्छन्- २४ **किमि पूरै पहिरो नियन्त्रण गर्न १० अर्ब चाहिन्छ**



०७२ को भूकम्पको प्रभाव पनि होला, खोलाले माटोलाई कमजोर बनाउँदै जाँदा अत्यधिक चापका कारण सडक दबेर पहिरो बढेको छ। नयाँ पुल बन्दै छन्। पहाड काट्दाको कम्पनलगायतले पहिरो खसेको अनुमान गर्न सकिन्छ। नयाँ-नयाँ ठाउँमा पहिरो खसिरहेको छ। यो वर्ष तुइनखोला, कालीखोला र मौरीखोलामा पहिरोले दुःख दिइरहेको छ। पहिरोको जोखिम रहेको २४ किलोमिटर पूरै नियन्त्रणका लागि १० अर्ब लाग्छ, तर त्यसपछि पनि पूरै नियन्त्रण हुन्छ भन्न सकिँदैन। यसअघि जोखिम पहिचान गरिएका ३१ ठाउँको सबै गरेर सात सय मिटरमा नियन्त्रणको काम गर्न मात्रै ५० करोड खर्च भएको थियो। २४ किलोमिटरको हिसाब गर्दा १० अर्बले पनि मुस्किल हुन्छ। यति ठूलो रकम खर्च गर्न उपयुक्त पनि हुँदैन, चार अर्बमा त नयाँ सडक बन्छ। पहिरोको जोखिम देखिएका थप ठाउँमा अध्ययन गरेर न्यूनीकरण गर्ने हो। पहाडमा दीर्घकालीन रूपमा पहिरो जाँदैन भन्ने हुँदैन। तर, न्यूनीकरणको काम गर्न सकिन्छ।

■ कैलालीका ८ सय ९९ बाढीपीडित परिवारको सडकमा वास



धनगढीमा **तेजराज भट्ट**

बाढीबाट कैलालीको भजनी नगरपालिकाका आठ सय ९९ परिवार विस्थापित भएका छन्। तीन दिनदेखिको वर्षाले कान्द्रा, काँढा, पथरैया र मोहना नदीमा आएको बाढीले दुई हजार तीन सय ६७ परिवार प्रभावित हुँदा आठ सय ९९ परिवार विस्थापित भएर हुलाकी राजमार्ग, विद्यालय र सेफ हाउसमा पुगेका छन्। भजनी नगरपालिकाका प्रवक्ता विक्रम चौधरीका अनुसार दुई हजार चार सय स्थानीय विस्थापित भएका हुन्। वडा नम्बर ५ का १५ घर बाढीका कारण पूर्ण रूपमा क्षतिग्रस्त बनेको भजनी नगरपालिकाले जनाएको छ।

कारागारभित्र किन हुन्छ झडप ?

देशभरका कारागारमा छन् क्षमताभन्दा बढी कैदीबन्दी

संखुवासभामा **नवीन गुरुङ**
काठमाडौंमा **टेकराज थामी**

संखुवासभा कारागारमा बुधबार दुई कैदीको रहस्यमय मृत्युले कारागार सुरक्षामाथि फेरि प्रश्न मात्रै उठाएको छैन, सोच्न बाध्य बनाएको छ। किनभने पछिल्ला दुई महिनामा देशका विभिन्न कारागारमा झडप र कुटपिटका डरलाग्दा घटना भएका छन्। यी घटनाको गहिराइमा पुग्दा क्षमताभन्दा धेरै कैदीबन्दी राखिनु नै झडपको कारण मान्न सकिन्छ। २५ जना क्षमता रहेको संखुवासभा कारागारमा पनि झन्डै ६ गुणा बढी अर्थात् एक सय ३६ कैदीबन्दी राखिएका छन्।

यसअघि, चौकीदार मनोज लावतीको सरुवाको विषयलाई लिएर गत १९ साउनमा झापाको भद्रपुर कारागारभित्र दिनभर तनाव भयो। कैदीबन्दीले कारागारभित्र आगो बाले। बिछ्याइएका इँटा झिकेर प्रहरीलाई हाने। जेल र प्रहरी प्रशासनलाई कारागार प्रवेशमै रोक लगाए। अन्ततः जेल प्रशासन लावती सरुवाको निर्णयबाट पछि हट्यो। जेल प्रशासन निर्णयबाट पछि हट्न बाध्य भएको एउटै कारण थियो, कैदीबन्दीको ठूलो संख्या। थोरै मात्रै गडबड हुँदा उनीहरूले कारागार नै तोड्न सक्थे। अवस्था क्षणभरमै नियन्त्रणबाहिर जान सक्थ्यो। किनकि कारागारभित्र एक हजार पाँच सय कैदीबन्दी थिए। जब कि कारागारको क्षमता सात सय ५० को मात्रै हो।

त्यस्तै, कारागारभित्र मदिरा तथा लागुऔषध सेवन गरेको भिडियो सार्वजनिक भएको विषयलाई लिएर गत २२ जेठमा कैलालीस्थित कारागारमा कैदीबन्दीबीच 'ग्याङफाइट' चल्यो। केही कैदीबन्दी गम्भीर घाइते भए। स्थिति जेल प्रशासनको नियन्त्रणभन्दा बाहिर गएपछि प्रहरी प्रशासनले बल प्रयोग गऱ्यो। स्थितिलाई मुस्किलले नियन्त्रणमा लियो। यसको खास कारण क्षमताभन्दा कैदीबन्दी तीन गुणा बढी राखिनु नै थियो। दुई सय ५० जना क्षमता रहेको कारागारमा ६ सय ६९ कैदीबन्दी राखिएका छन्।

पर्वतको कुस्मास्थित कारागारमा पनि गत २१ साउनमा झडप भयो। घटनामा चौकीदार ज्ञानु पाइजा, आनन्द केसी, प्रेम तामाङ, लीला खर्बुजा, रत्न न्यौपाने, अमृत न्यौपाने र विक्रम सुवेदी घाइते भए। जसमध्ये केसी मरणासन्न हुने गरी कुटिए। चौकीदारको अत्याचारविरुद्ध दुई समूहबीच झडप भएको

» पृष्ठ ११ मा क्रमशः



कारागारभित्र कहिले कसको मृत्यु ?

मिति	मृत्यु
२४ साउन ०८०	आकाश बलामी र विनोद तोलांगी
१७ साउन ०७६	पूर्णबहादुर राजी
१७ माघ ०७३	राजुबाबु बानियाँ
१० पुस ०६९	श्री नेपाल
२५ पुस ०६९	नीरज देवकोटा
१ पुस ०६८	शिवप्रसाद पौडेल
१७ भदौ ०६७	विनोदकुमार पाठक
२० मंसिर ०६८	शिव पौडेल

संखुवासभा कारागारमा दुई कैदीबन्दीको रहस्यमय मृत्यु

अनुसन्धान गर्न गृहले बनायो पाँच सदस्यीय छानबिन समिति

संखुवासभास्थित कारागारमा कैद जीवन भुक्तान गरिरहेका नुवाकोट ककनी गाउँपालिका- ७ का आकाश बलामी र संखुवासभा मादी नगरपालिका- ५ का विनोद तोलांगी बुधबार बिहान १ बजे शौचालयको झ्याल काट्दै गरेको अवस्थामा फेला परे। जेल प्रशासनले दुवैलाई पत्राउ गऱ्यो। कारागारभित्रकै हिरासत कक्षमा नियन्त्रणमा राख्यो। बिहान उठ्दा दुवै मृत अवस्थामा फेला परे।

दुवैको कुटपिटका कारण मृत्यु भएको प्रारम्भिक अनुसन्धानमा देखिएको छ। तर, घटनामा संलग्न अभियुक्तबारे खुलिसकेको छैन। प्रशासनको सूचनालाई आधारमा मान्दा पनि कारागारभित्रकै कैदीबन्दीको कुटाइबाट उनीहरूको मृत्यु भएको हो। घटनामा संलग्न रहेको आशंकामा प्रहरीले सात कैदीबन्दीलाई अहिले हिरासतमा लिएर अनुसन्धान गरिरहेको छ।

घटना अनुसन्धान गर्न गृह मन्त्रालयले कारागार व्यवस्थापन विभागका निर्देशक कमलप्रसाद पाण्डेको संयोजकत्वमा पाँच सदस्यीय छानबिन समिति गठन गरेको छ। समितिमा नेपाल प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग र जिल्ला प्रशासन कार्यालय संखुवासभाका प्रतिनिधि रहेका छन्। 'संखुवासभास्थित कारागारमा दुई कैदीबन्दीको मृत्यु भएको छ। घटनाको छानबिन गर्न आवश्यक देखियो। मन्त्रालयले कारागार व्यवस्थापन विभागका निर्देशकको नेतृत्वमा छानबिन समिति गठन गरेको छ। समितिको छानबिनपछि घटनाको तथ्य खुल्ला,' गृहप्रवक्ता नारायणप्रसाद भट्टराईले भने।



चक्रपाणि पाण्डे, **महानिर्देशक कारागार व्यवस्थापन विभाग**

सीमित सुविधामा क्षमताभन्दा बढी कैदीबन्दी छन्, त्यहींबाट विवाद भएर झडपदेखि हत्यासम्म निम्तिन्छ

सहयोगको याचनासहित विश्वराज छटपटाइरहे, भिड फोटो खिच्दै रमिते बनिरहे

सडकै रगताम्मे हुने गरी रक्तस्राव भएका घाइतेको उद्धारको सट्टा प्रत्यक्षदर्शीहरू फोटो र भिडियो खिच्न व्यस्त, अस्पताल लैजान ढिलाइ हुँदा बाटोमै मृत्यु

दोलखाबाट **श्याम खतिवडा**

सिन्धुपाल्चोकको लिसंखुपाखर गाउँपालिका- ७ स्थित १६ किलोमा मंगलबार बस र मोटरसाइकल आपसमा ठोक्किँदा देखिएको हृदयविदारक तस्बिर यतिबेला सामाजिक सञ्जालमा भाइरल बनेको छ। बस र मोटरसाइकल ठोक्किएर गम्भीर घाइते भई खुट्टाबाट सडक नै रगताम्मे हुने गरी रक्तस्राव भइरहेका दोलखा बैतेश्वर गाउँपालिका- ७ का २३ वर्षीय विश्वराज श्रेष्ठ दुर्घटना भएकै सडकमा झन्डै आधा घन्टा दुई हात टेकेर रुँदै सहयोगको याचना गरिरहेका थिए। तर, घटनास्थलमा उभिएको भिडले उनको उद्धारमा चासो गरेन, उल्टै केही मानिस त्यो हृदयविदारक तस्बिर र भिडियो खिच्न लागिरहेको देखिन्छ।

रोजगारीका लागि फ्रान्स जाने कागजात बोकेर काठमाडौं हिंडेका छोराको मृत्युपछि अचेत छन् बाबुआमा



तस्बिर : सामाजिक सञ्जाल

■ प्रहरी भन्छ- दुर्घटनाको जानकारी नै ढिला आयो

इलाका प्रहरी कार्यालय बाह्रबिसेका प्रहरी निरीक्षक मुकेश न्यौपानेले दुर्घटनाको खबर नै प्रहरीलाई ढिलो आएको जानकारी दिए। 'हामीलाई खबर नै ढिलो गरी प्राप्त भयो, खबर पाएको पाँच मिनेट नपुग्दै प्रहरी घटनास्थल पुगेको छ,' उनले भने। प्रहरी पुग्नासाथ लिसंखुपाखर- ६ को एम्बुलेन्स मगाएर घाइतेलाई अस्पताल पठाइएको न्यौपानेको भनाइ छ। उनले प्रहरीले अधिकतम प्रयास गर्दा पनि घाइते श्रेष्ठको निधन भएकोमा आफूहरूलाई दुःख लागेको बताए।

बैतेश्वर गाउँपालिका- ७ का वडाध्यक्ष मीनकुमार सिवाकोटीले बसले ठक्कर दिएर मान्छे मर्दा पनि यातायात समितिले चासो नदिएको बताए। बसका चालकले सोही बस प्रयोग गरेर घाइतेलाई अस्पताल लगेको भए यो अवस्था नआउने उनको भनाइ छ। 'गाडीले किचेर मान्छे मर्दा पनि यातायात समिति बेखबर हुनु दुर्भाग्य हो। मृतकको परिवार यातायात समिति खोज्दै हिँड्नुपर्ने, सधैँ मान्छेहरू घाइतेको उद्धार गर्न छाडेर रमिता हेरिरहने, उल्टै फोटो-भिडियो खिचेर बस्दै गर्दा यो समाज कता जाँदै छ भन्नेमा गम्भीर समीक्षा गर्ने समय आएको छ,' सिवाकोटीले भने।

» पृष्ठ ११ मा क्रमशः

पाँच महिनामा १० हजारले लिए नि:शुल्क कानुनी सेवा



निःशुल्क कानुनी सेवा प्रवाह थप गर्ने विषयमा काठमाडौं महानगर र नेपाल ल क्याम्पसबीच बुधबार भएको सम्झौता।

काठमाडौं/ पाँच महिनामा काठमाडौं महानगरपालिकाले करिब १० हजार सेवाग्राहीलाई निःशुल्क कानुनी परामर्श सेवा दिएको छ। नेपाल ल क्याम्पससँगको सम्झौता गरेर 'इन्टर्न' विद्यार्थीबाट उक्त सेवा प्रवाह गरिएको हो।

महानगरले बुधबार ल क्याम्पससँगको उक्त सम्झौता पुनरावलोकन गरेको छ। १७ माघ ०७९ मा महानगरपालिकाले नेपाल ल क्याम्पसको स्नातक र स्नातकोत्तर तहका विद्यार्थीलाई 'इन्टर्न'का रूपमा परिचालन गर्नेसम्बन्धी सम्झौता गरेको थियो। विद्यार्थी छनोट र अभिमुखीकरणको प्रक्रिया सकेपछि चैत महिनाबाट निःशुल्क कानुनी सेवा सुरु भएको थियो। छानिएका ५० जना विद्यार्थीमध्ये सबैलाई तालिम दिइएको थियो भने ३२ जनालाई वडामा र दुईजनालाई केन्द्रमा खटाइएको थियो।

असार मसान्तमा सम्झौताको म्याद सकिएपछि पुनः सम्झौता नवीकरण गरिएको हो। सम्झौतामा महानगरकातर्फबाट प्रमुख प्रशासकीय अधिकृत वसन्त अधिकारीले र क्याम्पसका तर्फबाट क्याम्पस प्रमुख डा. दिनानाथ पराजुलीले हस्ताक्षर गरेका छन्।

सम्झौतामा सेवाग्राहीको आवश्यकताअनुसार सामान्य निवेदन, उजुरी निवेदन, फिरादपत्र, प्रतिउत्तरपत्र, लिखित जवाफको मस्यौदा गरिदिने, मौखिक उजुरी परामर्श दिने इन्टर्नमा आउने विद्यार्थीको मुख्य जिम्मेवारी हुनेछ। महानगरबाट प्रवाह हुने सेवा, त्यसको प्रक्रिया र कार्यविधिका विषयमा जानकारी दिने र आवश्यक सहजीकरणको काम गर्नुपर्नेछ। इन्टर्नमा आउने प्रतिविद्यार्थी र एकजना सम्पर्क अधिकारीका लागि महानगरपालिकाले मासिक १५ हजार रुपैयाँ उपलब्ध गराउनेछ।

फोहोर वर्गीकरण गर्ने आफ्नै निर्णय वर्ष दिनपछि मात्रै सम्झियो महानगरले

सहुलियतमा कम्पोस्ट बिन बिक्री, छुट्याएर फोहोर संकलन गर्न अझै समय लाग्ने

शान्ति तामाङ/नयाँ पत्रिका

काठमाडौं महानगरले एक वर्षअघि कुहिने र नकुहिने फोहोर वर्गीकरण गरे मात्रै संकलन गर्ने घोषणा गरेको थियो। गत वर्षको १ साउनदेखि नै यो घोषणा कार्यान्वयनको चरणमा लैजाने भनिए पनि महानगरले बिर्सिएको थियो। उक्त घोषणा कागजमै सीमित बनेको थियो।

यसैबीच, महानगरले गत आइतबार उक्त घोषणालाई सहयोग गर्ने भन्दै सहुलियमा कम्पोस्ट बिन वितरण गर्ने सूचना जारी गऱ्यो। चार हजार मूल्य पर्ने उक्त बिन १५ सयमै उपलब्ध गराउने गरी सूचना जारी गरेको छ। बिन वितरणलाई एक वर्षअघि नै घोषणा गरेको 'फोहोर वर्गीकरण अभियान'को थालनीका रूपमा लिएको छ।

महानगरअन्तर्गत वातावरण विभाग प्रमुख रविनमान श्रेष्ठका अनुसार एक वर्षअघि घोषणा भएको सोही अभियानलाई निरन्तरता दिने गरी १५ सयमै बिन उपलब्ध गराउन लागिएको हो। उनले भने, 'बिन वितरणपछि कुहिने फोहोर उपभोक्ताको घरबाटै छुट्टिएर बाहिर आउँछ। बिहान १० देखि ३ बजेसम्म वातावरण विभागमा सम्पर्क गरेर महानगरवासीले चाहिएजति बिन लैजान सक्छन्।'

बिनको मल वृक्षरोपणमा प्रयोग गर्ने

कम्पोस्ट बिन वितरणसँगै महानगरले सहरका प्रत्येक चोक र बसपार्कमा फोहोर छुट्याउने भाँडा (सेग्रिगेसन बिन) राख्ने भएको छ। थप बिन खरिदका लागि टेन्डरसमेत आह्वान गरेको छ। यसलाई पनि महानगरले अभियानकै रूपमा लिएको छ। भदौदेखि नै चोक र बसपार्कमा फोहोर छुट्याउने भाँडा राख्नेछ। 'फोहोर छुट्याउने अभियानका लागि माहोल बनाउन चोक र बसपार्कमा सेग्रिगेसन बिन राख्ने भएका छौं। जुन आगामी महिनादेखि नै लागू हुनेछ,' विभाग प्रमुख श्रेष्ठले भने। बिनमा जम्मा भएको कुहिने फोहोरलाई महानगरले टेकुस्थित ट्रान्सफर स्टेसनमा कम्पोस्ट मल बनाउनेछ। उक्त मललाई महानगरले विभिन्न ठाउँमा गरिएको वृक्षरोपणमा प्रयोग गर्नेछ।'



■ **रविनमान श्रेष्ठ**, प्रमुख
वातावरण विभाग, काठमाडौं महानगर



एक वर्षअघि घोषणा भएको अभियानलाई निरन्तरता दिने गरी १५ सय रुपैयाँमै कम्पोस्ट बिन उपलब्ध गराउन लागेका हौं। बिन वितरणपछि कुहिने फोहोर उपभोक्ताको घरबाटै छुट्टिएर बाहिर आउँछ। यस्तो फोहोरलाई मल बनाएर वृक्षरोपणका क्रममा प्रयोग गर्छौं। उपभोक्ताले बिहान १० देखि ३ बजेसम्म वातावरण विभागमा सम्पर्क गरेर बिन लैजान सक्छन्।

निर्णयबाट यसकारण पछि हट्यो महानगर

महानगरले वैशाख ०७९ मा जारी गरेको सूचनामा १ साउनदेखि महानगरवासीले स्रोतमै फोहोर वर्गीकरण गर्नुपर्ने उल्लेख थियो। वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन ०७७ र फोहोरमैला व्यवस्थापन ऐन ०६८ को हवाला दिँदै स्रोतमै फोहोर पृथकीकरण गर्न आग्रह गरेको थियो। घर वा कार्यालयमै फोहोर नछुट्याए वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन ०७७ र फोहोरमैला व्यवस्थापन ऐन ०६८ अनुसार कसुर मानी प्रत्येकपटक पाँच सय रुपैयाँ जरिवाना गर्ने जनाएको थियो। तर, सूचना जारी गरेर कडाइका साथ फोहोर छुट्याउन प्राथमिकता नदिँदा उक्त निर्णय अझै लागू हुन सकेको छैन। 'घरबाटै छुट्टिएको फोहोर उठाउन हामी आफैं पनि तयार हुनुपऱ्यो। वर्गीकरण गरिएको फोहोर राख्न हामीसँग संरचना पनि छैनन्। संरचना निर्माणका केही ठाउँमा हेरेका थियौं। तर, के गर्ने भन्ने विषयमा अझै निर्क्योल हुन सकेको छैन। केन्द्र सरकारलाई पनि भनेका छौं,' प्रमुख श्रेष्ठले भने।

महानगरले स्रोतमै फोहोर छुट्याउने सूचना जारी गरे पनि लागू नगर्दा फोहोरमैला व्यवस्थापन संघ नेपालले पनि मिश्रित फोहोर संकलन गरिरहेको छ। महानगरको सूचनापछि तीनवटा वडामा फोहोर वर्गीकरण गरेर उठाउन थालिएको थियो। तर, ती फोहोर राख्ने ठाउँ महानगरले उपलब्ध गराउन नसक्दा थप अन्य वडामा उक्त अभियान सञ्चालन भएन। संघका अनुसार महानगरका वडा नम्बर ४, ७ र १५ मा फोहोर छुट्याएर संकलन भइरहेको छ। संघले वडा नम्बर १, २, ३, ५, ६, ८, ९, १०, ११, १३, १४, १६, १७, २६, २८, २९, ३०, २२, ३१ र ३२ वडामा पनि फोहोर वर्गीकरणको तयारी गरे पनि उक्त योजना अगाडि बढ्न सकेको छैन। महानगरका अनुसार हाल बन्चरेडाँडा ल्यान्डफिल साइट र पोस्ट क्लोजिङको काम गर्नुपर्ने सिसडोलमै वर्गीकरण गरिएको फोहोर व्यवस्थापनका लागि गृहकार्य भइरहेको छ।

आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड ICFC

कर्जा चुक्ता गर्न तथा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सार्वजनिक सूचना

सूचना प्रकाशित मिति : २०८०/०४/२५

यस फाइनान्सको प्रधान कार्यालय भाटभटेनी, काठमाण्डौबाट तपशिलमा उल्लेखित ऋणीले लिएको ऋण कर्जा सम्झौताको शर्त तथा तालिका अनुसार बुझाउनु पर्ने कर्जाको बक्यौता रकम फाइनान्सले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट तरताकेता गर्दा एवं राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने कर्जाको सावाँ ब्याज रकम चुक्ता गर्ने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई फाइनान्ससँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेकोले धितो स्वरुप यस फाइनान्सको नाममा दृष्टिबन्धक लिखत पास गरी सुरक्षण राखिदिएको तपशिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्री गरी फाइनान्सको लेना रकम असूल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपशिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। साथै सुरक्षणमा रहेको चल-अचल सम्पत्ति लिलाम बिक्री गर्दा पनि फाइनान्सको सम्पूर्ण लेना असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली ऐन, २०५८ तथा सोको नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल-अचल सम्पत्तिहरुबाट धितोले नखामेको बक्यौता कर्जा रकम असूल उपरका लागि ऋण असूली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबै पक्षहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। यसै सूचनालाई आधार मानी ऋणी, धितो जमानत तथा व्यक्तिगत जमानी दिनुहुने व्यक्तिहरुले सो दिन अगावै फाइनान्समा उपस्थित भई सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य स्थगित गरिने व्यहोरा समेत जानकारी गराईन्छ। अन्यथा, नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा सम्बन्धित सबै पक्षहरुलाई कालोसूचीमा सूचीकृत गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपशिल

१. ऋणीको विवरण	व्यक्तिगत जमानी दिनेहरुको विवरण
नाम : जनक बस्नेत बुबा : लेख बहादुर बस्नेत बाजे : जय बहादुर बस्नेत ना.प्र.नं. : २८-०१-०६५-०३१०७ मिती : २०६५/०५/३१, जि.प्र.का. ललितपुर। ठेगाना : गिम्दी वडा नं.६, ललितपुर नेपाल। हाल : कागेश्वरी मनोहरा न.पा. वडा नं. ९, गोठाटार, काठमाण्डौं।	**क. नाम : मिरा अधिकारी बस्नेत** बाबु : बद्रि प्रसाद अधिकारी पति : लेख बहादुर बस्नेत ससुरा : जय बहादुर बस्नेत ना.प्र.नं. : ३७११८ मिती : २०४५/०८/०८, जि.प्र.का. ललितपुर। ठेगाना : गिम्दी वडा नं.६, ललितपुर नेपाल। हाल : कागेश्वरी मनोहरा न.पा. वडा नं. ९, गोठाटार, काठमाण्डौं।
ख. नाम : लेख बहादुर बस्नेत बुबा : जय बहादुर बस्नेत बाजे : दल बहादुर बस्नेत ना.प्र.नं. : ५३०३ मिती :२०४१/१०/११, जि.प्र.का. ललितपुर। ठेगाना : बागमती वडा नं.७, ललितपुर नेपाल। हाल : कागेश्वरी मनोहरा न.पा. वडा नं. ९, गोठाटार, काठमाण्डौं।	**ग. नाम : दीपा रिजाल** बाबु : जम्म मान रिजाल पति : जनक बस्नेत ससुरा : लेख बहादुर बस्नेत ना.प्र.नं. : ३००१-०६८-१६९३० मिती : २०६८/०१/२५, जि.प्र.का. काभ्रेपलाञ्चोक। ठेगाना : भुम्लुटार वडा नं.३, काभ्रेपलाञ्चोक नेपाल। हाल : कागेश्वरी मनोहरा न.पा. वडा नं. ९, गोठाटार, काठमाण्डौं।

धितो सुरक्षणको विवरण

मालपोत कार्यालय चावहिल, काठमाण्डौंमा मिरा अधिकारीको नाममा दर्ता कायम रहेको गोठाटार वडा नं. ९, नक्सा सिट नं. १०२११०९०२, कित्ता नं. २१९ को क्षेत्रफल ९५.३९ व.मि को घर-जग्गा तथा निर्माणहरु, लिगलगापात समेत.....।

लिलाम बिक्री सम्बन्धी शर्तहरु:

(१) बोलपत्र फारम फाइनान्सको प्रधान कार्यालय, भाटभटेनी, काठमाडौं तथा फाइनान्सको सबै शाखा कार्यालयहरुबाट रु. १,०००।- तिरी प्राप्त गर्न सकिने छ।

(२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात् मिति २०८०/०५/०७ गते भित्र फाइनान्सको प्रधान कार्यालय, भाटभटेनी काठमाडौं वा सबै शाखा कार्यालय मध्ये कुनै एकमा प्राप्त भैसक्नुपर्नेछ र प्राप्त बोलपत्रहरु मिति २०८०/०५/१० गते दिनको ३:०० बजे फाइनान्सको प्रधान कार्यालय भाटभटेनी, काठमाण्डौमा बोलपत्रदाता वा निजको प्रतिनिधि र अन्य प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ तर बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन।

(३) बोलपत्र बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदाको लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा बिदाको लगत्तै कार्यालय खुलेको दिन उल्लेखित समयमा नै बोलपत्र खोलिनेछ।

(४) उल्लेखित चल-अचल सम्पत्ति जहाँ जे/जस्तो अवस्थामा छ, सोही अवस्थामा खरिद गरी लिने गरी बोलपत्र पेश गर्नुपर्नेछ। बोलपत्रदाताले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन।

(५) बोलपत्रमा आफुले सकार गरी लिन चाहेको चल-अचल सम्पत्ति के/कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ। अंक र अक्षरले लेखेको फरक भएमा अक्षरले लेखेकोलाई मान्यता दिइने छ। केरमेट भएको ठाउँमा दस्तखत गर्नुपर्नेछ र धेरै नै केरमेट भै कबुल गरेको मुल्य रकम नबुझिने गरी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन। आफूले कबूल गरेको रकमको कम्तीमा १०% ले हुन आउने रकम फाइनान्सको Tender Deposit Margin खाता नम्बर 9264013851014 मा धरौटी वापत नगदै जम्मा गरी सोको नगदी रसिद वा यस फाइनान्सको नाममा खिचिएको चेक वा ड्राफ्ट/पेमेन्ट अर्डर बोलपत्र साथ संलग्न गर्नुपर्नेछ। धरौटी वापत जम्मा गरिएको रकमको ब्याज दिईने छैन।

(६) नेपाल सरकारको आर्थिक नियम तथा प्रचलित कानून बमोजिम खरिद गरि लिन चाहेको सम्पत्तिको नामसारी/दाखिल खारेज गर्दा लाग्ने कर, शुल्क, दै-दस्तुर लगायत सम्पूर्ण खर्चहरु बोलपत्रदाता स्वयंले नै व्यहोर्नु पर्नेछ।

(७) बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सोको जानकारी भएको मितिले ७ (सात) दिन वा फाइनान्सले तोकेको समयावधिभित्र कबोल गरेको सम्पूर्ण रकममा धरौटी राखेको रकम घटाई बाँकी रकम जम्मा गर्नुपर्नेछ। उक्त समयभित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखेको जमानत रकम फाइनान्सले जफत गर्न सक्नेछ।

(८) रितपूर्वक पेश नभएको बोलपत्रहरु लिलाम बढाबढ प्रकृयामा समावेश गरिने छैन। बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा नेगोसिएशन गर्ने सम्पूर्ण अधिकार फाइनान्समा सुरक्षित रहनेछ।

(९) लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहनु हुने महानुभावले प्रधान कार्यालय भाटभटेनी, काठमाण्डौमा सम्पर्क राख्न सक्नु हुनेछ।

(१०) लिलाम बिक्री हुने भनिएको उल्लेखित चल-अचल सम्पत्ति कसैले सकार नगरेमा, वा शिलबन्दी बोलपत्रमा उल्लेखित रकम फाइनान्सलाई चित्त बुझ्दो नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, प्रचलित ऐन, कानून तथा फाइनान्सको नीति नियम अनुसार उक्त सम्पत्तिहरु बिक्री गर्न वा यस फाइनान्सले आफै सकार गरी सोको स्वामित्व लिन वा अन्य कुनै व्यवस्था गर्न सक्नेछ।

आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड
१४२५ थिरबम सडक, भाटभटेनी, काठमाडौं, फोन नं. ४५२५२९२
www.icfc.com.np

कुमारी बैंक लिमिटेड शाखा कार्यालय कुपण्डोल, ललितपुरको धितोमा रहेको सम्पति पुनःलिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८०/०४/२५ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साविक एन.सी.सी. बैंक लि.) शाखा कार्यालय कुपण्डोल, ललितपुरबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्नु बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० साउन ३२ गते बिहीबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय कुपण्डोल, ललितपुरमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन इच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीहरुको विवरण:

१. नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विकास समितिमा प्रा.फ.नं.घ.उ.वि. अन्तर्गत मिति २०६०/०४/०६ मा प्रा.फ.नं.घ.उ.वि. नं.१००१/०६०/६१ मा दर्ता भई करदाता सेवा कार्यालय भक्तपुरबाट मिति २०६९/१२/१६ मा स्थायी लेखानम्बर (पान) दर्ता प्रमाणपत्र न. ६०१०८३६४४ को प्रमाणपत्र प्राप्त चौतारा वडा नं. ५, सिन्धुपाल्चोकमा रजिष्टर्ड कार्यालय रहेको **ज्वाला निर्माण सेवा फर्म** (प्रोप्राईटर सेतेलाल श्रेष्ठको नाती, काली दाश श्रेष्ठको छोरा, मधुमाया के.सी.को पति, कुविन्डे वडा नं. २, सिन्धुपाल्चोक स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला, धापाखेल गा.वि.स. वडा नं १ वस्ने **कमल प्रसाद श्रेष्ठ**, ना.प्र.नं. २४१०४६/१५३९, जारी मिति २०६४/०२/१०, जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोक)।

२. सेतेलाल श्रेष्ठको नाती, काली दाश श्रेष्ठको छोरा, मधुमाया के.सी.को पति, कुविन्डे वडा नं. २, सिन्धुपाल्चोक स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला, धापाखेल गा.वि.स. वडा नं १ वस्ने **कमल प्रसाद श्रेष्ठ** (ना.प्र.नं. २४१०४६/१५३९, जारी मिति २०६४/०२/१०, जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोक)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. काली दाश श्रेष्ठको बुहारी, बल बहादुर खडकाको छोरी, कमल प्रसाद श्रेष्ठको पत्नी, ढाकावाड वडा नं. ७, अघांखाँची स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला, धापाखेल गा.वि.स. वडा नं १ वस्ने **मधुमाया के.सी. (थापा)** (ना.प्र.न ६०७९/४०३०१८/७४९, जारी मिति २०६३/१०/१६, जिल्ला प्रशासन कार्यालय, अघांखाँची)।

२. सेतेलाल श्रेष्ठको नाती, काली दाश श्रेष्ठको छोरा, मधुमाया के.सी.को पति, कुविन्डे वडा नं. २, सिन्धुपाल्चोक स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला, धापाखेल गा.वि.स. वडा नं १ वस्ने **कमल प्रसाद श्रेष्ठ** (ना.प्र.नं. २४१०४६/१५३९, जारी मिति २०६४/०२/१०, जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोक)।

लिलाम हुने सम्पत्तिको विवरण:

१. **कमल प्रसाद श्रेष्ठ**को नाममा मालपोतका ललितपुरमा दर्ता कायम भएको ललितपुर जिल्ला धापाखेल गा.वि.स. वडा नं १ स्थित कि.न. ४९०३, ४९०५ र ४९०९ को क्षेत्रफल ०-२-३-१, ०-०-२-२ र ०-१-०-३ (रोपनी) घर जग्गा आदि सम्पूर्ण लिगलगापत समेत।

२. धनी कुमारी बैंक लि. (साविक एन.सी.सी. बैंक लि.) र ऋणी **ज्वाला निर्माण सेवा फर्म** कायम भई यातायात व्यवस्था कार्यालय, बागमती प्रदेश एकान्तकुना, ललितपुरमा दर्ता रहेको इन्जिन नं. DHKCEBACHG0018880, च्यासीस नं. DB58TIS63067EN, सवारी नं. Ba 2 Ka 4884 को DOOSAN DX225LCA Hydraulic Excavator थान १।

३. धनी कुमारी बैंक लि. (साविक एन.सी.सी. बैंक लि.) र ऋणी **ज्वाला निर्माण सेवा फर्म** कायम भई यातायात व्यवस्था कार्यालय, बागमती प्रदेश एकान्तकुना, ललितपुरमा दर्ता रहेको इन्जिन नं. 71K-84420238, च्यासीस नं. SY013C1N1704200003BS, सवारी नं. Ba 2 Ka 8702 को SANY Excavator SY220C-9 थान १।

४. धनी कुमारी बैंक लि. (साविक एन.सी.सी. बैंक लि.) र ऋणी **ज्वाला निर्माण सेवा फर्म** कायम भई यातायात व्यवस्था कार्यालय, बागमती प्रदेश एकान्तकुना, ललितपुरमा दर्ता रहेको इन्जिन नं. 71K-84420241, च्यासीस नं. SY021C1N1709090004BS, सवारी नं. Ba 2 Ka 8703 को SANY Excavator SY220C-9 थान १।

५. धनी कुमारी बैंक लि. (साविक एन.सी.सी. बैंक लि.) र ऋणी **ज्वाला निर्माण सेवा फर्म** कायम भई यातायात व्यवस्था कार्यालय, बागमती प्रदेश एकान्तकुना, ललितपुरमा दर्ता रहेको इन्जिन नं. 71K-84421244, च्यासीस नं. SY021CCN1708200009BS, सवारी नं. Ba 2 Ka 8704 को SANY Excavator SY220C-9 थान १।

६. धनी कुमारी बैंक लि. (साविक एन.सी.सी. बैंक लि.) र ऋणी **ज्वाला निर्माण सेवा फर्म** कायम भई यातायात व्यवस्था कार्यालय, बागमती प्रदेश एकान्तकुना, ललितपुरमा दर्ता रहेको इन्जिन नं. 71K-84420238, च्यासीस नं. SY021CGAD1708140006A, सवारी नं. Ba 2 Ka 8705 को SANY Excavator SY140C-9 थान १।

७. धनी कुमारी बैंक लि. (साविक एन.सी.सी. बैंक लि.) र ऋणी **ज्वाला निर्माण सेवा फर्म** कायम भई यातायात व्यवस्था कार्यालय, बागमती प्रदेश एकान्तकुना, ललितपुरमा दर्ता रहेको इन्जिन नं. 81B-84450268, च्यासीस नं. SY021CLN1711300009BS, सवारी नं. Ba 3 Ka 566 को SANY Excavator SY210C-9 थान १।

८. धनी कुमारी बैंक लि. (साविक एन.सी.सी. बैंक लि.) र ऋणी **ज्वाला निर्माण सेवा फर्म** कायम भई यातायात व्यवस्था कार्यालय, बागमती प्रदेश एकान्तकुना, ललितपुरमा दर्ता रहेको इन्जिन नं. 4h.2739/1720076, च्यासीस नं. Q401D00889, सवारी नं. Ba 2 Ka 6149 को Hyundai Hydraulic Excavator थान १।

९. धनी कुमारी बैंक लि. (साविक एन.सी.सी. बैंक लि.) र ऋणी **ज्वाला निर्माण सेवा फर्म** कायम भई यातायात व्यवस्था कार्यालय, बागमती प्रदेश एकान्तकुना, ललितपुरमा दर्ता रहेको इन्जिन नं. 22295559, च्यासीस नं. N636D00526, सवारी नं. Ba 3 Ka 2684 को Hyundai Hydraulic Excavator थान १।

शर्तबन्देजहरु

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ (सातौं) दिन अर्थात २०८० साउन ३१ गते** भित्र बैंकको शाखा कार्यालय कुपण्डोल, ललितपुरमा कार्यालय समय भित्र प्राप्त भईसक्नु पर्नेछ।

२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय कुपण्डोल, ललितपुरबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गा/गाडीको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।

३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमको धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।

४. यो सूचना प्रकाशित भएको **मितिले ८ (आठौं) दिन अर्थात २०८० साउन ३२ गते** ३:०० बजे देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा शाखा कार्यालय कुपण्डोल, ललितपुरमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।

५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिनमा बोलपत्र खोलिनेछ।

६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखीदिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदातालै सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ।

८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।

९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय कुपण्डोल, ललितपुरमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।

१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।

११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।

१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।

१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० साउन ३२ गते बिहीबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय कुपण्डोल, ललितपुर फोन नं. ०१-५४३०५०१

बुधबार उपत्यकामा

भोटाहिटी : अनलाइनमार्फत यौनहिंसा गरेको अभियोगमा प्रहरीले सिन्धुपाल्चोक इन्द्रावती गापा- ९ का १९ वर्षीय समीर तामाङ र सुरेश तामाङलाई पक्राउ गरेको छ। प्रहरीका अनुसार उनीहरूले नाबालिकासँग मायाप्रेमको बहानामा अडियो र भिडियो कलमार्फत हैरानी दिँदै आएका थिए। समाजिक सञ्जालमा प्रोफाइल ब्लक गर्दासमेत उनीहरूको हैरानी रोकिएको थिएन। यसक्रममा उनीहरूले अपरिचित व्यक्तिको अश्लील फोटो र भिडियोमा बालिकाको अनुहार जोडेर हैरानी दिएका थिए। साइबर ब्युरोबाट खटिएको प्रहरीले उनीहरूलाई सिन्धुपाल्चोकबाटै पक्राउ गरेको हो।

कपन : काठमाडौं महानगरपालिका- ६ कपन सरस्वतीनगर बस्ने दीपक बानियाँको घरको छतमा जुवातास खेलिरहेका ५२ वर्षीय अरुण घिमिरेसहित सातजनालाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी प्रभाग कपनबाट खटिएको प्रहरीले उनीहरूलाई ३२ हजार रुपैयाँ

■ सदनमा रास्वपाको फरक अभ्यास

अवरोधको विरोध गर्दै संसद्‌बाहिरैबाट सुनायो जनजीविकाका सवाल



■ **रवि लामिछाने**, सभापति, रास्वपा

संसद्‌भित्र आफ्ना कुरा राख्न नपाएकाले रास्वपा आमनागरिक र संसद् भवनलाई साक्षी राखेर बाहिरैबाट सभामुखलाई आफ्ना कुरा राख्न चाहन्छ।

कमलराज भट्ट/नयाँ पत्रिका

प्रतिनिधिसभाको चौथो दल राष्ट्रिय स्वतन्त्र पार्टीले सदनमा जारी अवरोधको विरोध गर्दै संसद् भवनमै जनजीविकाका सवालमा सरकारको ध्यानाकर्षण गराएको छ। करिब एक क्विन्टल सुन तस्करी प्रकरणमा उच्चस्तरीय छानबिन समितिको माग राख्दै प्रमुख प्रतिपक्षी एमालेले १० साउनदेखि सदनमा निरन्तर अवरोध गरिरहेका वेला रास्वपाले त्यसको विरोध गर्दै फरक शैलीबाट समसामयिक विषयमा आफ्ना कुरा राखेको हो।

एमाले अवरोधले बुधबार बसेको बैठक बेल घेराउ र नाराबाजीसहित ११ मिनेटमै स्थगित भएपछि रास्वपाका २१ जना सांसद एकसाथ बैठक कक्षबाट बाहिरिएका थिए। संसद् भवन परिसरभित्र बैठक कक्ष छिर्ने गेटमा आफ्ना सबै सांसदसहित आएर सभापति एवं संसदीय दलका नेता रवि लामिछानेले सञ्चारकर्मीमाझ भने, 'संसद् भित्र आफ्ना कुरा राख्न नपाएकाले रास्वपा आमनागरिक र संसद् भवनलाई साक्षी राखेर बाहिरैबाट सभामुखलाई आफ्ना कुरा राख्न चाहन्छ।'

सभामुखलाई सम्बोधन गर्दै लामिछानेले उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले क्विन्टल सुन तस्करी प्रकरणमा दिएको जवाफमा केही प्रश्न र केही समर्थन राखे। ३५ दिन सिआइबीको अनुसन्धानलाई पर्खिने मन्त्री श्रेष्ठको आग्रहलाई उनले उपयुक्त भएको बताए। तर, राजस्व अनुसन्धान विभागबाट कुन कानुनमा टेकेर यो घटनाको जिम्मा सिआइबीलाई दिएको हो भनेर प्रश्न राखे। 'सिआइबीलाई ३५ दिन दिने कुरामा सन्देह रहेन। गृहमन्त्रीलाई ३५ दिन दिउँ। तर, कुन कानुनमा टेकेर दिएको हो स्पष्ट पार्नुपर्‍यो,' उनले भने।

एमालेको अवरोध कायमै



प्रमुख प्रतिपक्षी एमालेले उच्चस्तरीय छानबिन समितिको अडान राख्दै बुधबार पनि दुवै सदनमा अवरोध गरेको छ। एमाले सांसदले प्रतिनिधिसभामा बेल घेराउ र नाराबाजी गरे भने राष्ट्रिय सभामा उठेर विरोध जनाए। दुवै सदन शुक्रबारसम्मका लागि स्थगित भएका छन्। प्रतिनिधिसभामा अवरोध भएपछि सत्तापक्षका सांसदले उठेर प्रतिवादसमेत गरेका थिए। एमाले सांसद सूर्य थापाले तथ्यलाई ढाकछोप गर्ने गरी गृहमन्त्रीको जवाफ आएकाले अवरोध गर्न बाध्य भएको बताए।

सभामुख देवराज घिमिरेले अहिले देशमा बाढीपहिरोले आक्रान्त भएको र विभिन्न घटना भइरहेको भन्दै जनताको प्रतिनिधिको नाताले यसको महत्त्वलाई ध्यानमा राखेर आफ्नो धारणा राखेर नियमित कारबाहीलाई अगाडि बढाउन अनुरोध गरेका थिए। जनताका समस्या राख्ने कार्यसूचीमा साथ दिन उनको आग्रह थियो। तर, एमालेले बेल घेराउ गरेर नाराबाजी गरेपछि बैठक स्थगित भयो। एमाले प्रमुख सचेतक महेश बर्तौलाले प्रतिपक्षी सांसदले बोल्ने अनुमति पाउँदा सत्तापक्षले अवरोध गरेर दादागिरी देखाएको टिप्पणी गरे। 'सत्तापक्ष सदन चलाउन चाहँदैन, द्वन्द्व चाहन्छ। संसद्‌मा द्वन्द्व मच्चाउने गरी प्रतिपक्षीको बोल्ने अधिकार कुण्ठित भयो। हामीलाई बेलमा जान बाध्य बनायो,' उनले भने।

पटक-पटक भइरहेको सुन तस्करीमा उच्च तहको संलग्नता रहेको कुरा कतै नलुकेको भन्दै लामिछानेले अनुसन्धान भइरहँदा पनि उनीहरूलाई जिम्मेवारीबाट नहटाइँदा शंका गर्नुपर्ने अवस्था आएको बताए। 'अनुसन्धान भइरहँदा अर्थ मन्त्रालयको सचिव होस् वा प्रहरी प्रमुख नै किन नहोस्, उहाँहरूको संलग्नता, ग्रिन सिग्नल वा संरक्षण छ कि छैन भन्ने कुरा त शंकाको विषय भयो। उहाँहरू बहाल रहिरहँदा, भन्सारका केही मान्छे हटाएर मात्र अनुसन्धानमा कति न्याय होला, जायज होला ?' उनले प्रश्न गरे।

माथिसम्म सहमति नभईकन सियो पनि नपस्ने ठाउँमा क्विन्टल सुन ल्याउन सम्भव नहुने भन्दै लामिछानेले उक्त गिरोहमा अहिले प्रमुख पदमा बहाल रहेकाको कुनै न कुनै हिसाबले सम्पर्क हुन सक्ने जिकिर गरे। 'सिआइबीमा जाने कुरामा फेरि पनि शंका गर्दिनँ। तर, सिआइबीलाई कसले हेड गर्छ ? यिनै मानिसहरू अझै पनि ती निकायका प्रमुख भइरहँदा अनुसन्धानलाई प्रभावित पार्छ कि पार्दैन ? ती मानिसलाई सेटै निलम्बन गर्ने कि नगर्ने ? सम्पूर्ण सेट भन्सार, अर्थ मन्त्रालयको सिंगो सेट, अर्थसचिवदेखि र प्रहरी प्रमुखदेखि सिंगो सेटलाई निलम्बन वा अहिले अस्थायी रूपमा त्यहाँ संलग्न हुन नपाउने गरी व्यवस्था नगरी सिआइबीले विनाप्रभाव यो काम गर्न सक्ला र ?' उनले मन्त्री श्रेष्ठलाई प्रश्न गरे।

सांसद सुमना श्रेष्ठले तामाङ समुदायको विषय राखिन्। एउटा समुदायलाई जथाभावी टिप्पणी गरेर विभेद गरिएको र यसको अन्त्य जनतालाई जुधाएर वा दमन गरेर नहुने बताइन्। विभेद फैलाउने मिडियाको नियमनका लागि सञ्चारमन्त्रीको उनले ध्यानाकर्षण गराइन्। 'प्रहरी दमन बन्द गर्नुपर्‍यो, हुलदंगा नियन्त्रण गर्ने विशेष तालिम दिनुपर्‍यो। कुटपिट रोक्न अर्को कुटपिट गर्ने होइन। हिरासतमा लगेर महिलाको गुप्तांगमा लठी बजार्ने होइन। त्यसमा अनुशासनको कारबाही हुन्छ कि हुँदैन ?' उनले गृहमन्त्री श्रेष्ठलाई सोधिन्। सांसद श्रेष्ठले निहित राजनीतिक लाभका लागि समाजलाई विभाजन गर्ने गतिविधि नगर्न दलहरूको ध्यानाकर्षणसमेत गराइन्। 'जनता भोट बैंक मात्र होइन, भोटका लागि हुँदै नभएको कुरा गरेर विभाजित गर्ने अब चल्दैन। समाजलाई जोड्नुपर्‍यो, संवेदनशील हुनुपर्‍यो। छिमेकी देशको परिवेश ख्याल गरौं। सामाजिक आक्रोश कम गर्नुपर्छ। यसलाई राजनीतिक अवसरका रूपमा कुनै जातजातिलाई प्रयोग गर्नुहुँदैन। समाजलाई डोर्‍याउने जिम्मेवारी राजनीतिकर्मीको हो,' उनले भनिन्।

रास्वपाका प्रमुख सचेतक सन्तोष परियारले बाढीपहिरो र लम्पी स्किन महामारीको विषय उठाए। मुलुकका आकस्मिक समस्यामा सिंगो सदन एकताबद्ध भएर जानुपर्नेमा निश्चित स्वार्थमा दलहरू केन्द्रित रहेको उनले टिप्पणी गरे। 'अहिले बाढीपहिरोले जनता हराएका छन्। कतिको शव भेटिएको छैन। लम्पी स्किन महामारीले कृषकहरू क्षतविक्षत छन्। यस्तो अवस्थामा राजनीतिक पार्टीका निश्चित स्वार्थले सदन चलेन। हाम्रो घोर विमति छ,' उनले भने।

नेपाली राजनीतिमा लामो रजाइँ र शासन गर्ने सत्तासीनहरूको जडताका कारण सदन चल्न नसकेकोमा दुःख व्यक्त गर्दै परियारले रास्वपालाई निषेध गर्ने दलहरूले इतिहासमा राम्रै मूल्य चुकाउनुपर्ने चेतावनी दिए। 'हामीले हाम्रो कुरा राख्न पाएनौं। त्यसकारण यो संसद्‌अगाडि सभामुखलाई सम्बोधन गर्दै हामी हाम्रो कुरा राख्न आएका छौं,' उनले भने, 'जनताको घर नै हाम्रो संसद् हो। हामी हाम्रो कुरा त्यहाँ उठाउन चाहन्छौं। तसर्थ हामीले संसद्‌मा प्रस्तुत गर्ने मुद्दाहरू यहाँ प्रस्तुत गरेका छौं।' दलहरूको स्वार्थमा जनताको सार्वभौम थलोलाई बन्दी बनाइराख्ने स्थिति रास्वपालाई कदापि स्वीकार्य नभएको भन्दै परियारले राजनीतिक पार्टीको यो रबैयाले व्यवस्थामाथि खतरा पैदा गर्ने उनको भनाइ थियो।

पहिचान पक्षधरले बहुमत पाए प्रदेशको नाम संशोधन हुन्छ : प्रधानमन्त्री



काठमाडौं/ प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले ०८४ को निर्वाचनमा पहिचान पक्षधरलाई बहुमत दिए प्रदेशका नाम संशोधन गर्ने बताएका छन्। २९औं आदिवासी दिवसका अवसरमा राजधानीमा बुधबार आयोजित कार्यक्रममा प्रचण्डले विकसित घटनाक्रमले सबैमा नयाँ चेतना पैदा गरेको बताउँदै पहिचानवादीले बहुमत ल्याए पहिचानका आधारमा नामकरण गर्न सकिने बताएका हुन्।

'०८४ मा पहिचान पक्षधरलाई टन्न मत हालिदिनुभयो भने सदनैबाट त्यही पारित हुन्छ। मलाई विश्वास छ, अहिलेको घटनाक्रमले एउटा नयाँ चेतना हामी सबैमा पैदा भएको छ। त्यो चेतनाको बलमा पहिचानसहितका प्रदेशको नामकरण गर्न सकिनेछ। त्यसका निम्ति पनि गम्भीर रूपमा विचार गर्न तपाईंहरूसँग अपिल गर्न चाहन्छु,' उनले भने।

पहिचान पक्षधरहरूको सदनमा बहुमत नभएकाले पहिचानका आधारमा नामकरण गर्न नसकिएको प्रचण्डले बताए। उनले पहिचान, समावेशी र समानुपातिकताको आन्दोलनको नेतृत्व गरेको र प्रदेशको नामकरण गर्दा पहिचान भल्कियोस् भन्ने आवाजको संवेदनशीलता बुझेको पनि बताए। पहिचानवादीहरूको आन्दोलनका क्रममा सहादत प्राप्त गर्नेलाई सहिदको घोषणा र क्षतिपूर्तिको पनि निर्णय आफैंले गराएको उनले स्मरण गरे।

कुनै पनि जाति, भाषामाथि अपमानित गर्ने शब्द प्रयोग गर्नु बिल्कुल सहन सक्ने कुरा नभएको प्रधानमन्त्री प्रचण्डको भनाइ थियो। उनले अधिवक्ता भगवती पाण्डेको अभिव्यक्तिबारे सरकार गम्भीर रहेको पनि बताए। त्यसको विरोधमा आन्दोलनमा उत्रिएकामाथि प्रहरीले ज्यादती गरेको ठहर गरेको प्रचण्डको भनाइ थियो। दोषीमाथि कारबाही प्रक्रिया अगाडि बढिसकेको उनले जानकारी दिए।

आदिवासी जनजाति समुदायको पहलमा कानुन बनाउने, स्रोत-साधन एवं जनशक्तिले आयोग शक्तिशाली बनाउने, संविधानले व्यवस्था गरेको आदिवासी जनजातिको अधिकारलाई कार्यान्वयन गर्दै लैजाने, स्वायत्त, संरक्षित र विशेष क्षेत्रलाई कानुन बनाएर छिट्टै लागू गराउने, संघीयताको दृढ कार्यान्वयनका साथै थप अधिकारका निम्ति प्रयत्नशील रहने कार्यभार रहेको प्रचण्डले औंल्याए। आदिवासी दिवसले प्राप्त अधिकारको संरक्षण र सुदृढीकरण गर्दै थप अधिकार प्राप्तिको आन्दोलनलाई व्यवस्थित तुल्याउन, राष्ट्रिय स्वाधीनता र एकतालाई सुदृढ गर्न एवं संविधानको परिकल्पनाअनुरूप समाजवादको आधार तयार पार्न महत्त्वपूर्ण प्रेरणा मिल्ने विश्वास लिएको उनले बताए।

परराष्ट्रले अघि बढायो युएईका तत्कालीन राजदूत ढकालमाथि कारबाही प्रक्रिया

मुना कुँवर/नयाँ पत्रिका



कृष्णप्रसाद ढकाल,
युएईका लागि तत्कालीन राजदूत

कार्यसम्पादनमा भएका कमजोरी उजागर गर्ने सञ्चारकर्मीलाई मुद्दा लगाएर जेल पठाउने युएईका लागि तत्कालीन राजदूत कृष्णप्रसाद ढकाल (हाल परराष्ट्र मन्त्रालयका सहसचिव) विरुद्ध सरकारले कारबाही अगाडि बढाएको छ। ढकाललाई कारबाहीका लागि पेस भएको निवेदनमा परराष्ट्रमन्त्री एनपी साउदले तोक आदेश दिएका छन्।

श्रमिकको हकहितमा लेख्ने र दूतावासको नेतृत्वबाट भएका लापरबाहीको विषयमा अलोचनात्मक प्रश्न उठाउने पत्रकार महासंघ युएई शाखाका सदस्य उमाकान्त पाण्डेविरुद्ध तत्कालीन राजदूत ढकालले उजुरी दिएर जेल हालेका थिए। यो विषय बाहिर आएपछि ढकालले उजुरी फिर्ता लिएर पाण्डे कारागारमुक्त भएका छन्। तर, उनको रोजगारी गुमेको छ भने लाखौं खर्च भएको छ। ढकालमाथि कारबाही तथा न्यायको माग गर्दै पाण्डेले प्रधानमन्त्री कार्यालयमा निवेदन दिएका थिए। प्रधानमन्त्री कार्यालयले निवेदनअनुसार कारबाही प्रक्रिया अगाडि बढाउन परराष्ट्रमा पठाएको थियो।

परराष्ट्र मन्त्रालयका सहसचिव शरदराज आरणले प्रधानमन्त्री कार्यालयबाट आएको निवेदनमाथि कारबाही प्रक्रिया अघि बढेको जानकारी दिए। 'मन्त्रीज्यूबाट कारबाहीसम्बन्धी निवेदनमा प्रशासनमा आइपुगेको छ,' उनले भने, 'अगाडिको कारबाही सचिवज्यूको मार्गनिर्देशनमा अगाडि बढ्छ।' ढकालमाथि कस्तो कारबाही हुने भन्ने टुंगो सचिवस्तरबाटै हुने उनले बताए। यो प्रकरणमा अब परराष्ट्रसचिव भरतराज पौड्यालले निर्णय लिनेछन्।

२०१८ जुलाईदेखि चार वर्षका लागि युएईमा राजदूत रहेका ढकाल हाल मन्त्रालयमा कार्यरत छन्। देशको प्रतिनिधित्व गरेर नेपालीको हकहित र संरक्षण गर्ने राजदुतको जिम्मेवारीमा छँदा उनले नेपाली श्रमिकलाई उल्टै दुःख दिएको, रोजगारदाता कम्पनीसँग कमिसनको खेलमा लागेको, श्रमिकको गुनासो सुनुवाइ नगरेको विषय बाहिर आएका थिए। युएईमा टिकटक बनाउने श्रमिकदेखि सामाजिक सञ्जालमा स्टाटस राख्ने पत्रकारसम्मलाई समेत उनले जेल पठाएका थिए।

गुल्मीका उमाकान्त पाण्डे १७ वर्षअघि वैदेशिक रोजगारीका लागि युएई पुगेका थिए। रोजगारीको साथमा उनले काठमाडौंस्थित रेडियो उज्यालोका लागि युएईबाट रिपोर्टिङ पनि गर्थे। सन् २०२२ मा बुबाको मृत्यु भएका वेला उनी १३ दिने कर्म पूरा गर्न नेपाल आएका थिए। सोही अवधिमा उनले भिजिट भिसामा युएई पुगेका युवा अलपत्र परे भन्ने समाचार सुने। बुबाको १३ दिने कर्ममा रहेका पाण्डेले सामाजिक सञ्जालमा सोही विषयमा टिप्पणी गरेका थिए।

बुबाको काम सकेर युएई पुगेपछि १५ फेब्रुअरी २०२२ मा उनलाई युएई सिआइडीले फोन गरेर कार्यालयमा डाक्यो। उनी सिआइडी कार्यालय पुगे। प्रहरीले उनलाई नियन्त्रणमा लियो। पाण्डेले आफूले गरेको अपराधको विषयमा सोधपुछ गर्दा सिआईडी कार्यालयले राजदूत ढकाललेे तीन महिना जेल र युएईबाट डिपोर्ट गर्नु भन्दै उजुरी दिएको पत्र देखायो। त्यसपछि हिरासतबाटै उनले आफ्नो परिवारलाई सम्पर्क गरी ढकालको उजुरीमा प्रहरी हिरासतमा रहेको जानकारी दिए।

ढकालले परराष्ट्रमन्त्री, सचिवसहित मन्त्रालयमा पाण्डे मानव तस्कर र हुन्डीमा संलग्न भएकाले युएई प्रहरीले नियन्त्रण लिएको भुठो 'ब्रिफिङ' गरेका थिए। केही दिनपछि यो घटना विभिन्न मिडियामा आयो। नेपाल पत्रकार महासंघ युएई शाखाको नेतृत्वमा आन्दोलन पनि भयो। काठमाडौंबाट गएको पत्रकार महासंघको टोलीले युएईमै पुगेर गरेको अनुसन्धानपछि राजदूत ढकालले पत्रकार पाण्डेलाई जेल हाल्न लेखेको निवेदन हस्ताक्षरसहित फेला पारेको थियो। महासंघले सो प्रमाण परराष्ट्रमन्त्री र सचिवसमक्ष पेस गरेपछि उनले उजुरी फिर्ता लिए। र, पाण्डे जेलबाट छुटेका थिए।

परराष्ट्रका सहसचिव आरण भन्छन्–

मन्त्रीज्यूबाट कारबाहीसम्बन्धी निवेदनमा तोक आदेश भएर प्रशासनमा आइपुगेको छ। अगाडिको कारबाही सचिवज्यूको मार्गनिर्देशनमा अगाडि बढ्छ।

पीडितलाई क्षतिपूर्ति र पीडकलाई कारबाही हुनुपर्छ

■ **रोशन पुरी**, महासचिव, नेपाल पत्रकार महासंघ

सूचनाका संवाहक पत्रकारलाई विनाकारण विदेशी जेल पठाउनु कुनै पनि हालतमा स्वीकार्य छैन। त्यसमा पनि आफ्ना नागरिकको सुरक्षाका लागि राजदूतको जिम्मेवारी लिएको व्यक्तिले उल्टो पीडा दिनु भनेको राष्ट्रको बेइज्जत हो। यस्ता व्यक्तिमाथि जतिसक्दो छिटो कारबाही हुनुपर्छ।

पीडित पत्रकार उमाकान्त पाण्डेले क्षतिपूर्ति र दोषीमाथि कारबाहीको माग गर्दै प्रधानमन्त्री कार्यालयमा उजुरी दिएका थिए। सरकारले ढकाललाई संरक्षण दिएर पीडितलाई थप पीडा दिएको पाण्डेले गुनासो गरे। 'ढकाल दोषी हुन्। यो सबै प्रमाणित भइसकेको छ। तैपनि सरकारले संरक्षण गर्नु भनेको नायालकपन हो। म पत्रकार थिएँ र बोल्न सकँ। तर, बोल्नै नसक्ने अझै धेरै पीडित छन्। उनीहरूको पीडा कसले सुन्ने,' उनले भने। प्रधामन्त्री पुष्पकमल दाहाल प्रचण्डका प्रेस सल्लाहकार गोविन्द आचार्यले ढकाललाई कारबाही गर्न परराष्ट्र मन्त्रालयलाई पत्र पठाएको बताए। आफ्नै नागरिकलाई विदेशी जेलमा राख्ने व्यक्तिले सरकारको कर्मचारी भइरहन नसक्ने उनको भनाइ छ।

■ मकवानपुर पहिरो

मृतकको संख्या ४ पुग्यो, दुई अझै बेपत्ता

मकवानपुर/ बागमती गाउँपालिका- ५ सिक्रे दोभानमा मंगलबार आएको पहिरोमा मृत्यु हुनेको संख्या चार पुगेको छ। पहिरोमा परी हराइरहेका पाँचमध्ये थप तीनजना मृत फेला परेको छ। उद्धारपछि उपचारका लागि लैजाँदै गर्दा मंगलबार एकजनाको मृत्यु भएको थियो।

मकवानपुर प्रहरी प्रवक्ता डिएसपी टेकबहादुर कार्कीका अनुसार बुधबार ६० वर्षीय अक्कलबहादुर स्याङ्तान, उनकी २२ वर्षीया छोरी शिला पहरी र डेढ वर्षकी नातिनी दिव्या पहरी मृत अवस्थामा फेला परेका छन्। अक्कलबहादुर र शिलाको शव बुधबार बिहान खोजकर्ताको टोलीले घाटनास्थलबाट १० किलोमिटर दक्षिणमा सिन्धुली जिल्लाको हरिहरपुरगढी गाउँपालिका- १ कोकरेस्थित नदीको बीच बगरमा फेला पारेका थिए।

अक्कलबहादुरका नातिनी दिव्याको शव भने बुधबार साँझ फेला पारिएको खोजी कार्यमा सहभागी स्थानीय सुजन पाख्रिनले जानकारी दिए। पाख्रिनका अनुसार दिव्याको शव घटनास्थलभन्दा झन्डै १२ किलोमिटर पर सिन्धुली जिल्लाको हरिहरपुर गाउँपालिका- ३ बनौलीमा फेला परेको हो।

यसअघि मंगलबार पहिरोबाट उद्धार गरिएकी अक्कलबहादुरकी श्रीमती शान्तिमाया स्याङ्तानको मृत्यु भएको थियो। उपचारका लागि स्वास्थ्य चौकी लैजाँदै गर्दा उनको मृत्यु भएको थियो। घटनामा अझै दुईजना बेपत्ता छन्। बेपत्ता हुनेमा अक्कलबहादुरका २५ वर्षीय ज्वाइँ जीवन पहरी र चार वर्षका नाति मिलन छन्। पहिरोमा परी बेपत्ता भएका सिन्धुली हरिहरपुर गाउँपालिका- १ का पासाङ घिसिङलाई बुधबार १२ घन्टापछि जीवितै उद्धार गरिएको थियो। उनको अहिले हेटौंडा अस्पतालमा उपचार भइरहेको छ। उनी खतरामुक्त छन्।

शौचालय निर्माण रोक्न अल्पकालीन आदेशलाई निरन्तरता

कास्कीमा **रोहितराज पराजुली**

पोखरा महानगरपालिका- ६ स्थित भिएनआई पार्कको जग्गामा शौचालयसँगै चियानास्ता पसल, क्याफे सञ्चालनका लागि भइरहेको निर्माण रोक्न उच्च अदालत पोखराले यसअघिको अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिएको छ।

शौचालय निर्माणको काम रोक्न भन्दै स्थानीय अनिल थापा, राजेन्द्र अधिकारी, आनन्द कुँवर, कृष्ण बराल र सुजन बाटाजूले २७ असारमा उच्च अदालत पोखरामा निषेधाज्ञाको माग गर्दै रिट हालेका थिए। २८ असारमा न्यायाधीश श्रीधराकुमारी पुडासैनीको एकल इजलासले निर्माणको काम यथास्थितिमा राखी निर्माण कार्य रोक्न अल्पकालीन आदेश जारी गरी प्रमाणसहित १७ साउनमा उपस्थित हुन विपक्षीलाई आदेश दिएको थियो। १७ गते सो मुद्दा हेर्न नभ्याइनेमा परेपछि २४ साउनलाई सारिएको थियो। बुधबार न्यायाधीश रमेशप्रसाद राजभण्डारी र उज्ज्वल शुक्लको संयुक्त इजलासले गत २८ असारमा दिएको अन्तरिम आदेशलाई निरन्तरता दिएको हो।

जनताले संरक्षण गरेर जोगाएको सार्वजनिक जग्गा संरक्षणको साटो पोखरा महानगरपालिकाले स्वार्थ पूर्ण हिसाबले निजी कम्पनीलाई १५ वर्षका लागि ठेक्का दिएको, शौचालय निर्माणका लागि भएको सम्झौता माग्दासमेत महानगरपालिकाले नदिएको, सार्वजनिक जग्गा अरूलाई दिएर अनुचित लाभ लिन खोजेको लगायत विषय समेटदै पाँचजनाले निषेधाज्ञाको माग गर्दै रिट दायर गरेका थिए।

पार्कमा कुनै दायित्व नभएको तेस्रो पक्ष भित्र्याएर पोखरा महानगरपालिकाले आफैंलाई नोक्सान हुने गरी शौचालय निर्माणलाई देखाएर चिया-नास्ता पसल, क्याफे सञ्चालन गर्न गत ११ जेठमा सम्झौता गरेको थियो। सोही दिन महानगरका मेयर धनराज आचार्यले निर्माण कार्यको शिलान्यास गरेका थिए।

फेवातालको बीचमा रहेको तालबाराही मन्दिर जाने चोकमा रहेको पार्कमा सूर्य नेपाल प्रालिले सामाजिक उत्तरदायित्वअन्तर्गत शौचालय निर्माण गरिदिन लागेकोमा महानगरले कुनै दायित्व नभएको तेस्रो पक्षलाई भित्र्याएर निर्माण, सञ्चालन, मर्मतसम्भार र व्यवस्थापनका लागि १५ वर्षसम्म दिने गरी विवादास्पद सम्झौता गरेको थियो। पहिलो पक्ष पोखरा महानगरपालिका, सूर्य नेपाल दोस्रो पक्ष र एरोसान सस्टेनेबल स्यानिटेसन प्रालि तेस्रो पक्ष रहँदै गरिएको समझदारी पत्रमा तेस्रो पक्षलाई १५ वर्षसम्म शौचालयसँगै चिया-नास्ता पसल, क्याफे सञ्चालन गर्न दिने, नाफाको १५ प्रतिशत मात्र पाउने महानगरले घाटा भने सबै व्यहोर्नुपर्ने बुँदा समेटिएका छन्।

सार्वजनिक खरिद ऐनविपरीत गरिएको समझदारीअनुसार आधुनिक शौचालय निर्माण भई सञ्चालनमा आएको ६ महिनापछि प्रयोगकर्ताबाट प्राप्त भएको आम्दानीबाट सम्पूर्ण खर्च कटाई बाँकी रहेको अवस्थामा सोको १५ प्रतिशत रकम पोखरा महानगरपालिकाले पाउने, तर शौचालय प्रयोगकर्ताबाट प्राप्त शुल्क शौचालयको सञ्चालन र व्यवस्थापनका लागि नपुग भएको अवस्थामा पोखरा महानगरपालिकाबाट शौचालय सञ्चालन र व्यवस्थापनका लागि नपुग रकम मात्र तेस्रो पक्षलाई सहयोग प्रदान गर्ने

महिनावारी हुँदा गोठमा सुतेकी किशोरीको सर्पले टोकेर मृत्यु

बैतडीमा **लोकेश साउद**

महिनावारी भएका वेला गोठमा सुतेकी किशोरीको सर्पले टोक्दा मृत्यु भएको छ। बैतडीको पञ्चेश्वर गाउँपालिका- ४ फ्याउली गाउँकी १६ वर्षीया अनिता चन्दको सर्पको टोकाइबाट मृत्यु भएको हो।

स्थानीयका अनुसार महिनावारी भएको चौथो दिन मंगलबार राति उनलाई गोठमा सर्पले पाखुरामा टोकेको थियो। सर्पले टोकेलगत्तै चन्दले चिच्याउँदै छिमेकी काका नाता पर्ने राजबहादुर चन्दलाई जानकारी गराएकी थिइन्। त्यसपछि उपचार गर्न छिमेकी गाउँमा बस्ने देवीराम सार्की र एकजना अर्का व्यक्तिलाई बोलाएर ल्याइयो।

सार्की घरेलु उपचार गरेर सर्पले टोकेको निको पार्ने 'वैद्य' भनेर चिनिन्छन्। '२५ मिनेटजतिमा वैद्यलाई ल्याइपुर्‍याएका थियौं,' स्थानीय दीपक बोहराले भने, 'तर, त्यतिवेलासम्म उनको अवस्था गम्भीर भइसकेको थियो।' प्रत्यक्षदर्शीका अनुसार अनिताको उपचार गर्न आएका सार्कीले सर्पले टोकेको घाउलाई ब्लेडले चिरेर ढूलो पार्दै रगत चुसेर निकाल्ने प्रयास गरेका थिए। तर, किशोरीको होस नफिरेको र सर्पले टोकेको आधा घन्टामै मृत्यु भएको काका राजबहादुर चन्दले बताए।

अनितालाई मंगलबार राति १२ बजेतिर गोठमा सर्पले टोकेको थियो। 'उनी सुतेको गोठको एकातिर गाई बाँधिएको थियो,



अनिता चन्द

अर्कातिर चार-पाँचवटा कुखुरा राखिएको खोर थियो,' स्थानीय एक महिलाले भनिन्, 'गोठको भित्ता र कुनातिर जतातै प्वाल थिए, भुइँ उबडखाबड थियो। मलाई त त्यहाँ पस्नै डर लाग्यो।'

अनिताको घर पञ्चेश्वर गाउँपालिका केन्द्रनजिकै छ। पालिकाछेउमै स्वास्थ्य चौकी छ। तर, उनलाई स्वास्थ्य चौकी लैजानुको सट्टा वैद्यलाई बोलाएर उपचारको प्रयास गरिएको थियो। किशोरीका बुबा र दाइ रोजगारीका लागि भारतमा रहेको र घरमा आमाछोरी मात्र बस्ने गरेको स्थानीयको भनाइ छ। छोरीलाई सर्पले टोक्दा आमा राति मकै खान आउने दुम्सी, बँदेल धपाउन बारीमा थिइन्।

अनिताको घरको अवस्था अत्यन्तै नाजुक रहेको पञ्चेश्वर गाउँपालिकाकी उपाध्यक्ष विना भट्टले बताइन्। उनी जवलपुर मावि सैलोडामा कक्षा १० मा अध्ययनरत रहेको स्थानीय वीरेन्द्र चन्दले जानकारी दिए। किशोरीको शव बुधबार बिहानै गाउँलेले महाकाली किनारको विनायकघाटमा लगेर गाडिदिएका छन्।

किशोरीका आफन्तले भने छाउगोठमा नभई घरको माथिल्लो तलामै सर्पले टोकेको दाबी गरेका छन्। घटना सार्वजनिक भएलगत्तै प्रहरी घटनास्थल पुगेको थियो। प्रहरीलाई उनका आफन्तले किशोरी महिनावारी नभएको र घरको माथिल्लो तलामै सर्प आएर टोकेको सूचना दिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक प्रेमबहादुर शाहीले जानकारी दिए। उनले सञ्चारमाध्यममा छाउगोठमा सुत्दा सर्पले टोकेको सूचना आएकाले थप अनुसन्धान भइरहेको बताए।

विष खुवाएर छोरीको हत्या प्रयास

विराटनगर/ साथीको घरमा गएर आफ्नो बेइज्जत गरेको भन्दै सुनसरीमा एक बाबुले आफ्नै युवती छोरीलाई विष खुवाएर हत्या गर्ने प्रयास गरेका छन् । इलाका प्रहरी दुहबीका अनुसार सुनसरीको बर्जु गाउँपालिका- २ का ५० वर्षीय अर्जुन कामतले अर्काको घरमा गएर आफ्नो बेइज्जत गर्ने गरेको भन्दै मंगलबार साँझ कीटनाशक विषादी जबर्जस्ती खुवाएर २० वर्षीया छोरी राधिकाको हत्या प्रयास गरेका हुन् ।

प्रहरीले अर्जुनलाई पक्राउ गरेको छ । राधिकाको विराटनगरस्थित कोसी अस्पतालमा उपचार भइरहेको छ । इप्रका दुहबीका इन्स्पेक्टर बुद्धिकुमार चौलागाईंका अनुसार रक्सी खाएर आएका अर्जुनले मंगलबार साँझ जबर्जस्ती कीटनाशक विषादी खुवाएपछि राधिका बेहोस भएकी थिइन् । उनलाई छिमेकीले मंगलबार राति नै उपचारका लागि अस्पताल पुऱ्याएका थिए । छिमेकीका अनुसार सधैं रक्सी सेवन गर्ने अर्जुनले श्रीमती र छोराछोरीलाई कुटपिट गर्ने गरेका छन् । कुटपिटबाट जोगिन ठूली छोरी राधिका साथीको घरमा गएर बस्ने गरेकी थिइन् ।

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौ
फोन: ०१-४४२१८६१/६२/६३

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मिति : २०८०/०४/२५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय त्रिभुवनचोकबाट तपसिल बमोजिमको कर्जा शीर्षक अर्न्तगत लिनु भएको कर्जाको साँवा, व्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त वन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत वक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दे-दस्तूर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाई यसै सूचना मार्फत सूचित गरिन्छ । अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८ र सो को नियमावली २०५९ एवं प्रचलित कानून बमोजिम धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकमअसुल उपर गर्ने तर्फ कारवाही गरिने र सो धितोबाट यस डेभलपमेन्ट बैंकको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरिने र ऋणी तथा जमानीकर्तालाई समेत कालोसूचीमा सूचिकृत गरी आवश्यक कानुनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

तपसिल

ऋणी/अख्तियार प्राप्त व्यक्ति/जमानीकर्ताको विवरण	जमानीकर्ताको विवरण
१) **ऋणीको नाम: विस्डम क्वालिटी को - एड इङ्गलिश मिडियम स्कूल प्रा.लि.** **दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्टारको कार्यालय, काठमाण्डौं** दर्ता नं. : ४२४७३/०६३-६४, दर्ता मिति : २०६३/०८/०३ पान नं. : ३०२५२०७४९ ठेगानाः धधवार-४, बर्दिया **अ.प्रा. व्यक्ति/अध्यक्ष/जमानीकर्ता : दिपक लम्साल** बाबुको नाम : गंगाराम उपाध्याय बाजेको नाम : मनिराम उपाध्याय ठेगाना : धधवार-०४, बर्दिया, हाल : बार बर्दिया-१०, बर्दिया ना.प्र.नं. : ११२८९, जारी मिति : २०५७/०३/२० जारी गर्ने कार्यालय : जि.प्र.का., बर्दिया **जमानीकर्ताको विवरण** **क) नाम : गंगाराम उपाध्याय** बाबुको नाम : मनीराम उपाध्याय बाजेको नाम : कालु उपाध्याय ठेगाना : धधवार-०६, बर्दिया, हाल : बार बर्दिया-१०, बर्दिया ना.प्र.नं. : ३७९४०, जारी मिति : २०३८/०६/१५ जारी गर्ने कार्यालय : जि.प्र.का., बर्दिया **कर्जा शिर्षक : एस.एम.ई. अधिविकर्ष र एस.एम.ई. आवधिक कर्जा** **कर्जा लिएको शाखा : त्रिभुवनचोक**	**ख) नाम : इशु कुमारी शर्मा** बाबुको नाम : इन्द्र प्रसाद शर्मा पतिको नाम : दिपक लम्साल ससुराको नाम : गंगाराम उपाध्याय ठेगाना : वनकटवा-०४, बर्दिया हाल : बार बर्दिया-१०, बर्दिया ना.प्र.नं.१५०६० जारी मिति : २०६०/०७/२५ जारी गर्ने कार्यालय : जि.प्र.का., बाँके **ग) नाम: सूर्य कला उपाध्याय** पतिको नाम : गंगाराम उपाध्याय ससुराको नाम : मनिराम उपाध्याय ठेगाना : लाकुरी-०२, दैलेख हाल : बार बर्दिया-१०, बर्दिया ना.प्र.नं. : १५३० जारी मिति : २०४४/०८/१५ जारी गर्ने कार्यालय : जि.का., दैलेख

सुरक्षणमा रहेको धितोको विवरण:

१. श्री मालपोत कार्यालय गुलरिया, बर्दियामा श्री दिपक लम्सालको नाममा दर्ता कायम रहेको जिल्ला बर्दिया धधवार-०४ स्थित कि.नं. ८७५, १६१२, ८७७ र ८७६ को क्षेत्रफल क्रमश : ९२०, १३५४.५२, ८५० र ८४० व.मि को जग्गाहरु/घर सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. श्री मालपोत कार्यालय गुलरिया, बर्दियामा श्री सुर्य कला उपाध्यायको नाममा दर्ता कायम रहेको जिल्ला बर्दिया धधवार-०४ स्थित कि.नं. ७३७, ७४० र ७३६ को क्षेत्रफल क्रमश : ५००, ०४५ र ७१० वर्ग मिटरको जग्गाहरु/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय माडी, चितवनको धितोमा रहेको सम्पत्ति पुनःलिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०४/२५ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय माडी, चितवनबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्नु बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋणकर्जाहरुको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० साउन ३२ गते बिहीबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय माडी, चितवनमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएकाले हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

ऋणीको विवरण:

औद्योगिक व्यवसाय ऐन, २०४९ बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय भरतपुर चितवन, नेपालमा मिति २०७१/०४/१२ मा प्रा.फ.द.नं. २८/०७१/०७२ कायम भई दर्ता रहेको चितवन जिल्ला, माडी न.पा. वडा नं.०३ (साबिक बघौडा गा.वि.स. वडा नं.०३) स्थित रजिष्टर्ड कार्यालय रहेको **विज्ञान पाउरोटी तथा बरफ उद्योग** (प्रोप्राईटर केराई महतोको नाती चुडामणी महतो/विक्रमिया देवि महतोको छोरा चितवन जिल्ला, बघौडा गा.वि.स. वडा नं.०३, स्थायी ठेगाना भई हाल चितवन जिल्ला, माडी न.पा. वडा नं.०३, बस्ने **लिल कुमार महतो**, ना.प्र.नं. ३५९२/०५५ जारी मिति २०५५/११/१० जिल्ला प्रशासन कार्यालय चितवन) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. केराई महतोको नाती चुडामणी महतो/विक्रमिया देवि महतोको छोरी शिवराम महतोको पत्नी चितवन जिल्ला, बघौडा गा.वि.स. वडा नं.०३, स्थायी ठेगाना भई हाल चितवन जिल्ला, माडी न.पा. वडा नं.०३, बस्ने **मेघिया देवि थरुनी** (ना.प्र.नं. १५८४ जारी मिति २०३७/१२/०३ जिल्ला प्रशासन कार्यालय चितवन) ।

२. केराई महतोको नाती चुडामणी महतो/विक्रमिया देवि महतोको छोरा, मंगली महतोको पती चितवन जिल्ला, बघौडा गा.वि.स. वडा नं.०३, स्थायी ठेगाना भई हाल चितवन जिल्ला, माडी न.पा. वडा नं.०३, बस्ने **जनक लाल महतो** (ना.प्र.नं. ३५१४८५ जारी मिति २०५७/१०/०४ जिल्ला प्रशासन कार्यालय चितवन) ।

लिलाम हुने सम्पत्तिको विवरण:

१. **लिल कुमार महतो**को नाममा मालपोत कार्यालय माडी चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, बघौडा गा.वि.स. वडा नं.०३/क स्थित कित्ता नं.१२४० र १२४३ को क्षेत्रफल क्रमश ०-३-० र ०-०-१० (वि-क-धु) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

शर्तबन्देजहरु:

१. शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ (सातौं) दिन अर्थात २०८० साउन ३१ गते** भित्र बैंकको शाखा कार्यालय माडी, चितवनमा कार्यालय समय भित्र प्राप्त भईसक्नु पर्नेछ ।

२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय माडी, चितवनबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलवन्दी गरी बाहिर (घर/जग्गा/गाडिको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।

३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड् फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमको धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।

४. यो सूचना प्रकाशित भएको **मितिले ८ (आठौं) दिन अर्थात २०८० साउन ३२ गते** ३:०० बजे देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा शाखा कार्यालय माडी, चितवनमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।

५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिनमा बोलपत्र खोलिनेछ ।

६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखीदिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ ।

८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।

९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय माडी, चितवनमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।

१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।

११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।

१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।

१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

बोलपत्र खोलिने मिति २०८० साउन ३२ गते बिहीबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय माडी, चितवन फोन नं. ०५६-५०१०८४

■ गौर हत्याकाण्डको छानबिन गर्ने सहमतिले जसपामा तरंग

सरकार पछि नहटे समर्थन फिर्ता लिने चेतावनी

● **मनीष सुमन**, प्रवक्ता, जसपा



पीडितलाई साँच्चै न्याय दिने उद्देश्यसहित गौर घटनाको छानबिन गर्ने हो भने उच्चस्तरीय संसदीय समिति बनाउनुपर्छ । त्यस्तो समितिमार्फत गौर घटनालाई सदाका लागि निरूपण गर्नुपर्छ ।



> गौर हत्याकाण्डको छानबिन अघि बढाउनेलगायत विषयमा सरकारले पीडितसँग सहमति गरेको भोलिपल्टै जसपाले सरकारको समर्थन फिर्ता लिनेसम्मको चेतावनी दिएको छ

अनिल यादव/नयाँ पत्रिका

सरकारले १७ वर्षअघि भएको गौर हत्याकाण्डको फाइल खोल्ने सहमति गरेपछि जनता समाजवादी पार्टी झस्किएको छ । आफ्नै नाम जोडिएको सो घटनाको अनुसन्धान सुरुकै जाहेरीका आधारमा गर्ने गरी सहमति भएपछि अध्यक्ष उपेन्द्र यादवले सत्तारूढ दलका शीर्ष नेतालाई सहमतिबाट फिर्ता नभए सरकारलाई दिएको समर्थन फिर्ता लिने चेतावनी दिएका छन् ।

बुधबार बालकुमारीस्थित पार्टी कार्यालयमा केन्द्रीय नेताहरूको आकस्मिक बैठक बोलाएर अध्यक्ष यादवले यस विषयमा छलफल गरेका थिए । गौर हत्याकाण्डको अनुसन्धान हुँदा पार्टीको केन्द्रदेखि जिल्ला तहसम्मका नेता तानिने भएकाले बैठकले सहमति जसपालाई फसाउने हिसाबले आएको आन्तरिक निष्कर्ष निकालेको छ ।

'अध्यक्ष (उपेन्द्र यादव)ज्यूले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र कांग्रेस सभापति शेरबहादुर देउवालाई टेलिफोन गरेर यसबारे गम्भीर चासो राख्नुभएको छ,' जसपाका एक नेताले नयाँ पत्रिकासँग भने, 'संघर्ष समितिसँग मंगलबार गरिएको सहमतिबाट तत्काल पछि नहटे सरकारलाई दिएको समर्थन फिर्ता लिनेसम्मको चेतावनी उहाँले दिनुभएको छ । त्यही चेतावनीपछि बुधबार छलफलमा पनि बसेका हौं ।'

जसपा प्रवक्ता मनीष सुमनले गौर हत्याकाण्डलाई लिएर पीडित र सरकारबीच भएको सहमतिका बुँदालाई जसपाले संज्ञानमा लिएको बताए । 'सरकारले गरेको सम्झौतालाई हामीले संज्ञानमा लिएका छौं,' उनले भने, 'गौर घटनालाई लिएर ५-६ वटा उच्चस्तरीय समिति र आयोग बनेका रहेछन् । मानव अधिकार आयोगले प्रतिवेदन नै सार्वजनिक गरेको रहेछ । त्यसपछि हिजो आएर गरिएको सम्झौता कुनै एक व्यक्ति या समूहलाई खुसी पार्नका लागि गरिएको 'चिची पापा' हो ।'

सरकार र गौर घटनाका पीडितबीच मंगलबार पाँचबुँदे सहमति भएको थियो । पीडितहरू निरन्तर धर्नामा बसेपछि सरकारले मंगलबार पीडित पक्षसँग पाँचबुँदे सहमति गरेको थियो । गौर हत्याकाण्डको विषयमा त्यस समयमा दर्ता भएका जाहेरीसमेतलाई छानबिन र अनुसन्धान गरी तथ्य र प्रमाणका आधारमा दोषीलाई कानुनबमोजिम कारबाहीको प्रक्रिया अगाडि बढाउने, गौर हत्याकाण्डमा मारिएर मन्त्रिपरिषद् बैठकबाट सहिद घोषणा गरिएका व्यक्तिको विवरण नेपाल राजपत्रमा प्रकाशन गर्ने, घटनामा मृत्यु भएका, तर सहिद घोषणा हुन छुट भएका मृतकका हकमा सहिद घोषणाको प्रक्रिया अगाडि बढाउने सहमति भएको छ ।

त्यस्तै, घटनामा मारिएकाको स्मृतिमा रौतहटमा सहिद स्मारक स्तम्भ निर्माण गर्न यसै आर्थिक वर्षबाट प्रक्रिया अगाडि बढाउने, घटनामा परेर घाइते भएका उपचाररत व्यक्तिका लागि उपचारको उचित प्रबन्ध गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई अनुरोध गर्ने र आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अनुरोध गर्ने पनि सहमति भएको छ ।

पीडितहरू धर्नामा बसेपछि प्रधानमन्त्री कार्यालयले पत्राचार नै गरेर वार्तामा आउन आग्रह गरेको थियो । त्यसपछि वार्ताबाट मंगलबार पाँचबुँदे सहमति भएको हो ।

७ चैत ०६३ मा रौतहटको गौरस्थित राइस मिलचोकमा तत्कालीन मधेसी जनअधिकार फोरम र नेकपा माओवादीले एकै स्थानमा एकै समयमा आमसभा आयोजना गर्दा झडप भएको थियो । त्यसक्रममा २७ माओवादी कार्यकर्ता र समर्थकको हत्या भएको थियो । घटनाका पीडित परिवारजनले जाहेरी दिए पनि राजनीतिक दबाबका कारण अनुसन्धान अघि बढ्न सकेको थिएन । राष्ट्रिय मानव अधिकार आयोगले तत्कालीन फोरमका अध्यक्ष यादव (हाल जसपाका अध्यक्ष) नै हत्यामा संलग्न रहेको प्रतिवेदन सार्वजनिक गरेको थियो । फोरम कार्यकर्ताले पूर्वतयारीसहित क्रूर र अमानवीय तरिकाले हत्या गरेको आयोगको प्रतिवेदन उल्लेख थियो । तर, आफ्नै कार्यकर्ता गौर घटनामा मारिए पनि पटक-पटक आफ्नै सरकार बन्दासम्म माओवादीले यसको फाइल खोल्न गम्भीरता नभएको भन्दै पीडितले गुनासो गर्दै आएका थिए । यसपटक विभिन्न सार्वजनिक कार्यक्रमबाट प्रधानमन्त्री प्रचण्डले गौर हत्याकाण्डको फाइल खुल्ने र दोषीलाई कारबाही गर्ने प्रतिबद्धता व्यक्त गरिरहेका छन् ।

छानबिन गर्न संसदीय समिति माग

सहमतिको पहिलो बुँदामै जसपाले आपत्ति जनाएको छ । घटना भएका बेला दिइएका जाहेरीका आधारमा अनुसन्धान अघि बढाउने सहमतिले अध्यक्ष यादवसहित जसपाका नेताहरू तानिने जसपाको निष्कर्ष छ । घटनाका बेला यादव तत्कालीन मधेसी जनअधिकार फोरमका अध्यक्ष थिए । जसपा प्रवक्ता सुमनले गौर घटनाका पीडितलाई साँच्चै न्याय दिने हो भने उच्चस्तरीय संसदीय समिति बनाउनुपर्ने जसपाको निष्कर्ष रहेको उनले बताए । 'अब साँच्चै पीडितलाई न्याय दिने उद्देश्यसहित गौर घटनाको छानबिन गर्ने हो भने उच्चस्तरीय संसदीय समिति बनाउनुपर्छ,' उनले भने, 'त्यस्तो समितिमार्फत यो घटना सदाका लागि निरूपण गर्नुपर्छ । उच्चस्तरीय संसदीय समितिको विकल्प छैन ।'

घटनापछि परेका पाँचवटा जाहेरीमा साढे तीन सयभन्दा बढीको नाम किटानी गरिएको भन्दै घटनास्थलमा हुँदै नभएका नेताको समेत नाम राखेर दिइएको झुटा जाहेरीले अनुसन्धानलाई निष्कर्षमा पुग्न सहयोग नगर्ने प्रवक्ता सुमनको भनाइ छ । 'सुरुका जाहेरीका आधारमा अनुसन्धान गर्ने सहमति सरकारले गरेको छ । त्यतिबेला पाँचवटा जाहेरी परेका थिए, जहाँ साढे तीन सयभन्दा बढीको नामै किटान गरिएको छ । घटनास्थलमा हुँदै नभएका नेतालाई पनि मुछिएको छ । आवेगमा दिइएका यस्ता झुटा जाहेरीले कुनै महत्त्व राख्दैन । त्यसरी जाँदा अनुसन्धान कसरी निष्कर्षमा पुग्छ ?' उनले भने ।

प्रभु साहलाई खुसी पार्न खोजेको आरोप

रौतहटमा बलियो जनआधार भएको आमजनता पार्टीका नेता प्रभु साहलाई खुसी बनाउन सरकारले यो सहमति गरेको जसपाको निष्कर्ष छ । साहकै पार्टीका नेताहरूले पीडित परिवारलाई काठमाडौं ल्याएर प्रधानमन्त्री, गृहमन्त्रीलगायतसँग भेटाएका थिए । साहकै अगुवाइमा गौर हत्याकाण्डको फाइल खोल्न भन्दै पीडित संघर्ष समितिले रौतहटको चन्द्रनिगाहपुरमा धर्ना दिएको भन्दै जसपा यो सहमतिलाई लिएर सरकारसँग चिढिएको हो ।

■ नेविसंघ विवाद बढ्दै

प्रहरी लगाएर बिथोलियो समानान्तर समिति घोषणा

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

नेविसंघभित्रको विवाद चर्किँदै गएको छ । असन्तुष्ट पक्षले बुधबार पार्टी केन्द्रीय कार्यालयबाट नेविसंघको समानान्तर समिति घोषणा गर्न गरेको तयारी संस्थापन पक्षले प्रहरी लगाएर बिथोले पनि विवाद साम्य भएको छैन ।

विधानविपरीत र योगदान गरेकालाई पाखा लगाएर तदर्थ समिति घोषणा गरिएको भन्दै असन्तुष्ट समूहले बुधबार समानान्तर कमिटी घोषणा गर्ने तयारी गरेको थियो । तर, यसको जानकारी पाएको संस्थापन पक्षले पार्टी केन्द्रीय कार्यालय प्रवेशमै रोक लगायो । बुधबार सयौंको संख्यामा विद्यार्थी नेता सानेपा पुगेका थिए । २ बजे भेलाको कार्यक्रम राखिएपछि प्रहरीले उनीहरूलाई पार्टी कार्यालय प्रवेश गर्न दिएनन् । सानेपामा कार्यसमिति घोषणाको पक्ष र विपक्षमा रहेका समूह आमनेसामने बनेका थिए । केही समय तनावको अवस्था सिर्जना भएको थियो । यससँगै घोषणा कार्यक्रम बिथोलिएको हो ।

विद्यार्थी नेता विनोद शाही ठकुरीले समानान्तर कमिटी घोषणाको तयारी पूरा भए पनि पार्टी कार्यालयमा प्रवेशमा रोक लगाएकाले समिति घोषणा हुन नसकेको बताए । उनले पत्रकार सम्मेलन गरेर छिट्टै समिति घोषणा गरिने बताए ।

सभापति र पदाधिकारीको घर घेर्ने चेतावनी

कार्यक्रम बिथोलिएपछि असन्तुष्ट विद्यार्थी नेताले कोणसभा गरेर पार्टी सभापतिसहित पदाधिकारीको निवास घेराउ गर्ने चेतावनी दिए । कोणसभालाई सम्बोधन गर्दै त्रिविका पूर्वस्ववियु सभापति योगेन्द्र रावलले समानान्तर समिति घोषणा रोकिएको विरोधमा बिहीबार पार्टी सभापति शेरबहादुर देउवाको निवास घेराउ गरिने बताए । 'हाम्रा महामन्त्रीका दैलो पनि देखेका छौं, बिहीबार सभापतिज्यूको घर घेर्न जाँदै छौं । नेविसंघ आफूनिकटकालाई व्यवस्थापन गर्ने संस्था होइन । हामी यो स्वीकार गर्दैनौं र अब देशभरबाट साथीहरू बोलाउँछौं, विरोधलाई अझ सशक्त बनाउँछौं,' उनले भने । नेविसंघको विधानमा एक सय ५१ सदस्यीय समितिको व्यवस्था गरिएको छ । तर, सोमबार पार्टी सभापति देउवाले सात सय १० सदस्यीय तदर्थ समिति घोषणा गरेका थिए । यससँगै शेखर-गगन समूह र सिटौला समूह असन्तुष्ट बनेको छ । दुवै समूहले आफूहरूले पठाएको नाम संस्थापन समूहले मनोमानी ढंगले हटाएर आफूखुसी समिति घोषणा गरेको आरोप लगाएका छन् ।

असन्तुष्ट सिटौला समूहले छलफलबाटै समाधान हुने विश्वास लिएको छ । नेविसंघ पूर्वमहामन्त्री कुन्दन काफ्लेले मंगलबार सभापति देउवासँगको भेटबाट पाएको आश्वासनअनुसार छलफलपछि समस्या समाधान हुने आशा व्यक्त गरे । 'मंगलबार सभापतिलाई भेटेर असन्तुष्टि राखेका हौं । सभापतिले भेटमा समस्याको समाधान छलफलबाटै हुन्छ भन्नुभएको छ । हामी त्यसमा आश्वस्त छौं,' काफ्लेले भने । अध्यक्ष दुजाङ शेर्पाले विशेष परिस्थितिमा समितिले पूर्णता पाएको भन्दै विधानविपरीतका गतिविधि नगर्न आग्रह गरेका छन् । उनले छुटेका नेताहरूलाई अन्याय हुन नदिने प्रतिबद्धता व्यक्त गरेका छन् भने गतिविधि गरे कारबाहीको चेतावनी पनि दिएका छन् ।

स्टेसनरी व्यवसायी मृत फेला

लहान/ सिराहाको मिर्चैया नगरपालिका- ५ कटारी चोकस्थित शम्भु होटेलपछाडि बुधबार बिहान स्टेसनरी व्यवसायी सिद्धार्थ भट्टराई मृत फेला परेका छन् । मोरङको विराटनगरस्थित पाथीभरा कापी उद्योगका सञ्चालक २५ वर्षीय भट्टराई विराटनगर महानगरपालिका- १० का बासिन्दा हुन् ।

मिर्चैया प्रहरी प्रमुख डिएसपी जितेन्द्रकुमार बस्नेतले घटनाबारे अनुसन्धान अघि बढाइएको जानकारी दिए । भट्टराईको शव पोस्टमार्टमका लागि धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाइएको छ । प्रहरीका अनुसार भट्टराई व्यवसाय प्रवर्द्धनका क्रममा त्यहाँ पुगेका थिए । उनले आफ्नो जिपचालक सागर राईसँग मंगलबार साँझ सहदेव होटेलमा कोठा लिएका थिए । सोही होटेलमा खाना खाएर राति पौने ११ बजेतिर चालक राई सुत्न गएका थिए भने भट्टराई नजिकै रहेको शम्भु होटेलमा बियर खान गएको सिसिटिभी क्यामेरामा देखिएको छ । होटेलका कर्मचारीले बियर खाएपछि उनी होटेलको छतमा गएको बताएका छन् ।

नबिल बैंक लिमिटेड, घण्टाघर शाखा, काठमाडौंको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८०/०४/२५)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो भ्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुलउपर गरिने छ । कथंमकदाचित सो धितोबाट असुलउपर हुन नसके वा आंशिक रकम मात्र असुलउपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन

'महानगर' सपना र यथार्थको कथा

चलचित्र 'महानगर'को ट्रेलर सार्वजनिक भएको छ। कर्मा शाक्य र मेनुका प्रधानको मुख्य भूमिका रहेको यस फिल्मले महानगरवासीका सपना र यथार्थलाई प्रस्तुत गर्ने प्रयास गरेको छ। मोहन राई निर्देशित यो चलचित्र देश-विदेशका फिल्म फेस्टिभलमा सहभागी भइसकेको छ। भदौ ८ देखि यो चलचित्र देशभर प्रदर्शनमा आउँदै छ।

१५ अगस्टमा 'ताली'

सुस्मिता सेन स्टारर वेब सिरिज 'ताली' भारतीय स्वतन्त्रता दिवसको अवसरमा १५ अगस्टमा रिलिज हुने भएको छ। ओटिटी प्लेटफर्म जियो सिनेमामार्फत यो सिरिज प्रसारण हुनेछ। जाधवले निर्देशन गरेको यो फिल्म ट्रान्सजेन्डर अभियन्ता श्री गौरी सावन्तको बायोपिक हो।

अभिभावकको लापरवाहीले बच्चामा स्क्रिन एडिक्सन


कुनै जमाना थियो, जतिवेला बच्चाहरू विभिन्न खेल खेल्थे। चकचक गर्ने, कुद्ने गरेर अभिभावकलाई हैरान पार्थे। सहरी इलाकामा हिजोआज खेल्नका लागि पर्याप्त स्पेस छैन। धेरै बच्चा एकोहोरो रूपमा मोबाइल, ल्यापटपलगायत डिभाइसमा घोत्लिएर बस्छन्। विभिन्न भिडियो गेम खेलेर उनीहरू लामो समय बिताइरहेका हुन्छन्। केही समययता अधिकांश बालबालिकामा पब्जी भिडियो गेम खेल्ने, टिकटक बनाउने लत बसेको छ। यस्तो लत बालबालिका मात्रै नभएर युवायुवतीलाई पनि परिसकेको छ।

प्रविधिको युगमा देखिएको यो समस्यालाई हामी 'स्क्रिन एडिक्सन' भन्छौं। आजको युगमा कसैलाई पनि प्रविधिबाट टाढा राख्न सकिँदैन। तर, यसको अत्यधिक प्रयोगमा नियन्त्रण अत्यावश्यक भइसकेको छ। अभिभावकले बालबालिकालाई मोबाइल र ग्याजेटको सही प्रयोग गर्न सिकाउनुपर्छ। अन्यथा, बढ्दो स्क्रिन टाइमका कारण बालबालिकामा अनिद्रा, मोटोपन, डिप्रेसन, कमजोर दृष्टिलगायत शारीरिक तथा मानसिक समस्या देखिन्छ।

पाटन अस्पतालका बालविकास विशेषज्ञ डा. अनिलराज ओझा बच्चाहरूको वृद्धिविकासमा यसले असर पुऱ्याइरहेको बताउँछन्। 'मोबाइल नपाउँदा छटपटी हुने, बिस्तारै टाउको दुख्ने, निद्रा नलाग्ने तथा रिस उठ्नेजस्ता समस्या प्रायमा देखिन्छ। कतिपयमा धैर्य गर्ने क्षमतामा कमी आउने हुन्छ। पब्जीजस्ता गेममा धेरैजसो विषयवस्तु हिंसात्मक हुने गर्छन्। लामो समय गेममा बिताउँदा दिमागमा गहिरो छाप पर्ने भएकाले बालबालिकाले बाहिर पनि यस्तै क्रियाकलाप गर्ने जोखिम रहन्छ।'

अमोहा क्लिनिकका मनोविद् डा. विजय ज्ञवाली स्क्रिन टाइम नियन्त्रण गर्न नसक्दा बालबालिकामा डिजिटल अटिजम हुने खतरा देखिएको बताउँछन्। 'केही समयअघि एक अभिभावकले पाँच वर्षको बच्चा लिएर मकहाँ आउनुभएको थियो। ती बच्चाको बोली तीन वर्षमा फुटेको रहेछ। बिस्तारै उनले बोल्न छाडे। उनकी आमा पसलमा काम गर्ने, दिनभरि बच्चालाई मोबाइल दिने, जसले गर्दा बोल्ने बिर्सिएछन्। इसाराले मात्रै गफ गर्ने बानी रहेछ। स्क्रिनमा लामो समय बिताएको भएर उनलाई डिजिटल अटिजम भएछ। थेरापी गर्न थालेपछि ठीक भयो,' उनले भने। अभिभावकका केही सामान्य गल्तीका कारण बच्चाको स्क्रिन टाइम बढ्दै जान्छ र त्यो लतका रूपमा विकास हुन्छ। 'हिजोआज बच्चालाई खाना खाँदा मोबाइल देखाएर खुवाउने चलन छ। उसले के खाँदै छु भन्ने थाहा पाउँदैन। घरमा पाहुना आउँदा पनि डिस्टर्ब हुन्छ भनेर मोबाइल थमाइदिने चलन हुन्छ,' ज्ञवालीले भने, 'बाबु-आमा काममा जान्छन् र बच्चा दिउँसोभरि मोबाइल चलाएर बस्छन्। कालान्तरमा यो लत बन्छ।'





डा. अनिलराज ओझा
बालविकास विशेषज्ञ, पाटन अस्पताल

पब्जीजस्ता गेममा धेरैजसो विषयवस्तु हिंसात्मक हुने गर्छन्। लामो समय गेममा बिताउँदा दिमागमा गहिरो छाप पर्ने भएकाले बालबालिकाले बाहिर पनि यस्तै क्रियाकलाप गर्ने जोखिम रहन्छ।



डा. विजय ज्ञवाली, मनोविद्
अमोहा क्लिनिक

हिजोआज बच्चालाई खाना खाँदा मोबाइल देखाएर खुवाउने चलन छ। उसले के खाँदै छु भन्ने थाहा पाउँदैन। घरमा पाहुना आउँदा पनि डिस्टर्ब हुन्छ भनेर मोबाइल थमाइदिने चलन छ। जुन गलत हो।

अभिभावकको लापरवाही

लालच : बच्चाले अनेक डिमान्ड गरिरहेका हुन्छन्। त्यस्ता डिमान्डबाट आजित कतिपय अभिभावक सहज बाटो खोज्छन् र उनीहरूको मन भुलाउन मोबाइल वा ल्यापटप प्रयोग गर्न दिन्छन्। र, कालान्तरमा बच्चालाई यसैको बानी पर्छ। बच्चाले मागेका कुरा दिन नसकेका वेला उनीहरूलाई सम्झाउनुपर्छ। घुमाउन लैजान पनि सकिन्छ। फकाउने अनेक विधि छन्। तर, मोबाइलको लालच देखाउनुहुँदैन।

फोनको अत्यधिक प्रयोग : कतिपय अभिभावक आफैं फोन वा टिभी हेरेर घन्टौं बिताउँछन्। अभिभावकबाट बालबालिकाले पनि यस्तै गर्न सिक्छन्। यदि तपाईं बच्चाकै अगाडि सामाजिक सञ्जाल वा मोबाइल चलाइराख्नुहुन्छ भने उनीहरूलाई यसबाट टाढा राख्न असम्भव हुन्छ।। बच्चासँग समय बिताउँदा मोबाइल टाढा राख्नुस्।

समय नदिनु : जब अभिभावकले समय दिँदैनन्, तब बच्चाले समय बिताउने तरिका आफैं खोज्छन्। त्यसैले अभिभावकले बच्चालाई पर्याप्त समय दिनुपर्छ। उसले के भन्दै छ, के गर्दै छ भन्ने कुरा ख्याल गर्नुपर्छ। उनीहरूले भनेका कुरा सुन्नुस्। रमाइलो कुराकानी गर्नुस्, उनीहरूलाई उत्प्रेरित गर्नुस्। प्रेरणादायी कथाहरू सुनाउनुस्।

शारीरिक गतिविधिको कमी : बच्चाले अल्छी गर्नासाथ अभिभावकहरू टिभी खोलिदिन्छन् वा मोबाइल थमाइदिन्छन्। तर, बच्चालाई मोबाइलमा होइन, मैदानमा खेलाउनुपर्छ। उनीहरूलाई विभिन्न इन्डोर तथा आउटडोर खेल खेलाउन सकिन्छ। चेस, लुडोलगायत विभिन्न खेल खेलेर उनीहरूसँगै रमाइलो गर्न सकिन्छ। फुटबल, क्रिकेट, कराँतेजस्ता खेलले उनीहरूलाई शारीरिक रूपमा सक्रिय बनाउँछ।

के गर्ने ?

दुई वर्षभन्दा मुनिका बच्चालाई झुक्किएर पनि मोबाइल दिनुहुँदैन। दुई वर्षभन्दा माथिका बालकलाई केही समय मोबाइल चलाउन वा टिभी हेर्न दिँदा हुन्छ, तर अभिभावकसँगै राखेर छोटो समय मात्रै। ६ वर्षपछि उनीहरूसँगै बसेर मोबाइलमा कहिलेकाहीं गेम खेल्न सकिन्छ। तर, उनीहरूलाई इन्डोर र आउटडोर खेल पनि खेलाउनुपर्छ। जसकारण, शारीरिक रूपमा उनीहरू सक्रिय हुन्छन् र स्क्रिनमा ध्यान कम जान्छ। किशोरावस्थामा पुगेपछि मोबाइल, ल्यापटप, टिभीमा उनीहरूको रुचि बढेर जानु स्वाभाविक हो। यतिवेला उनीहरूलाई थर्काएर हुँदैन, मोबाइलको प्रयोग सीमित मात्रामा गर्नुपर्छ भनेर राम्ररी सम्झाउनुपर्छ। टिभी हेर्दा पनि बैठक कोठामा बसेर परिवारसँगै हेर्ने बानी विकास गर्नुपर्छ। किताब पढ्ने, चेस खेल्नेलगायत बानी विकास गर्न सकिन्छ।

लामो कपाल सुन्दर बनाउने पाँच उपाय



चिसोमै कोर्ने

लामो कपालको सबैभन्दा ठूलो समस्या भनेको जेलिइरहनु हो। जेलिएर लट्टा परेपछि लामो कपाल भएकाहरू हैरान हुन्छन्। नुहाएर सुकेपछि लामो कपाल अल्झिने सम्भावना बढी हुन्छ। त्यसैले नुहाउँदा नै कोर्नुपर्छ। स्याम्पु र कन्डिसनर प्रयोग गरिसकेपछि मोटो दाँत भएको काँइयोले कोरेर अल्झिएका कपाल फुकाउनुपर्छ। यसो गर्दा सुकेपछि कपाल अल्झिने झन्झटबाट मुक्ति हुन्छ।

ड्राई स्याम्पु

नुहाएलगत्तै ड्राई स्याम्पु प्रयोग गर्नु राम्रो हुन्छ। हेयर स्प्रेले रुखो बनाउन सक्छ। यसको प्रयोग ठीक तरिकाले नगर्दा कपाल नासिन सक्छ। ड्राई स्याम्पु निकै थोरै मात्र प्रयोग गर्नुपर्छ। ड्राई स्याम्पुले कपाललाई बाक्लो देखाउँछ।

हाई पोनी टेल

लामो कपाल हुनेले प्रायः बाँधेर हिँड्दा राम्रो हुन्छ। यत्तिकै खुला छाड्दा हावाले सुक्खा बनाउन सक्छ र जेलिन सक्छ। कसिलो गरी बाँधिरहँदा कपालको जरासम्म हावा खेल्न पाउँदैन। वर्कआउटका वेला पनि कपाललाई माथि लगेर कसिलो बाँध्नु हुँदैन। 'हाई पोनी टेल'मा बाँध्दा तल्लो भागको कपाल गह्रौ हुने र भार पर्ने हुन्छ। हल्का खुकुलो गरेर केही तल्लो भागमै बाँध्नु राम्रो हुन्छ।

बाँधेर सुत्ने

सुत्ने वेला कपाल खुला छोड्नु अर्को ठूलो गल्ती हो। खुकुलो गरी बाँधेर सुत्न गर्नुपर्छ। यसो गर्दा बिहान उठ्दा कपाल जेलिएको हुँदैन। सकेसम्म सिल्कको तकियाको खोल प्रयोग गर्दा निकै राम्रो हुन्छ।

तेल लगाउने

कहिल्यै तेल नलगाएको कपाल कमजोर हुन्छ। कमजोर कपाल लामो छ भने झर्ने डर बढी हुन्छ। त्यसैले कपाल नुहाउनुअघि सधैं तेल लगाउनु जरुरी छ।

दैनिक कम्तीमा चार हजार पाइला हिँड्नुस्

नयाँ अध्ययनले पाँच हजार पाइलाभन्दा कम हिँड्दा पनि धेरै फाइदा हुने निष्कर्ष निकालेको छ। यसअघिका अध्ययनले कम्तीमा दैनिक १० हजार पाइला हिँड्नुपर्ने सुझाव दिँदै आएका थिए।

पोल्यान्डको मेडिकल युनिभर्सिटी अफ लोड्ज र अमेरिकाको जोन हप्किन्स विश्वविद्यालयले गरेको यस अध्ययनका क्रममा विश्वका दुई लाख २६ हजार मानिसमा सर्वेक्षण गरिएको थियो।

अध्ययनअनुसार चार हजार पाइला हिँड्दा अल्यापुमै रोगी भएर मृत्यु हुने जोखिम घट्छ। दुई हजार तीन सय पाइला हिँड्दा हृदय र रक्तनलीमा फाइदा पुग्छ। 'जति धेरै हिँडियो, त्यति धेरै स्वास्थ्य फाइदा हुन्छन्,' अनुसन्धानकर्ताले भनेका छन्। सबै उमेर र लिंगका मानिस हिँड्दा लाभान्वित हुन्छन्।

सबैभन्दा ठूलो फाइदा ६० पुग बाँकी रहेका मानिसमा देखिने लोड्ज विश्वविद्यालयका प्रोफेसर मासिइज बानाचले बताए। खानपान र व्यायाममा ध्यान दिँदा कार्डियोभास्कुलर जोखिम कम गरेर आयु लामो हुने उनले बताए।

विश्व स्वास्थ्य संगठनका अनुसार पर्याप्त शारीरिक गतिविधिको कमीका कारण प्रत्येक वर्ष ३२ लाख मानिसले ज्यान गुमाउने गरेका छन्।

बिहान हिँड्नु उत्तम

मानिसले आफ्नो समय तालिका मिलाएर साँझ-बिहान हिँड्दा हुन्छ। तर, साँझको तुलनामा बिहान हिँड्नु धेरै फाइदाजनक हुने चिकित्सकहरू बताउँछन्। भारतका चर्चित कार्डियोलोजिस्ट डा. विमल चार्जर भन्छन्, 'पहिलो कुरो, तपाईंको रगतमा कोलेस्ट्रोल र ट्राइग्लिसेराइड दुवै कम हुन्छ। कोलेस्ट्रोलले ब्लकेजको काम गर्छ र मुटुसम्बन्धी समस्या निम्त्याउँछ। वाकिङ गर्दा तपाईंको शरीरमा फ्याट कम हुन्छ र कोलेस्ट्रोल र ट्राइग्लिसेराइडसम्बन्धी समस्या कम भएर जान्छ।'

उनी थप्छन्, 'सुगर कन्ट्रोल हुन्छ। क्यालोरी कट हुन्छ, नर्मल मानिसले एक मिनेटमा बसिरहँदा एक क्यालोरी, सवा क्यालोरी खर्च गर्छ। तर, यदि उसले वाक गऱ्यो भने तीन क्यालोरीदेखि ५-६ क्यालोरी खर्च गर्छ। नेचुरल्ली क्यालोरी घट्दै जान्छ र तपाईंको तौल घट्दै जान्छ। स्ट्रेस कम हुन्छ। हाड-जोर्नी र स्पाइनको समस्यामा पनि फाइदा मिल्छ।'



सनग्लास छान्दा...



बजारमा थरीथरीका सनग्लास पाइन्छन्। धुलो-धुवाँ र सूर्यको विकिरणबाट आँखालाई जोगाउन महत्त्वपूर्ण भूमिका खेल्ने भएकाले हामीले यसको छनोटमा ध्यान दिनुपर्छ। घाममा आँखाको सीधा सम्पर्क नहोस् भन्नका लागि सनग्लासको खरिद गरिने भएकाले अल्ट्राभ्वाइलेट रे प्रोटेक्सन भएका ग्लास मात्रै किन्नुपर्छ।

- कस्तो प्रकाशमा कुन सनग्लास फिट हुन्छ भन्ने जान्न उत्तिकै जरुरी छ। भिजेको सतह (पानी, सडक वा हिउँ)मा प्रकाश रिफ्लेक्सन भएर टल्कँदा आँखालाई असहज हुन सक्छ। त्यस समस्यालाई पोलोराइज्ड सनग्लासले कम गर्छ।
- ड्राइभिङ गरिरहेका वेला अगाडिबाट वा साइडबाट आएको गाडीको प्रकाश टल्किंयो भने पनि कतिपयलाई असहज लाग्छ। त्यसलाई कम गर्न पनि धेरैले पोलोराइज्ड ग्लास रोज्नुहुन्छ। केही महँगो भए पनि ड्राइभिङ गरिरहने तथा पानीवरपर धेरै समय बिताउने व्यक्तिका लागि पोलोराइज्ड लेन्स उत्कृष्ट विकल्प हो।
- चर्को घाममा हिँड्दा कालो र ग्रे कलरको सनग्लास लगाउनु उपयुक्त हुन्छ। यी कलरले ब्राइटनेस र ग्लेयरबाट बचाउँछन्।
- बादल लागेको वा हल्का अँध्यारो भएको दिनमा ब्राउन वा एम्बर कलर राम्रो हुन्छ। यसले कन्ट्रास्ट बढाउँछ। फिसिङ, हाइकिङ, साइक्लिङमा जानेले यो ग्लास लगाउनु राम्रो हुन्छ।
- लो लाइट कन्डिसन अर्थात् घाम मज्जाले नलागेको समयमा यल्लो र अरेन्ज कलर पनि राम्रो मानिन्छ। इन्डोर स्पोर्टसूका लागि यो ग्लास राम्रो हुन्छ। हिउँ खेल्न जानेले पनि यी कलरका ग्लास लगाउन राम्रो हुन्छ।
- ब्लु लाइट र ग्लेयरबाट बचाउन ग्रिन कलर उपयुक्त मानिन्छ। गल्फ, बेसबल, टेनिस खेल्नेले यस्तो कलरको ग्लास छान्ने गरेका छन्।
- रोज र रेड टिन्ट लगाएर ड्राइभिङ गर्दा भिजिबिलिटी राम्रो देखिन्छ। कम्प्युटरबाट आउने हानिकारक ब्लु लाइटलाई कम गर्न यसले सहयोग गर्ने भएकाले कम्प्युटर चलाइराख्नेका लागि पनि यो ठीक हुन्छ। सबै कलरका सनग्लासलाई पोलोराइज्ड गर्न, युभी प्रोटेक्सन गर्न र पावर हाल्न पनि मिल्छ।

च्याउको छोइला कसरी बनाउने ?



आरबी बुढाथोकी
सिनियर सु सेफ
द सोल्टी



च्याउको छोइला धेरैलाई मन पर्ने परिकार हो। यो बनाउन पनि सजिलो छ।

सामग्री : फ्रेस या क्यानको च्याउ आधा केजी, पोलेको अदुवा-लसुन २५ ग्राम, सुकेको खुर्सानी चार पिस, भुटेको तोरीको तेल दुई चियाचम्चा, हरियो खुर्सानी दुई पिस, हरियो धनियाँ एक मुठा, पोलेको टमाटर दुई पिस, कागतीको रस पाँच एमएल, टिमुरको धुलो आधा चियाचम्चा, मेथी आधा चियाचम्चा, बेसार आधा चियाचम्चा, हरियो लसुन या प्याज दुई पिस, जिराको धुलो आधा चियाचम्चा, नुन स्वादअनुसार।

विधि : च्याउलाई उमाल्नुस् र पानी निचोरेर ग्यासको फूलेममा जालीमा राखेर पोल्नुस्। त्यसपछि झिकेर एक साइडमा राख्नुस्। अदुवा, लसुन र सुकेको खुर्सानीलाई हल्का पोलेर भुटेको तोरीको तेलमा हालेर ब्लेन्ड गर्नुस् र च्याउमा हाल्नुस्। बाँकी सम्पूर्ण सामान हालेर मुछ्नुस्। एक चम्चा तोरीको तेल तताएर मेथी डढाउनुस् र बेसार हालेर च्याउमा झान्नुस्। यसरी च्याउ छोइला तयार हुन्छ। च्याउ छोइलाजस्तै पनिर, तोफु, मस्यौराको पनि स्वादिष्ट छोइला बनाएर स्न्याक्सको रूपमा खान सकिन्छ। च्याउ चिल्ली, पनिर चिल्ली, तोफु चिल्ली, आलु चिल्ली पनि भेज खानेका लागि स्न्याक्सको रूपमा बनाएर पस्कन सकिन्छ।

सानो क्षेत्रफलमा बगैंचा व्यवस्थापन यसरी



दीपेन्द्र तुलाधर
सञ्चालक, गमला घर

काठमाडौंलगायत सहरी क्षेत्रमा बगैंचा बनाउनका लागि पर्याप्त जमिनको कमी हुन सक्छ। यस्तोमा तपाईंले आफ्नो सानो स्पेस, घरको कौसी वा बरन्डामा पनि गमलामा फूल रोप्न सक्नुहुन्छ। तर, जहाँ रोपे पनि तपाईंले बिरुवालाई राम्रोसँग हुर्कने वातावरण दिनुपर्छ। यसका लागि गमला वा ग्रो ब्यागमा लगाइएको माटोलाई अनुकूल वातावरण हुने ठाउँ चयन गर्नुस्। सकभर दैनिक पाँचदेखि ६ घन्टासम्म घाम लाग्ने तथा बिरुवालाई पर्याप्त मात्रामा पानी उपलब्ध हुने स्थान छनोट गर्नुपर्छ। यसो हुँदा बिरुवा चाँडै हुर्कन्छ। अर्को, चिसो मौसम भएकाले तुसारो पर्छ। तुसारोका कारण बिरुवालाई हुर्कन सक्दैन। त्यसैले बिरुवालाई तुसारोले नखाने ठाउँमा गमला राख्नुपर्छ। यस्तै, बिरुवावरपर चारैतर्फ पर्याप्त खाली स्पेस राख्न सके गमलामा पानी हाल्न पनि सजिलो हुन्छ। गमलाको बिरुवालाई तेज हावा र गर्मीको समयमा तीव्र प्रकाशबाट पनि बचाउनुपर्ने हुन्छ। किनकि, तेज हावा र तीव्र प्रकाशले बिरुवालाई नष्ट गरिदिन सक्छन्।

राम्रो बिउ छान्नुस्

ठाउँको चयन गरिसकेपछि तपाईंले राम्रो बिउको छनोट गर्नुपर्छ। जसकारण, तपाईंलाई भविष्यमा राम्रो र स्वस्थ बिरुवा प्राप्त होस्। आफ्नो नजिकको नर्सरी वा बिउ पसलमा गएर राम्रो बिउ वा बिरुवा छनोट गर्न सक्नुहुन्छ। त्यस्तै, राम्रो गमलाको पनि छनोट गर्नुपर्छ। बजारमा सेरामिक, प्लास्टिक र माटोको गमला पाइन्छ। बिरुवाअनुसार तपाईंले गमला छान्दा राम्रो हुन्छ। सकभर ग्रो ब्यागमा फूल नरोप्नु राम्रो हुन्छ। ग्रो ब्याग तरकारी रोप्नका लागि उपयुक्त हुन्छ। बजारमा सस्तो मूल्यमा पनि बलियो, आकर्षक र विभिन्न डिजाइनका गमला पाइन्छन्।

माटोको छनोट

यसपछि माटोको छनोट गर्नुस्। उर्वराशक्ति धेरै भएको माटो गमलामा हालियो भने बिरुवा चाँडै हुर्कन्छ। कतिपय बिरुवा कडा माटोमा फैलन सक्दैन। बिरुवालाई हुर्कन माटो मलिलो हुनुपर्छ। त्यसका लागि माटोमा ४० प्रतिशत कोकोपिट (नरिवलको जुटको धुलोबाट बनाइएको) र २० प्रतिशत कम्पोस्ट मल मिसाउँदा खुकुलो बन्छ र बिरुवा फैलिन्छ। त्यस्तै, घरमै राम्रो माटो छानेर त्यसमा अर्गानिक मल मिसाउन पनि सकिन्छ।



हेडफोन छनोट



- बजारमा विभिन्न ब्रान्डका हेडफोन पाइन्छन्। तपाईंले ती ब्रान्डको तुलना गरेर बजेटअनुसार हेडफोन लिन सक्नुहुन्छ। गुणस्तरीय साउन्ड सुन्नका लागि हेडफोन खरिद गरिने भएकाले आवाज स्पष्ट भए/नभएको जाँच गर्नुपर्छ।
- लामो समयसम्म कानमा लगाएर राख्नका लागि सहज हुनेखाले हेडफोन किन्नुपर्ने हुन्छ। सकभर हल्काखाले हेडफोन किन्नु राम्रो हुन्छ, जसले कानलाई भारी नबनाओस्।
- आजकल धेरै हेडफोन ब्लुटुथ कनेक्टिभिटीसहितका हुन्छन्। तपाईंले ती हेडफोन स्मार्टफोन, ट्याबलेट वा अन्य डिभाइससँग सहजै कनेक्ट भए/नभएको जाँच गर्नुपर्छ।
- लामो अवधिसम्म ब्याट्री टिक्ने, राम्रो टच कन्ट्रोल र फिजिकल बटन भएको हेडफोन रोज्नुपर्छ।

निजरको सैन्य विद्रोह र जनसमर्थन

अफ्रिकाले नियमित रूपमा सामना गर्ने राजनीतिक संकट औपनिवेशिक पश्चिमले उनीहरूमाथि दशकौंसम्म लादेको पीडामा निहित छ, जुन कुनै न कुनै रूपमा आज पनि जीवित छ




● पामिर गौतम

अग्रलेख

जुलाई २६ मा निजर (नाइजर) का सैनिकले राष्ट्रपतिलाई उनको घरमै हिरासतमा लिए र केही घन्टापछि सत्ताकब्जा गरेको घोषणा गरे । अमेरिका र फ्रान्सले सो सैन्य विद्रोह लोकतन्त्रमा धक्का भएको भन्दै त्यसको निन्दा गर्नुका साथै निजरसँगको सम्बन्ध तोड्ने धम्की दिएका छन् । तर, उनीहरूको आलोचना प्रजातन्त्रप्रतिको प्रतिबद्धता वा मोह भने अवश्य होइन । सन् २०२१ मा अफ्रिकी मुलुक चाडमा महामत इड्रिस डेबीले ३० वर्षसम्म राष्ट्रप्रमुख रहेका आफ्ना बुबाको मृत्युपश्चात् अवैध रूपमा सत्ताकब्जा गर्दा फ्रान्सले त्यसको प्रतिरक्षा मात्र गरेन, सैन्य शासन अन्त्यको माग गर्दै सडकमा उत्रेका पचासभन्दा बढी प्रदर्शनकारीको हत्या गर्दासम्म कोही केही बोलेनन् । त्यसको केही महिनामै वासिंटनमा अफ्रिकी नेताहरूको शिखर सम्मेलनमा डेबीको भव्य स्वागत गरियो । निजरमा पनि पश्चिमी देशहरू यस क्षेत्रमा आफ्नो उपस्थिति बलियो बनाउन, बजौमलाई एक मित्रवत् व्यक्तिका रूपमा हेर्छन् । उनीहरूलाई यो पनि डर छ कि सैन्य शासक रुसको निजी सैन्य कम्पनी वाग्नरसँग नजिक हुनेछन्, जुन यस क्षेत्रमा उनीहरूको स्वार्थका लागि चुनौती हुनेछ । वाग्नरका प्रमुखले निजरमा भएको विद्रोहको स्वागत गर्दै आफू निजरको सहयोगका लागि तयार रहेको बताएका थिए । त्यस्तै विद्रोही नेताले वाग्नरका अधिकारीसँग भेट गरेको समाचार पनि आएका छन् । सैन्य अधिकारीले विद्रोहपछि फ्रान्समा युरेनियम र सुन निर्यात तत्काल रोक्ने घोषणा गरेका छन् । निजर फ्रान्स र युरोपेली संघको दोस्रो युरेनियम आपूर्तिकर्ता पनि हो । एक प्रतिवेदनअनुसार, पछिल्लो १० वर्षमा फ्रान्समा आयात गरिएको कुल प्राकृतिक युरेनियममध्ये २० प्रतिशत निजरबाटै आएको थियो ।

उता निजरका छिमेकी देशले युद्धमा जाने धम्की दिएका छन् । केही विद्रोहलाई विफल पार्न चाहन्छन् भने केही यसको सफलता सुनिश्चित गर्न चाहन्छन् । पश्चिम अफ्रिकी राज्यहरूको आर्थिक समुदाय, इकोवासले ३० जुलाईमा निर्वाचित बजौमलाई एक साताभित्र सत्तामा पुनर्स्थापित गर्न वा सम्भावित सैन्य कारबाहीलगायत परिणामको सामना गर्न सैन्य शासकलाई अल्टिमेटम जारी गरेको छ । अर्कातर्फ अल्टिमेटमविरुद्ध निजरका अन्य छिमेकी राष्ट्र माली र बुर्किना फासोले निजरविरुद्धको कुनै पनि सैन्य कारबाही आफूविरुद्धको 'युद्धको घोषणा' मानिने र त्यसविरुद्ध आफूहरूले पनि सैन्य प्रतिकार गर्ने बताएका छन् । निजरका सडकमा भने सैन्य विद्रोहको समर्थनमा उल्लेख्य संख्यामा मानिसले प्रदर्शन गरिरहेका छन्, जसमा फ्रान्सविरोधी नारा साझा भएका छन् भने कतैकतै रुस समर्थित नारा र रुसी झन्डा पनि देखिएका छन् । फ्रान्सविरोधी भावनाको लहरबीच नयाँ सरकारले फ्रान्ससँगको पाँच सैन्य सहयोग सम्झौता खारेज गरेको छ र फ्रान्सेली राज्य-वित्त पोषित अन्तर्राष्ट्रिय समाचार आउटलेटको प्रसारणमा पनि रोक लगाएको छ । विद्रोहमा रुसको कुनै संलग्नता भने देखिएको छैन । जनआक्रोश छ, पूर्वराष्ट्रपति मोहम्मद बजौमले जनताको सुरक्षालाई ध्यान दिएनन्, बरु आफ्नो शासनसत्ता मजबुत गर्ने हतकण्डामा लागिपरे । निजरमा विकसित पछिल्लो घटनाक्रमले पश्चिम अफ्रिकाको क्षेत्रीय राजनीतिलाई थप जटिल बनाएको छ । सैन्य माध्यमबाट संकट समाधान गर्न देखाइएको कुनै पनि अहंकार वा प्रयास गृहयुद्ध वा क्षेत्रीय युद्धमा परिणत हुने सम्भावना प्रबल छ । अफ्रिकाले नियमित रूपमा सामना गर्ने राजनीतिक संकट वास्तवमा औपनिवेशिक पश्चिमले उनीहरूमाथि दशकौंसम्म लादेको पीडामा निहित छ र जसले आज पनि यस क्षेत्रमा आफ्नो प्रभुत्व कायम राख्न कुनै न कुनै प्रकारको नियन्त्रणका अभ्यास जारी राखेका छन् । केही वर्षअघि इटलीका उपप्रधानमन्त्री लुइगी डी माइओले फ्रान्सले अफ्रिकी देशलाई गरिब बनाएको आरोप लगाएका थिए । अफ्रिका छाडेर सुनौलो भविष्यको खोजीमा अवैध तरिकाले युरोप छिर्न खोज्ने सयौं अफ्रिकी नागरिकले डुंगा पल्टिएर ज्यान गुमाएको सन्दर्भमा डी माइओको सो अभिव्यक्ति आएको थियो । आजको समयमा पनि यदि हामीमाझ ज्यान जोखिममा राखेर अफ्रिका छोड्ने मानिसको लस्कर छ भने त्यसको प्रमुख कारण युरोपेली राष्ट्र नै रहेको र अझ त्यसमा पनि फ्रान्स अग्रस्थानमा रहेको र यसले आजसम्म पनि अफ्रिकामा आफ्नो उपनिवेश समाप्त नगरेको माइओले बताएका थिए । डी माइओका अनुसार फ्रान्सले १४ अफ्रिकी देशको अर्थव्यवस्थालाई अफ्रिकी वित्तीय समुदाय (सिएफए फ्रांक) द्वारा नियन्त्रण गरिरहेको र यदि अफ्रिक फ्रान्सको उपनिवेश नभएको भए यो विश्वको शीर्ष अर्थतन्त्र नभएर पन्ध्रौं स्थानमा हुने बताएका हुन् । अफ्रिकीको सही स्थान भूमध्यसागरको फेद नभई अफ्रिका नै रहेको र तिनलाई गरिब बनाएर सम्मानित जीवन बाँच्नबाट वञ्चित गराएका फ्रान्सजस्ता सबै देशलाई युरोपियन युनियनले प्रतिबन्ध लगाउनुपर्ने माइओको माग थियो ।

औपनिवेशिक शासकबाट स्वतन्त्रताको माग बलियो हुँदै गएपछि फ्रान्सले सन् १९५८ मा आफ्नो प्रभुत्वमा



रहेका अफ्रिकी देश फ्रान्सेली सर्तमा स्वतन्त्र हुन चाहन्छन् कि भनेर जनमत संग्रह आयोजना गराएको थियो । स्वतन्त्रताविनाको 'स्वतन्त्रता' आफूहरूलाई स्वीकार्य नहुने भन्दै गिनीले स्वतन्त्रताको पक्षमा मतदान गरेन, तर अन्य फ्रान्सेली उपनिवेशहरूभन्दा पहिले स्वतन्त्र भयो भने अन्य राष्ट्रहरूका लागि यो पूर्ण सार्वभौमसत्ताविनाको स्वतन्त्रता थियो । अर्थात् उनीहरू फ्रान्ससँग 'सहयोग सम्झौता'मा हस्ताक्षर गर्ने सर्तमा स्वतन्त्र हुने भए । सम्झौताले अफ्रिकी राष्ट्रको अर्थतन्त्रमा फ्रान्सेली नियन्त्रण कायम राख्यो । फ्रान्सले अफ्रिकी फ्रांकलाई नव-औपनिवेशिक मुद्राका रूपमा प्रयोग गर्न बाध्य बनाएर तिनको विदेशी मुद्रा भण्डारमाथि कब्जा गऱ्यो । अफ्रिकी राष्ट्रको रणनीतिक कच्चापदार्थलाई नियन्त्रणमा लियो । फ्रान्सेली सेना तैनाथ गर्ने मार्ग खोल्यो । अफ्रिकी पुलिस र सेनाको प्रशिक्षणदेखि लिएर सबै सैन्य उपकरण फ्रान्सबाट प्राप्त गर्नुपर्ने सर्तका साथै पानी, बिजुली, बन्दरगाह, यातायात, ऊर्जाजस्ता प्रमुख क्षेत्रमा फ्रान्सेली व्यवसायको एकाधिकार कायम राख्न अनुमति दियो । सम्झौताको एउटै उद्देश्य फ्रान्सको संरक्षणमा सीमित स्वायत्तता भएका नयाँ राज्य बनाउनु थियो, जसको पूर्ण नियन्त्रण पेरिसले गर्थ्यो । यी सन्धि अझै पनि लागू भई कार्यान्वयन भइरहेकै छन् । 'औपनिवेशिक ऋण' तिर्न बाध्य हुनुका अलावा चौध पश्चिमी र मध्यअफ्रिकी देशको मुद्रा भण्डार फ्रान्सको केन्द्रीय बैंकले होल्ड गर्छ । अनुमान छ, फ्रान्सले प्रत्येक वर्ष अफ्रिकी राष्ट्रबाट लगभग पाँच सय बिलियन अमेरिकी डलर कमाउँछ र अफ्रिकी देशलाई यी निक्षेपको सानो अंश 'सहायता'का रूपमा फिर्ता दिन्छ । फ्रान्स अफ्रिकासँगको यस्तो सम्बन्धलाई निरन्तरता दिन जे पनि गर्न तयार छ । गिनीले १९६० मा आफ्नै राष्ट्रिय मुद्रा जारी गर्ने निर्णय गर्दा फ्रान्सले नयाँ देशलाई अस्थिर बनाउन आफ्ना गोप्य एजेन्ट पठाउनुका साथै छ्यापछ्याप्ती नक्कली बैंक नोटहरू बजारमा पठाए अर्थव्यवस्थालाई नै अस्तव्यस्त बनाइदिएको थियो । यो अन्य देशका लागि पनि स्पष्ट सन्देश थियो- यदि त्यही पदचाप पछ्याउने भए त्यसको परिणामको सामना गर्नुपर्ने हुन्छ । पछिल्लो आधा शताब्दीदेखि, गोप्य र शक्तिशाली 'अफ्रिकी सेल'ले अफ्रिकामा फ्रान्सको रणनीतिक चासोको देखरेख गर्दै आएको छ । फ्रान्सले सन् १९६२ र १९९५ को बीचमा १९ पटक अफ्रिकामा सैन्य हस्तक्षेप गरेको थियो र अधिकांश हस्तक्षेप अफ्रिकी नेताको फ्रान्सेली हितलाई सम्बोधन गर्ने इच्छा वा अनिच्छामा निर्भर थिए । १९९४ मा फ्रान्सेली सेनाले रुवान्डामा स्थानीय नरसंहारकर्तालाई हतियार र सैन्य प्रशिक्षण दिएर सहयोग गरेको थियो, जसले लगभग एक लाखभन्दा बढी मानिसको मृत्युमा प्रत्यक्ष प्रभाव पारेको थियो । अफ्रिकी नेतृत्वमा पनि एउटा बुझाइ स्थापित भएको छ, यदि सत्तामा रहन चाहनुहुन्छ भने तपाईं फ्रान्ससँग राम्रो सम्बन्धमा रहनुपर्छ । यद्यपि यथास्थितिको अर्थ सन्तुष्टि होइन । पूर्वफ्रान्सेली उपनिवेशका जनतामा फ्रान्सविरोधी राष्ट्रवाद व्यापक भएको छ । असन्तुष्ट राजनीतिक सम्भ्रान्तले यी भावनालाई पुँजीकरण गरेका छन् । अफ्रिकामा समय-समयमा सरकारविरुद्ध भएका सैन्य अथवा अन्य विद्रोहमध्ये लगभग ६५ प्रतिशत विद्रोह पूर्वफ्रान्सेली उपनिवेशमा भएका छन् । र, यो तथ्य हो कि यी देशमा लगभग हरेक सैन्य विद्रोहका पछाडि फ्रान्सको हात छ ।

निजरसँगको फ्रान्सेली नीति र व्यवहारमा केही अपवाद छैन । दोस्रो विश्वयुद्धपछि कुनै पनि राष्ट्रको हैसियत त्यसको साम्राज्यको आकारले नभई त्योसँग भएको आणविक हतियारको आकारले निर्धारण गरेको थियो । निजर र ग्याबोनको युरेनियम भण्डारमा फ्रान्सको विशेष पहुँचले यसलाई आर्थिक मूल्य मात्र होइन, राजनीतिक र सैन्य प्रतिष्ठा पनि प्रदान गऱ्यो, र फ्रान्सको विश्वव्यापी शक्तिलाई पुनः स्थापित गऱ्यो । फ्रान्सेली आणविक ऊर्जा संयन्त्र सञ्चालनका लागि आवश्यक प्राकृतिक स्रोत युरेनियम निजरबाट फ्रान्सेलीले पाँच दशकभन्दा बढी समयदेखि उत्खनन र शोषण गर्दै आएका छन् र त्यो पनि अत्यन्त अलोकतान्त्रिक तवरले । खानीमा काम गर्ने धेरै अफ्रिकी कामदार विकिरणबाट पीडित हुँदा र ज्यान गुमाउँदासम्म पनि फ्रान्सेली कम्पनी उदासीन नै थिए । सन् २०११ देखि २०२१ सम्म निजरका राष्ट्रपति रहेका महामाडौ इस्सौफुले आफ्नो देश युरेनियम उत्पादन गर्ने विश्वको चौथो ठूलो राष्ट्र भए पनि युरेनियमबाट राष्ट्रले अत्यन्त न्यून कमाइ गरिरहेको बताएका थिए । उदाहरणका लागि एक अध्ययनअनुसार सन् २०१० मा फ्रान्सेली कम्पनी अरेवाका दुई सहायक कम्पनीले निजरमा कुल एक लाख १४ हजार ३४६ मेट्रिक टन युरेनियम निकालेका थिए, जसको निर्यात मूल्य २.३ ट्रिलियन सीएफए फ्रांक थियो, तर निजरलाई त्यो रकमबाट ३०० बिलियन सिएफए फ्रांक मात्र भुक्तानी गरिएको थियो, जुन निर्यात मूल्यको १३ प्रतिशत थियो । त्यस्तै रोयटर्सले अन्तर्राष्ट्रिय मुद्राकोषलाई उल्लेख गर्दै सन् २०१३ मा अरेवाको आय १२.५६ बिलियन अमेरिकी डलर थियो, जुन निजरको सम्पूर्ण अर्थतन्त्रभन्दा झन्डै दोब्बर रहेको जनाइएको छ । अरेवाको आय र फ्रान्सको प्रतिष्ठा र अर्थतन्त्रमा निजरको युरेनियमले निकै ठूलो योगदान गरेको छ, तर ४३ प्रतिशत निजरवासी गरिबीमा बाँचिरहेका छन् । यस्तो अवस्थामा आफ्नै शोषकबाट लोकतन्त्र र मानवाधिकारका गुलाबी शब्दहरू सुन्दा हास्यास्पद प्रतीत हुन्छन् ।

> निजरका सडकमा सैन्य विद्रोहको समर्थनमा उल्लेख्य संख्यामा मानिसले प्रदर्शन गरिरहेका छन्, जसमा फ्रान्सविरोधी नारा साझा भएका छन् भने कतैकतै रुस समर्थित नारा र रुसी झन्डा पनि देखिएका छन्

३ प्रश्न

पूर्वसभामुख **दमननाथ ढुंगाना**लाई



अहिलेको संसद्को गतिरोधलाई कसरी हेरिरहनुभएको छ ?

हाम्रा पार्टीहरू कुन हदसम्म गैरजिम्मेवार बन्न सक्छन् भन्ने उदाहरण हो यो संसद्को अवरोध । संसद्मा प्रतिपक्षले दृष्टिकोण राख्न र मत नमिलेमा विरोध गर्न सक्छ । तर, देश र जनताका मुद्दामा बहस गर्नुपर्ने, नीति नियम बनाउनुपर्ने थलोलाई यसरी कुनै एक पार्टीको मागमा बन्दी बनाउने हथकन्डा अपनाउन मिल्दैन ।

प्रमुख प्रतिपक्षीले सुन तस्करीको छानबिन गर्न संसदीय समिति नै बनाउनुपर्ने अडान किन लिएको होला ?

संसदीय समितिले कुनै पनि विषयमा जाँचबुझ गरेर प्राप्त तथ्य र प्रमाणका आधारमा प्रतिवेदन तयार गर्ने हो । यस्तो समितिले कसैलाई मुद्दा चलाउन सक्दैन । उसले मुद्दा चलाउने कुनै आधार पनि हुँदैन । यस्तोमा प्रमुख प्रतिपक्षीले संसदीय समितिको माग गरेर संसद् चल्न नदिनु भनेको मुख्य 'इस्यु'लाई 'डाइभर्ट' गर्ने दाउ पनि हुन सक्छ । आखिर यसअघिका कुनचाहिँ संसदीय समितिको प्रतिवेदन कार्यान्वयन भएको छ र ?

संसद्को अवरोध कसरी हटाउन सकिएला त ?

यसरी विनाकारण एउटा दलको अडानका कारण संसद् अवरुद्ध भइरहने हो भने दल र जनप्रतिनिधिहरूका जनतासितको सम्बन्ध कमजोर हुँदै जानेछ र उनीहरूप्रतिको जनविश्वासमा पनि कमी आउनेछ । अवरोध खुलाउने विषयमा सबैभन्दा मुख्य भूमिका सभामुखको हुन्छ । उहाँले कति पहल गर्नुहुन्छ, त्यसमा पनि भर पर्छ । अहिले एमाले जनमतको 'ट्रायल'मा गइरहेको छ । अब बिस्तारै आन्तरिक र बाह्य जनमतको दबाब बढ्दै जाँदा ऊ अवरोध हटाउन बाध्य हुनेछ ।

प्रेरक प्रसंग

लिलीको बदला

नवविवाहिता लिली र उनकी सासूबीच बिहेको केही दिनपछि नै खटपट सुरु भयो । अवस्था मारपिटसम्म पुग्यो । लिली जसरी भए पनि सासूबाट छुट्कारा पाउन चाहन्थिन् । उनी माइतीगाउँकै एक चिनेजानेका वैद्यकहाँ पुगिन् । उनले वैद्यसँग आफ्नो समस्या बताउँदै सासूबाट छुटकारा पाउन चाहेको बताइन् ।

वैद्यले भने- छोरी, तिमी मेरा मित्रले साथीकी छोरी हौ । त्यसैले, म तिम्रो मद्दत अवश्यै गर्नेछु । तर, म जे-जे भन्छु । तिमीले त्यो पालना गर्नुपर्छ, अन्यथा तिमी झमेलामा फस्नेछ्यौ । लिलीले आफू त्यसै गर्ने वाचा गरिन् । वैद्यले जडीबुटीले भरिएको एउटा बट्टा लिलीलाई दिँदै भने- तिम्री सासूलाई मार्न कडा विष प्रयोग गर्दा तिमीमाथि शंका हुन्छ । त्यसैले, यी जडीबुटीले तिम्री सासूको शरीरमा भित्रैदेखि विष पैदा गर्छन् र सात-आठ महिनामा उनको मृत्यु हुन्छ । तिमीले हरेक दिन फरक-फरक मिष्ठान्न तयार गरेर सासूलाई यीमध्ये कुनै एउटा जडीबुटी हालेर खुवाउनू । अनि सासूको बिल्कुलै राम्रो हेरचाह गर्नू । अनि, भुलेर पनि उनीसित कहिल्यै झगडा नगर्नू । यति गऱ्यौ भने उनको मृत्युमा तिमीमाथि शंका हुनेछैन ।

लिली वैद्यलाई धन्यवाद दिएर जडीबुटी लिएर घर फर्किइन् । उनले सासूका हरेक कुरा ध्यानपूर्वक सुनेर पूरा गर्न थालिन् । मिठा-मिठा खानेकुरा तयार गरेर खुवाउन थालिन् । रिस उठे पनि शान्त रहिन् । बिस्तारै घरको माहोल फेरिँदै गयो । बुहारीलाई देख्नै नसक्ने सासू सबैसित बुहारीको प्रशंसा गर्न थालिन् । लिलीले सासूलाई आफ्नै आमा देख्न थालिन् । बिस्तारै लिलीलाई सासूको मृत्युको भयले सताउन थाल्यो । उनी माइत जाने बहानामा वैद्यकहाँ पुगिन् र भनिन्- वैद्यबा, म अब मेरी सासूलाई मार्न चाहन्नँ । उहाँ एकदमै बदलिनुभएको छ । मलाई धेरै माया गर्न थाल्नुभएको छ । म पनि उहाँलाई त्यति माया गर्न थालेकी छु । त्यसैले, तपाईंले दिएको विषको असर काट्ने अर्को औषधि दिनुपऱ्यो । मुस्कुराउँदै वैद्यले भने- तिमी चिन्ता नलेऊ छोरी । मैले तिमीलाई विष दिएकै थिइनँ । बट्टामा स्वास्थ्यवर्धक जडीबुटी थिए । विष त तिम्रो दिमाग र सोचमा थियो । तर, अहिले तिमीभित्रको विष अमृतमा परिणत भइसकेको छ । अब घर जाऊ र बाँकी जीवन खुसीसाथ बिताऊ ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

भाँडभैलो गर्ने थलो नबनाऊ

नयाँ पत्रिकामा 'सदन गतिरोधको गाँठो अझै फुकेन' शीर्षकको समाचार पढ्दा देशको कानुन बनाउने थलोको गतिविधि थाहा पाएर मेरो मन रोयो । जनताबाट देश चलाउन चुनिएर गएका माननीयहरूले छलफल गरेर समस्याको समाधान गर्नुको सट्टा, संसद् चल्न नदिने, होहल्ला गर्ने, यो कस्तो जिम्मेवारी निभाउँदै छन् ?

कानुन बनाएर सम्पूर्ण नागरिकलाई अनुशासित र मर्यादित बनाउने थलोमा उपस्थित माननीयहरू आफैं मनलागे आउने, मन नलागे नआउने, हाजिर मात्र गरेर भत्ता खाने, बैठकमा गणपूरक संख्या नपुगेर संसद् स्थगित गर्नुपर्ने यो कस्तो विडम्बना हो ? यस्ता विकृति अन्त्य गरी संसद्को गरिमा खस्किन नदेऊ । संसद्लाई भाँडभैलो गर्ने थलो बनाउने गलत कार्य अविलम्ब रोकियोस् ।

● **चूडामणि आचार्य**, पदमपुर, चितवन
हाल : बाफल, काठमाडौं
chudamaniparimal@gmail.com

खोलाको निकास नछेकौं

सोमबार रातिको अविरल वर्षाले देशभर वितण्डा मच्चाएको छ । राजधानी काठमाडौं उपत्यकाभित्रका कैयौं बस्तीसमेत बाढीको चपेटामा परे । खासगरी नदीकिनाराका बस्तीमा यस्तो समस्या देखियो । मानिसहरूले खोला थुनेर घर बनाउने, खोलालाई दुवैतिरबाट च्याप्ने, खोलामाथि पक्की ढलान गर्नेजस्ता गलत कार्य गरेकाले अहिले राजधानीका कतिपय बस्ती संकटमा परेका छन् । अब छेकिएको खोलाको निकास खुला गरौं । खोलालाई बेरोकटोक बग्ने बाटो दिऔं ।

● **अमृता डंगोल**
नयाँबजार, काठमाडौं

भ्रष्टाचारको छानबिन गरौं

वीरगन्ज महानगरमा गरिएको ट्र्याक्टर र ट्रेलरको खरिदमा निकै ठूलो अनियमितता भएको समाचार नयाँ पत्रिकामा देखें । समाचार नै आइसकेपछि अब अख्तियार दुरुपयोग अनुसन्धान आयोगले यस विषयमा आफैंले चासो राखेर अनुसन्धान गर्नु जरुरी छ । साँच्चै नै समाचारमा बताइएअनुसार नै बजारमूल्यभन्दा एक करोड २० लाख बढीमा ती सवारीसाधन खरिद गरिएका भए पक्कै पनि त्यहाँ भ्रष्टाचार भएको छ । त्यसैले, निष्पक्ष छानबिन गरौं ।

● **अर्जुन यादव**
वीरगन्ज-६, पर्सा

कृषकलाई बजार देऊ

पहिले चाडबाडको मौका छोपेर बजारभाउ बढाउने व्यापारीले अहिले हरेक दिन बजारभाउ बढाइरहेका छन्, तैपनि सम्बन्धित निकायको ध्यान यसतर्फ किन गइरहेको छैन ? बजार अनुगमन गरेकोजस्तो गर्ने र बिचौलियासँग साँठगाँठ गरेर बजारभाउ बढाउन सघाउने कर्मचारीलाई कसले कारबाही गर्ने ? स्थानीय तहमा भन्नै विकराल रूपमा देखिएको छ, बिचौलियाको साँठगाँठ । कृषकले उत्पादन गरेको बस्तु बेच्न नपाउँदा बारीमै कुहिने अवस्था आइरहेको छ भने उपभोक्ताले सही मूल्यमा खरिद गरेर खान नपाउँदा चर्को मूल्य तिर्न बाध्य भइरहेका छन् । बजारभाउ पसलैपिच्छे फरक छ । व्यापारीले मनलागी भाउ बढाएका छन् । अनुगमन गर्नुपर्ने निकाय मौन छ । जसले जे गर्दा पनि भएको छ यहाँ । कानुनदेखि डर नभएकाले यस्तो विकृति मौलाएको हो । कृषकले उत्पादन गरेको वस्तु सही मूल्यमा बजारमा पुऱ्याउने मध्यस्थकर्ताले बदमासी गर्दा कृषक र उपभोक्ता दुवै मारमा परेका छन् । यसमा स्थानीय सरकारले सहजीकरण गरिदिए कति जाती हुने थियो ।

स्थानीय सरकारले हरेक आआफ्नो क्षेत्रमा सुपथ मूल्य पसल खोलेर कृषकले उत्पादन गरेको वस्तु उचित दाममा खरिद गरी उपभोक्तालाई सही दाममा बिक्री-वितरण गरे हुँदैन ? जनतासँग प्रत्यक्ष सरोकार राख्ने भनेको स्थानीय सरकारले नै हो । उसको जिम्मेवारी पनि बढी नै हुन्छ । उसले आफ्नो उपस्थिति देखाए जनतामा राहत महसुस हुने हो । काठमाडौंको गोकर्णेश्वर नगरपालिकाले एउटा यस्तै पसल खोलिदिए उपभोक्तालाई राहत पुग्ने थियो ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

युरोपकै नेतृत्वमा हुनुपर्छ युक्रेनको पुनर्निर्माण

युरोपभित्र युक्रेनको महत्त्वपूर्ण भूमिकालाई स्वीकार गर्दै उसलाई युरोपेली संघको सम्भावित सदस्यका रूपमा हेरिसकिएको छ



देश/विदेश

● केनेथ रोगोफ

युक्रेन युद्धपछि पुनर्निर्माणको भार कसले वहन गर्ने ? रुसको अतिक्रमणलगत्तै म र मेरा सहलेखकले सुरुमा करिब दुई खर्बदेखि पाँच खर्ब युरोको (दुई खर्ब २० अर्बदेखि पाँच खर्ब ५० अर्ब डलर) लागत अनुमान गरेका थियौं र बहाली प्रयासको नेतृत्व गर्न युरोपलाई आग्रह गरेका थियौं । यद्यपि मृत्यु र क्षतिको पाँच सय दिनपछि अनुमानित लागत दोब्बर वा सोभन्दा बढी हुन सक्ने सम्भावना धेरै छ । तसर्थ, अब युरोपले तुरुन्त कदम चाल्न र पुनर्निर्माण प्रक्रियाको जिम्मेवारी लिनु अझ आवश्यक छ ।

अमेरिकाले युक्रेनको भविष्यमा उल्लेखनीय रूपमा लगानी गरेको छ । युक्रेनलाई गरिएको पर्याप्त आर्थिक र सैन्य सहायताबाट यसको पुष्टि हुन्छ । तथापि, निम्न कारणले युक्रेन युद्धपछि बहालीको समन्वय र लगानीको नेतृत्व गर्न युरोप नै अगाडि बढ्नुपर्छ । पहिलो युरोपको हित युक्रेनसँग अन्योन्याश्रित छ । सन् १९८९ मा बर्लिन पर्खाल भत्किएपछि अमेरिकाले धेरै फाइदा उठायो र युरोपेली देशले पनि त्यसबाट थप लाभ हासिल गरेका थिए । त्यसैगरी, युरोपले युद्धपूर्वको यथास्थितिमा फर्कने ठूलो जोखिमको सामना गरिरहेको छ र त्यसमाथि आणविक खतराको वृद्धि पनि मौजुद छ ।

दोस्रो, सन् २०२४ को राष्ट्रपतीय चुनावपछि युरोप र युक्रेनका लागि अमेरिकी सैन्य सहयोगको निरन्तरता अमेरिकाको वर्तमान राजनीतिक अवस्थाका कारण अनिश्चित छ भन्ने तथ्यलाई युरोपेलीले स्विकार्नुपर्छ । यसबाहेक चुनावको नतिजा जस्तोसुकै भए पनि अमेरिकाको दीर्घकालीन आर्थिक सहयोगको प्रतिबद्धता समयसँगै घट्ने सम्भावना छ । दुवै डेमोक्र्याट र रिपब्लिकनले बढ्दो रूपमा लोकरिझ्याइँको राजनीतिक धार अपनाइरहेका छन् । हालका लोकरिझ्याइँवादीको ध्यान विश्वव्यापी मामिलाभन्दा पनि घरेलु मामिलामा केन्द्रित देखिन्छ ।

तेस्रो, युरोपेली संघले युक्रेनलाई संघको सदस्य हुन योग्य राष्ट्रको मान्यता दिइसकेको छ अर्थात् युरोपभित्र युक्रेनको महत्त्वपूर्ण भूमिकालाई स्वीकार गर्दै उसलाई युरोपेली संघको सम्भावित सदस्यका रूपमा हेरिसकिएको छ । युक्रेनलाई यसको प्रशासनिक मापदण्ड वृद्धि गर्न र पहुँच आवश्यकता पूरा गर्न पर्याप्त प्राविधिक सहयोग आवश्यक पर्ने हुनाले युरोपेली संघले युक्रेनलाई प्रभावकारी रूपमा सहयोग गर्न यस प्रक्रियालाई प्राथमिकता र गति दिनुपर्छ ।

यसबाहेक युरोपेली मुलुकले धेरै वर्षदेखि अमेरिकाको सैन्य सहायताबाट फाइदा लिइरहेका छन् । अमेरिकाले हाल युरोपेली संघका सदस्य राष्ट्रको तुलनामा राष्ट्रिय रक्षामा आफ्नो कुल गार्हस्थ्य (जिडिपी) को दोब्बर रकम छुट्याएको छ । यदि अमेरिकाले आफ्नो सैन्य बजेट युरोपेली संघका राष्ट्रबराबर बनाउन घटाउने हो भने अमेरिकाले हरेक वर्ष करिब चार खर्ब डलर बचत गर्नेछ । यसको ठिकविपरीत यदि युरोपले अमेरिकी स्तरसँग मेल खाने आफ्नो सैन्य खर्च बढायो भने यसले वार्षिक रूपमा कम्तीमा तीन खर्ब डलर सहयोग गर्न सक्नेछ । र, यो रकम युक्रेन युद्धपछि पुनर्निर्माणका लागि चाहिनेभन्दा बढी हो । वास्तवमा युरोपेली संघको सैन्य सहयोगको रकमले युक्रेनको बहालीको दायित्वलाई सजिलै समेट्न सक्छ ।

युरोपले आफ्नो रक्षा क्षमता बलियो बनाएको भए रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनमा आक्रमण गर्दैनथे भन्न सकिन्छ । फेब्रुअरीमा फ्रान्सको राष्ट्रिय सभाले एक रिपोर्ट जारी गरेको छ । यसले यदि मुलुकभित्र चर्को सशस्त्र द्वन्द्व हुने हो भने केही साताभित्रै



तस्बिर : गेटी इमेजेस

देशमा मौजुदा हातहतियार समाप्त हुनेछन् । दुर्भाग्य, यस्तो अवस्थाले युरोपेली मुलुकको सैन्य तयारीमा विश्वासको बलियो भावनालाई प्रोत्साहन गर्न योगदान गर्दैन । फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोनले रक्षा खर्च बढाउने प्रयासका बाबजुद यी प्रयास नेटोको कुल गार्हस्थ्य उत्पादनको दुई प्रतिशत पनि पुग्दैन ।

किन युरोपले अमेरिकाको तुलनामा आफ्नो रक्षामा निकै कम खर्च गर्छ ? अर्थशास्त्री म्यानकर ओल्सन र रिचर्ड जेकहाउसरले आफ्नो सन् १९६६ को उत्कृष्ट शोधपत्र 'एन इकोनोमिक थ्योरी अफ एलायन्सेस'मा ठूला मुलुकले प्रायः साझा हितसँग सम्बन्धित लगानीमा असमान हिस्सा वहन गर्छन् । नेटोका साना सदस्य राष्ट्रको न्यून योगदानले यसको पुष्टि गर्छ । क्यानडाकै उदाहरण लिऊँ, क्यानडाले आफ्नो जिडिपीको १.३ प्रतिशत हिस्सा रक्षामा छुट्याएको छ किनभने क्यानडा अमेरिकाले जिम्मेवारीको महत्त्वपूर्ण हिस्सा सम्हाल्नेछ भन्नेमा सचेत छ । नतिजा क्यानडाको सीमित रक्षा बजेटमा हुने परिवर्तनले अपेक्षाकृत रूपमा सानो प्रभाव पार्छ । यो सिद्धान्त पूर्ण नभए पनि महत्त्वपूर्ण छ ।

थ्योरी अफ एलाइन्सका पनि आफ्ना कमजोरी छन् अर्थात् रक्षामा कम खर्च गर्ने क्यानडा सरकारले आफ्नै मुलुकमा भइरहेको भयानक डढेलो निभाउन पनि खासै खर्च गरेको छैन । तर, यति भन्दै गर्दा अमेरिकाले अन्य नेटो मुलुकको राष्ट्रिय रक्षाका लागि आवश्यक खर्च व्यहोर्छ ।

तर, विश्व अर्थतन्त्रका लागि किल इन्स्टिट्युटको हालैको प्रतिवेदनले युक्रेन युद्धमा फ्रान्स, इटली र स्पेनजस्ता युरोपेली मुलुकले पुऱ्याएका योगदान उल्लेख गरेको छ । युरोपेली संघले हालै युक्रेनलाई सन् २०२७ सम्ममा थप ५० अर्ब युरो दिने वाचा गरेको छ र यो रकमको एकतिहाइ मात्र प्रत्यक्ष अनुदानका रूपमा दिइनेछ । बाँकी रकम ऋणका रूपमा उपलब्ध गराइनेछ । सम्भवतः यो बाँकी रकम पनि युक्रेनले चुक्ता गर्न सक्नेछैन ।

पक्कै पनि युक्रेन पुनर्निर्माण एक ठूलो र निकै खर्चिलो काम हुनेछ । यसको सफलता महत्त्वपूर्ण आर्थिक परिवर्तनमा युक्रेनको समर्पणसहित विभिन्न कारकमा निर्भर गर्छ । युरोपेली राष्ट्रले ऐतिहासिक कारणले गर्दा पुनर्निर्माण प्रयासको नेतृत्वमा आउन आवश्यक छ । चाहे युरोपेली संघका राष्ट्रले थप ऋण र सुस्त आर्थिक वृद्धि किन नव्यहोरून्, युरोपेली संघले नेतृत्व लिनैपर्छ ।

(रोगोफ हार्वर्ड विश्वविद्यालयका अर्थशास्त्र एवं सार्वजनिक नीतिका प्राध्यापक हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

लेखका लागि : opinion@

कत्तिको साकार हुँदै छ अमेरिकाको चिपमेकिङ योजना ?

टिएसएमसीका संस्थापक मोरिस चाङले लागतका कारण अमेरिकामा निर्मित चिप्स महँगो हुने चेतावनी दिएका छन्

अमेरिकी चिपनिर्माताले सेमीकन्डक्टर व्यापारको विश्वव्यापी आयको एकतिहाइ हिस्सा ओगट्छन् । तिनले विश्वको सबैभन्दा परिष्कृत माइक्रोप्रोसेसरहरू डिजाइन गर्छन्, जुन स्मार्टफोन, डाटा सेन्टर र आर्टिफिसियल इन्टेलिजेन्स (एआई) मोडल्सका अपरिहार्य घटक हुन् । तर, न अमेरिकी फर्म, न त तिनका एसियाली म्यानुफ्याक्चररले नै यस्ता उन्नत चिप्स अमेरिकामा उत्पादन गर्छन् । आधुनिक अर्थव्यवस्था (एआई र युद्धमा पनि) मा चिप्स सर्वोपरि हुने भएकाले यो अवस्थाले वासिंटनका नीति-निर्मातालाई चिन्तित तुल्यायो । जवाफमा उनीहरूले चिप्स एक्ट ल्याएका छन् । उन्नत चिप म्यानुफ्याक्चरिङलाई पुनः अमेरिका फर्काउन ५० अर्ब डलरको अनुदान प्याकेजसहित, कर छुट र अन्य लालच समाविष्ट यो कानुन राष्ट्रपति जो बाइडनले सन् २०२२ को ९ अगस्टमा प्रमाणीकरण गरेका थिए ।

सतही रूपमा कानुनले प्रभाव पारेकै देखिन्छ । यस्तो कानुन ल्याउने क्रुा चलेपछि सन् २०२० यता चिप निर्माताले घोषणा गरेको अमेरिकामा लगानीको आँकडाले दुई खर्ब अमेरिकी डलर नाघिसकेको छ । यदि सबै क्रुा योजनामुताबिक चल्यो भने सन् २०२५ सम्ममा अमेरिकी चिप कारखानाले विश्वको १८ प्रतिशत उन्नत चिप्स उत्पादन गर्न थाल्नेछन् । विशाल ताइवानी चिप उत्पादक टिएसएमसीले अमेरिकाको एरिजोनामा दुइटा फ्याब (चिप बनाउने कारखाना) निर्माणका लागि ४० अर्ब अमेरिकी डलर खर्च गरिरहेको छ । दक्षिण कोरियाको सामसुङले पनि टेक्सासमा १७ अर्ब डलर लगानी गर्ने भएको छ । अमेरिकाको अग्रणी चिपमेकिङ कम्पनी इन्टेलले एरिजोना र ओहायोमा चारवटा फ्याबमा ४० अर्ब डलर खर्च गर्ने भएको छ । चिप्स एक्ट आएको एक वर्ष पुग्दै गर्दा र अमेरिकी सरकारले कानुनमा वाचा गरेअनुसारको पैसा खर्चिने तयारी गरिरहँदा कुनै पनि मुद्दामा पछिल्लो समय बिरलै एकमत देखिने डेमोक्र्याट र रिपब्लिकन दुवैले यो एक्टलाई विजयको रूपमा लिएका छन् ।

तर, अहिले नै विजय भइसकेको ठान्नु अपरिपक्व हुन सक्छ । अमेरिकामा निर्माण भइरहेका उन्नत फ्याबहरू बनाउन ढिला, चलाउन महँगा र (आकार र क्षमतामा) एसियाका भन्दा साना



छन् । चिपनिर्माताहरूको अमेरिकी लगानी क्षणिकै भए पनि चिप्सको माग कम भएको समयमा आएको छ, जसले मामलालाई थप जटिल बनाएको देखिन्छ । यसले उद्योगको दीर्घकालीन नाफामा असर पार्न सक्छ ।

विज्ञ समूह (थिंक ट्यांक) सेन्टर फर सेक्युरिटी एन्ड इमर्जिङ टेक्नोलोजीका अनुसार चीन र ताइवानमा कम्पनीहरूले करिब ६५० दिनमा एउटा नयाँ प्लान्ट स्थापना गर्छन् । अमेरिकामा, म्यानुफ्याक्चररहरूले संघीय, राज्य र स्थानीय सरकारी नियमको झन्झटिला नियमन पूरा गर्नुपर्ने हुँदा औसत निर्माण अवधि नै नौसय दिन पुग्छ । सामान्यत नयाँ फ्याबको निर्माणमा पुँजीगत खर्चको लगभग आधा हिस्सा खपत हुन्छ, तर एसियामा भन्दा अमेरिकामा निर्माण (कन्स्ट्रक्सन) लागत ४० प्रतिशत बढी हुन सक्छ । यद्यपि लागतको केही हिस्सा चिप्स एक्टको सहुलियतबाट व्यहोर्न सकिन्छ । तर, अझै पनि

> चिप-निर्माताहरूले अमेरिकामा सन् ०२० पछि मात्र दुई खर्ब अमेरिकी डलरभन्दा धेरैको लगानी घोषणा गरेका छन् । यदि सबै क्रुा योजनामुताबिक चल्यो भने सन् ०२५ सम्ममा अमेरिकी चिप कारखानाले विश्वको १८ प्रतिशत उन्नत चिप्स उत्पादन गर्न थाल्नेछन् ।

वार्षिक सञ्चालन खर्च ज्युँकात्युँ रहन्छ, जुन अमेरिकी कामदारको उच्च ज्यालालगायतका कारण एसियाको तुलनामा अमेरिकामा ३० प्रतिशत बढी हुन आउँछ । समस्या कामदारको पनि छ । गत जुलाईमा टिएसएमसीले एरिजोनाको आफ्नो पहिलो फ्याब उद्घाटनको समय एक वर्ष धकेलेर सन् २०२५ लाई लक्षित गरेको थियो । कारण उसले सेमीकन्डक्टर उद्योगको अनुभव भएका पर्याप्त कामदार फेला पार्न सकेन ।

निर्माणाधीन वा निर्माणको योजनामा रहेका अमेरिकी परियोजनाको सानो आकारले पनि यसको अर्थशास्त्रलाई थप कमजोर बनाएको छ । एउटा फ्याबले जति धेरै चिप्स बनाउँछ, उति नै प्रतिएकाइ लागत कम पर्न आउँछ । टिएसएमसीको एरिजोनाको फ्याबले महिनामा ५० हजार वाफर्स (सेमीकन्डक्टर कुद्ने जर्मेनियम वा सिलिकनबाट बनेको पातलो चक्का) उत्पादन गर्नेछ, जुन दुई 'मेगा-फ्याब'बराबर हो । तर, ताइवानमा भने टिएसएमसीले चार 'गिगा-फ्याबहरू' सञ्चालन गर्छ । ती प्रत्येकले महिनामा कम्तीमा एक लाख वाफर्स उत्पादन गर्छन् (अनगिन्ती मेगा-फ्याबका साथ) । टिएसएमसीका संस्थापक मोरिस चाङले लागतका कारण अमेरिकामा निर्मित चिप्स महँगो हुने चेतावनी दिएका छन् ।

टिएसएमसीका वर्तमान प्रमुख कार्यकारी सिसी वेईले कम्पनीले यी उच्च लागत थेग्न सक्ने संकेत गरेका छन् । उनले यसो गर्न सक्छन्, किनभने अमेरिकामा होइन टिएसएमसीले आफ्नो चिप्सको ठूलो हिस्सा ताइवानमा अझ सस्तोमा बनाउने क्रम जारी राख्नेछ । सामसङको हकमा पनि यही हो, उसले आफ्नो पुँजीगत बजेटको करिब ९० प्रतिशत कोरियामा नै खर्चिनेछ । इन्टेलले पनि अमेरिकीभन्दा विदेशी फ्याबहरूमा बढी लगानी गरिरहेको छ । फलस्वरूप, योजनामा गरेका सबै लगानी साकार हुँदा अमेरिकाले एकतिहाइ घरेलु माग धान्ने उन्नत चिप्स उत्पादन गर्नेछ । एप्पलले आफ्ना आइफोनका लागि उन्नत प्रोसेसरहरू ताइवानबाट मगाउने क्रमलाई जारी नै राख्ने छ । यी सबै सम्भावनाका मध्यनजर नवजात अमेरिकी एआई उद्योगले औद्योगिक रूप लिन सक्ने आशासम्म गर्न सकिन्छ ।

यो कानुनको परिणाम अनपेक्षित पनि हुन सक्छ । सरकारी सहयोग स्वीकार गर्ने चिप कम्पनीलाई चीनमा उत्पादन क्षमता विस्तार गर्न प्रतिबन्ध लगाइएको छ । टिएसएमसी र सामसुङजस्ता प्रशस्त चिनियाँ ग्राहक भएका कम्पनी अमेरिकी फ्याबहरूमा अधिक लगानी गर्ने दुरुत्साहित हुन सक्छन् । यस्ता नियमले चिनियाँ चिपमेकरहरूलाई मध्यमस्तरका सेमीकन्डक्टर उत्पादनमा लगानी गर्न उत्प्रेरित गरिरहेको छ । थ्रुप्रे पुराना पुस्ताका चिप्समा उन्नत चिप्सले गर्न सक्ने केही काम गर्ने क्षमता रहेको मानिन्छ ।

सेमीकन्डक्टर उद्योगबारे अनुसन्धान गर्ने समूह सेमीका अनुसार सन् २०१९ मा चीनले वासिङ मेसिनदेखि कार र विमानसमेतमा प्रयोग हुने (ट्रेलिङ-एज) चिप्सको २० प्रतिशत हिस्सा उत्पादन गरेको थियो । उसले सन् २०२५ सम्ममा यस्ता एकतिहाइभन्दा बढी चिप उत्पादन गर्नेछ । गत जुलाईमा ट्रेलिङ-एज चिप्सको डच निर्माता एनएक्सपी सेमीकन्डक्टरले चिनियाँ फर्महरूबाट अत्यधिक आपूर्तिले चिपको मूल्यमा गिरावटको दबाब दिइरहेको चेतावनी दिएको थियो । दीर्घकालमा यसले उच्च लागतका पश्चिमी उत्पादकलाई खतरामा पार्न र केहीलाई व्यवसायबाटै बाहिर धकेल्न पनि सक्छ ।

गत जुलाईमा अमेरिकी वाणिज्यमन्त्री जिना राइमोन्डोले 'ट्रेलिङ-एज चिप्समाथि चीनको ध्यान अमेरिकाका लागि एउटा सोचनीय समस्या भएको' बताएकी थिइन् ।

सेमीकन्डक्टर उद्योगको उछाल र मन्दीको चक्रमा यस चिप्स एक्टको प्रभावको भविष्यवाणी गर्न सबैभन्दा गाह्रो भएको छ । सामान्यतः चिप निर्माताले माग बढेको समयमा आफ्नो क्षमता बढाउँछन् । अहिले यसको ठिक उल्टो भइरहेको छ । महामारीको समयको चिप अभाव पूरा भइसकेको छ, अब उपभोक्ताको सबैभन्दा ठूलो भोक डिजिटल देखिन्छ, त्यो पनि तृप्त भएको छनक मिलेको छ । टिएसएमसीको दोस्रो त्रैमासिक बिक्री १० प्रतिशतले घटेको छ । उसले यो सन् २०२३ को सम्पूर्ण अवधिमा यस्तै गिरावटको अपेक्षा गरेको छ । इन्टेलको आम्दानी एक वर्षअघिको तुलनामा जुनसम्मको दोस्रो त्रैमासमा १५ प्रतिशतले घटेको छ । सामसुङले आफ्नो आम्दानी र नाफा घट्नुमा चिप्सको अधिक आपूर्तिलाई नै जिम्मेवार ठहऱ्याएको छ । यिनै कारणका बीच इन्टेलको सेयर मूल्य सन् २०२१ को सुरुको तुलनामा अहिले आधाले घटेको छ ।

चिपकम्पनीका कार्यकारी भने यो उद्योगको सम्भावना आकर्षक रहेको बताउँछन् । माग कुनै बिन्दुमा पुनरुत्थान हुने उनीहरूको अपेक्षा सही हुन सक्छ । तथापि अधिक आपूर्तिको समायोजनले अपेक्षा गरेभन्दा बढी समय लिइरहेको छ । आपूर्ति र मागको समायोजन मिल्दासम्म यो व्यवसायको आकर्षण कम हुन सक्छ । सन् २०२१ को सुरुयता इन्टेल, सामसङ र टिएसएमसीले आफ्नो संयुक्त बजार मूल्यको एकतिहाइ अर्थात् झन्डै पाँच खर्ब डलर गुमाइसकेका छन् । चिप्स एक्टले अमेरिकी आर्थिक सुरक्षामा पारेको प्रभावको उचित मूल्यांकनका लागि अझै केही वर्षगाँठ कुर्नुपर्ने हुन सक्छ । लगानीकर्ताले आफ्नो मनस्थिति बनाइसकेका छन् ।

- द इकोनोमिस्टबाट

जेल सजायले इमरान खानको राजनीतिक करिअर अन्त्य गर्ला ?

पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानलाई स्थानीय अदालतले भ्रष्टाचारको आरोपमा तीन वर्षको जेल सजायको फैसला सुनाएपछि उच्च सुरक्षायुक्त जेलमा बन्दी बनाइएको छ । अदालतले आफ्नो निर्णयमा खानलाई राजनीतिबाट पाँच वर्षका लागि प्रतिबन्ध लगाएको छ, जुन यदि कार्यान्वयन भयो भने खानको राजनीतिक भविष्यकै लागि खतरा हुनेछ । पाकिस्तानको राष्ट्रिय क्रिकेट टोलीका कप्तान रहेर देशलाई क्रिकेट विश्वकप जिताएका खान त्यसको चार वर्षपछि नै अर्थात् सन् १९९६ मा राजनीतिमा छिरेका थिए, तरिक-ए-इन्साफ (पिटिआई) दल खोलेर । ७० वर्षीय खानलाई अहिले १४ करोड पाकिस्तानी रुपैयाँ अर्थात् ४ लाख ९७ हजार डलरको सरकारी उपहार अवैध रूपमा बेचेको आरोपमा सजाय भएको हो ।

खानले गल्ती अस्वीकार गरेका छन् । उनले ती उपहार आफूले कानुनी रूपमा सरकारी अधिकारीले पाउने उपहार राखिने खजाना-घर अर्थात् तोसाखानाबाट किनेको बताउँदै आएका छन् । उनका वकिलले खानको मुद्दामा निष्पक्ष सुनुवाइ नभएको र मुद्दा राजनीतिक रूपमा प्रेरित भएको आरोप लगाइरहेका छन् । पाकिस्तानमा हाल सबैभन्दा लोकप्रिय नेता मानिने खान गत मे महिनामा पनि गिरफ्तार परेका थिए । त्यस वेला उनको पक्राउको विरोधमा देशभर ठूलो विरोध प्रदर्शन भएको थियो । पक्राउमा सेनाको हात रहेको आशंकामा खानका समर्थकले देशको सेनाको मुख्यालयमा समेत आक्रमण गरेका थिए । पाकिस्तानमा निकै सम्मानित र शक्तिशाली मानिने सेनाकै मुख्यालयमा भएको आक्रमणले धेरैलाई आश्चर्यचकित बनाएको थियो ।

त्यसपछिका दिनमा पिटिआईविरुद्ध राज्य प्रायोजित कारबाही तीव्र बनाइएको यसका कार्यकर्ताले आरोप लगाउँदै आएका छन् । 'निर्वाचनको केही महिनाअघि तपाईं देशको सबैभन्दा ठूलो पार्टीका नेतालाई पक्राउ गर्न सक्नुहुन्न । यदि तपाईंले मत सर्वेक्षण हेर्नुभयो भने पिटिआईको ७० प्रतिशतको अनुमोदन दर छ । पाकिस्तानमा कुनै अर्को पार्टी यति लोकप्रिय छैन । यहाँ अहिले जे भइरहेछ, त्यो पागलपन हो,' पक्राउअघि इमरान खानले अल जजिरालाई अन्तर्वार्ता दिँदै भने ।



खानको पुनरागमनको सम्भावना कति ?

इमरान खानले तल्लो अदालतले आफूविरुद्ध गरेको निर्णयविरुद्ध मंगलबार उच्च अदालतमा अपिल गरेको बताएका छन् । पुनरावेदन दिनुअघि नै पिटिआईका सदस्य र खानको कानुनी टोलीका सदस्य बाबर अवानले उक्त फैसलालाई 'जाली अदालतको हास्यास्पद फैसला' भएको बताउँदै यो माथिल्लो अदालतबाट उल्टिने दाबी गरे । 'अहिले खानलाई निष्पक्ष सुनवाइको अधिकार दिइएन । जबकि देशको संविधानले हरेक नागरिकलाई यो अधिकार दिएको छ,' अवानले अल जजिरालाई भने । तल्लो अदालतले फैसला सुनाउँदा खान उपस्थित थिएनन् । पाकिस्तानी कानुनले खानलाई लागेको आरोपको सुनुवाइ व्यक्तिको अनुपस्थितिमा मुद्दा चलाउने विकल्प प्रदान गरेको छैन । यसले गर्दा उच्च अदालतले तल्लो अदालतको 'फैसलालाई निलम्बन गर्ने र इमरान खानको चाँडो रिहा हुने' खानका वकिल अवानले दाबी गरे ।

> हिरासतमा रहेमा खानले आगामी निर्वाचनमा उम्मेदवारी दिने सम्भावना समाप्त हुन्छ । फौजदारी अपराधमा दोषी ठहरिएका जो-कोहीलाई पाकिस्तानमा चुनाव लड्न अयोग्य ठहऱ्याइन्छ । पाकिस्तानको संसद् आफ्नो पाँचवर्षे समयावधि पूरा गरेर अब छिटै विघटन हुने सम्भावना छ ।

हिरासतमा रहेमा खानले आगामी निर्वाचनमा उम्मेदवारी दिने सम्भावना समाप्त हुन्छ । फौजदारी अपराधमा दोषी ठहरिएका जो-कोहीलाई पाकिस्तानमा चुनाव लड्न अयोग्य ठहऱ्याइन्छ । पाकिस्तानको संसद् आफ्नो पाँचवर्षे समयावधि पूरा गरेर अब छिटै विघटन हुने सम्भावना छ । यसअघि नोभेम्बरको मध्यमा आमचुनाव हुने भनिएको थियो । तर, भर्खरै जनगणनाको नतिजा सार्वजनिक भएपछि पाकिस्तानी कानुनअनुसार निर्वाचन क्षेत्रहरूको पुनः चित्रण गर्नुपर्ने भएकाले निर्वाचन केही महिना पर धकेलिन सक्छ ।

यदि खानले माथिल्लो अदालतमा गरेको पुनरावेदन असफल भयो भने यस फैसलाअनुसार खान पाँच वर्षपछि मात्र राजनीतिमा फर्कन सक्छन् । यद्यपि, यो मुद्दा खानले अदालतमा सामना गरिरहेका करिब १५० मध्ये एक हो, जसमा भ्रष्टाचार र हत्याको प्रयाससम्मका आरोप समावेश छन् । खानले आफूमाथि लगाइएका मुद्दा खासमा उनलाई चुनाव लड्नबाट रोक्नकै लागि ल्याइएका आरोप लगाउँदै आएका छन् ।

किन लोकप्रिय छन् इमरान खान ?

खानको राजनीतिक आगमनले पुराना दल र तिनका बूढा राजनीतिकज्ञमाझ नयाँ अनुहारको आगमनको रूपमा हेरिएको थियो । उनको भ्रष्टाचारमुक्त राजनीति गर्ने वाचाले पुरानो राजनीतिक दलबाट वाक्क भइसकेका निराश युवा मतदातालाई आकर्षित गऱ्यो । यही आकर्षणको बलमा उनले सन् २०१८ मा ठूलो जनमत हासिल गरे र प्रधानमन्त्री बने । त्यति वेला उनलाई शक्तिशाली सैन्य प्रतिष्ठानको पनि साथ-समर्थन रहेको धेरैको विश्वास गरिन्छ । खानले उनका भाषणमा रुढिवादी इस्लामको समर्थन गर्छन् भने पश्चिमको (अझ विशेष अमेरिकाको) विरोध गर्छन् । यसले पाकिस्तानी समाजको प्रभावशाली रुढिवादी तप्कालाई उनीतर्फ तानेको थियो ।

खानको परोपकारले पनि उनलाई धेरै प्रशंसक हासिल गरायो । उनले आफ्नो र अभियानमार्फत संकलित रकमले 'सौकत खान मेमोरियल क्यान्सर अस्पताल' र अनुसन्धान केन्द्रको स्थापना गरे । लाहोर र पेसावरमा रहेका ती क्यान्सर केन्द्रले अधिकांश बिरामीलाई निःशुल्क क्यान्सर उपचार प्रदान गर्दै आएको छ । उनको कार्यकालमा, पाकिस्तानमा दक्षिण एसियाकै सबैभन्दा कम कोभिड-१९ दर दर्ता भयो । र, त्यही समय उनको सरकारले ल्याएको गरिबी-उन्मूलन कार्यक्रमले महामारीले ल्याएको आर्थिक कठिनाइलाई कम गर्न मद्दत गरेको थियो ।

गत अप्रिलमा इमरान खानका केही सत्ता-साझेदार दल र उनकै पार्टीका केही सांसदले साथ छाडे । जसले गर्दा उनीविरुद्ध दायर अविश्वासको प्रस्ताव पारित भयो र उनी सत्ताच्युत भए । त्यसयता खानले देशको सेनाले आफ्नो सरकार ढलाउन भूमिका खेलेको दाबी गर्दै आएका छन् । सेनाले यस आरोप खण्डन गर्दै आएको छ । सरकारबाट बाहिरिएपछि खानको लोकप्रियता थप बढेको छ । नोभेम्बर २०२२ मा भएको एक चुनावी च्यालीमा उनीमाथि गोली हानिएपछि उनको समर्थन थप चुलियो । त्यस वेला उनको खुट्टामा गोली लागेको थियो । खानले पछि यो घटना देशका सैन्य प्रमुखले उनको हत्या गर्ने षड्यन्त्रमा घटाएको आरोप लगाए । तथापि उनले यस आरोप प्रमाणित गर्ने खालको कुनै प्रमाण पेस गरेका छैनन् ।

खानले सन् १९९६ मा राजनीतिमा प्रवेश गर्नुअघि देशमा उनको छवि एक 'प्लेब्वाई' क्रिकेटरको रूपमा थियो । तर, उनले सो छवि पखाल्ने मात्र होइन, दशकौंसम्म पाकिस्तानी राजनीतिमा प्रभुत्व जमाउँदै आएका दुई स्थापित राजनीतिक दल (पाकिस्तान मुस्लिम लिग(नवाज) र पाकिस्तान पिपुल्स पार्टी)को वंशवादविरुद्ध नयाँ विकल्प निर्माण गरे । खानले आफूलाई देशमा लामो समयदेखि चलिरहेको भ्रष्टाचारलाई सम्बोधन गर्न सक्ने राजनीतिज्ञको रूपमा प्रस्तुत गर्न सफल भएका छन् । पाकिस्तानी राजनीतिमा छोटो समयमै उलेख्य प्रभाव पार्न सफल खानको आगामी राजनीति भने अहिले अन्योलमा परेको छ ।

- अल जजिराबाट

इतिहासमा आज



सन् १७९२ : फ्रान्सका लुई १६औं जेल परे । फ्रान्सेली क्रान्ति (सन् १७८७-सन् १७९९) जारी रहँदा सन् १७९२ मा आजकै दिनमा राजा लुइस १६औं र उनकी पत्नी मारी-एन्टोनेटलाई कैद गरिएसँगै देशको राजतन्त्र पराजित भयो ।

सन् २००३ : रुसी अन्तरिक्षयात्री युरी मालेन्चेन्को अन्तरिक्षमा विवाह गर्ने पहिलो व्यक्ति हुन् । उनले अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेसनबाट टेक्सासस्थित एकटेरिना दिमित्रीभासँग विवाह गरे । विवाह नासाको स्याटेलाइट हुकअपमार्फत सम्पन्न भएको थियो ।

सन् २००१ : अंगोला गृहयुद्धको समयमा रेलमा भएको आक्रमणमा २५० जनाको मृत्यु । नेसनल युनियन फर द टोटल इन्डिपेन्डेन्स अफ अंगोला (युएनआइटिए) का विद्रोहीले एन्टी-ट्यांक माइन प्रयोग गरेर रेललाई लिकबाट खसालेका थिए र यात्रुमाथि अन्धाधुन्द गोली हानेका थिए ।

सन् १९१४ : प्रथम विश्वयुद्धमा फ्रान्सद्वारा अस्ट्रिया र हंगेरीविरुद्ध युद्ध घोषणा ।

सन् १९४४ : नर्भा युद्ध समाप्त । जर्मन सेना र सोभियत लेनिनग्राद मोर्चाबीच दोस्रो विश्वयुद्धमा इस्टोनियाको नार्भा इस्थमस नियन्त्रणका लागि आठ दिन लामो युद्ध लडिएको थियो । जर्मनको निर्णायक विजयसँगै युद्ध समाप्त भयो ।

विश्व संक्षेप

महात्मा गान्धीका पनाति पक्राउ

नयाँदिल्ली / महात्मा गान्धीका पनाति तुसार गान्धी पक्राउ परेका छन् । प्रहरीले उनलाई बुधबार बिहान पक्राउ गरेको हो । 'भारत छोडो आन्दोलन' स्मृति दिवसका अवसरमा आयोजना गरिएको कार्यक्रममा सहभागी हुन क्रान्ति मैदानतर्फ गइरहेका वेला उनलाई पक्राउ गरिएको हो । सामाजिक सञ्जालमा गान्धीका पनातिले लेखेका छन्, 'यो ऐतिहासिक दिनमा बापु र बालाई बेलायतका प्रहरीले पक्राउ गरेका थिए, म पनि पक्राउ पर्दै, यसमा मलाई गर्व छ ।' बुधबार मध्याह्नतिर सामाजिक सञ्जालमा नै अर्को विवरणमा तुसारले लेखेका छन्, 'अन्ततः मलाई रिहा गरिएको छ, इन्कलाब जिन्दावाद ।' सन् १९४२ मा आजकै दिन अर्थात् ९ अगस्टमा महात्मा गान्धीको नेतृत्वमा भारत छोडो आन्दोलन सुरु भएको थियो । यसैबीच, महाराष्ट्र एनसिपीका अध्यक्ष जयन्त पाटिलले तुसार गान्धी पक्राउको विरोध गरेका छन् ।

मणिपुर हिंसामा सरकार अकर्मण्य : राहुल

मणिपुर / भारतका विपक्षी नेता राहुल गान्धीले देशको उत्तरपूर्वी क्षेत्रमा भएको घातक जातीय द्वन्द्वका विषयमा प्रधानमन्त्री नरेन्द्र मोदीले 'निष्क्रियता' देखाएको आरोप बुधबार लगाएका छन् । मणिपुर राज्यमा कम्तीमा १२० जनाको ज्यान जाने गरी भएको हिंसालाई लिएर विपक्षी दलहरूले गरेको आलोचनाप्रति मोदी प्रशासनले यसै साता आफ्नो धारणा राख्दै विपक्षीहरूको आरोपको खण्डन गरेको छ । संसद्मा गान्धीले गरेको कडा सम्बोधन, महिनौंसम्म अशान्ति भड्काउन दिएकामा सरकारको राजीनामाको मागसहित दर्ता भएको अविश्वास मतको बहसमाथिको एक हिस्सा हो । उनले भने, 'तपाईंहरू देशैभरि मट्टितेल फ्याँक्दै हुनुहुन्छ । तपाईंले मणिपुरमा मट्टितेल फ्याँक्नुभयो, यसबाट आगो दन्किएको छ,' गान्धीले समर्थकको जयजयकार र प्रतिद्वन्द्वी सांसदहरूको कटाक्षबीच भने । भारतमा अर्को वर्षको सुरुमा आमनिर्वाचन हुनेछ । मोदीको हिन्दू राष्ट्रवादी भारतीय जनता पार्टी (भाजपा) लाई विपक्षीहरूले चुनावी उद्देश्यका लागि विभाजन भड्काएको आरोप लगाउँदै आएका छन् । भाजपाको बृहत् बहुमत रहेको ५४३ सदस्यीय तल्लो सदनमा अविश्वासको मतलाई भाजपाले सहजै बहुमतद्वारा असफल पार्ने अपेक्षा गरिएको छ । 'भारतीय सेनाले एक दिनमा शान्ति ल्याउन सक्छ, तर तपाईंहरूले त्यसको प्रयोग गरिरहनुभएको छैन,' गान्धीले भने । गान्धीले भने, 'यदि प्रधानमन्त्री मोदीले भारतको आवाज सुन्नुहुन्न भने कसको आवाज सुन्नुहुन्छ ?'

सामूहिक बलात्कारको अभियोगमा पाँचलाई फाँसी

तेहरान / इरानको उत्तरपश्चिम क्षेत्रमा एक महिलामाथि सामूहिक बलात्कार गरेको अभियोगमा पाँचजनालाई बुधबार मृत्युदण्ड दिइएको छ । गत वर्ष महिलामाथि सामूहिक बलात्कार गरेको अभियोगमा मृत्युदण्ड दिइएको इरानको न्यायपालिकाले जनाएको छ । 'मे २०२२ मा मारान्द सहरमा एक महिलालाई अपहरण गरी बलात्कार गर्ने पाँचजनालाई मृत्युदण्ड दिइएको छ,' न्यायपालिकाको मिजान अनलाइनले घोषणा गरेको छ । पूर्वी अजरबैजान प्रान्तमा भएको सामूहिक बलात्कारको चार दिनपछि पक्राउ परेका ती व्यक्ति अन्य अपराधमा पनि संलग्न रहेको मिजानले जनाएको छ । गत महिना पनि इरानले नक्कली कस्मेटिक सर्जरी क्लिनिकमा उपचारको प्रलोभन देखाएर अर्धचेत अवस्थामा बलात्कार गरेको अभियोगमा तीनजनालाई मृत्युदण्ड दिएको थियो । उनीहरूलाई सन् २०२१ को अन्त्यतिर दक्षिणी प्रान्त होर्मोज्गानमा यौन दुर्व्यवहारका थुप्रै घटनामा सहभागी रहेको अभियोगमा दोषी ठहर गरिएको मिजानले जनाएको छ ।

आर्थिक संकटमोचनका उपाय

वर्तमान आर्थिक संकट समाधानार्थ स्थिर मौद्रिक ढाँचा, मौद्रिक तथा वित्त नीति र सरकारी हस्तक्षेपको आर्थिक नीति प्रभावकारी हुन सक्छ



अर्थ संवाद

● डा. कृष्णराज पन्त

राष्ट्रिय तथ्यांक कार्यालयले आर्थिक वर्ष ०७९/८० मा मुलुकको आर्थिक वृद्धिदर उपभोक्ताको मूल्यमा १.८६ प्रतिशत र आधारभूत मूल्यमा २.४ प्रतिशतमा सीमित रहने र अर्थतन्त्रको आकार ५३ खर्ब ८१ अर्बको हुने प्रक्षेपण गरेको छ। विश्व बैंक र एसियाली विकास बैंकले यो वृद्धिदर क्रमशः ४.१ प्रतिशत र अन्तर्राष्ट्रिय मुद्रा कोषले ४.४ प्रतिशत रहने प्रक्षेपण गरेका छन्। कुल गार्हस्थ्य उत्पादनमा महत्त्वपूर्ण हिस्सा ओगटेका क्षेत्रमध्ये उत्पादन, निर्माण, थोक तथा खुद्रा व्यापार क्षेत्रको वृद्धिदर ऋणात्मक छ। यस्तै, कृषि, यातायात र रियल इस्टेट क्षेत्रको वृद्धिदर ऋणात्मक नभए पनि न्यून छ।

नेपाल राष्ट्र बैंकले चालू आवको ११ महिनाको तथ्यांकमा आधारित रहेर देशको आर्थिक तथा वित्तीय अवस्थाको बारेमा भर्खरै जारी गरेको प्रतिवेदनअनुसार मुद्रास्फीति ६.८९ प्रतिशत र आयात-निर्यात क्रमशः १६ र २२.७ प्रतिशतले घटेको छ। यस अवधिमा विप्रेषण आप्रवाह २२.७ प्रतिशतले बढेको छ भने भ्रमण व्यय करिब ३७.९ प्रतिशतले वृद्धि हुँदा खुद सेवा आय अझै घाटामा छ। यस अवधिमा आयातमा आएको कमीले गर्दा भुक्तानी सन्तुलन (शोधनान्तर स्थिति) भने बचतमा छ। विदेशी मुद्रा सञ्चिति २१.८ प्रतिशतले बढेको छ। विस्तृत मुद्रा प्रदाय ७.८ प्रतिशतले बढेको छ। बैंकमा तरलता बढे पनि कर्जा प्रवाह बढ्न सकेको छैन।

वर्तमान आर्थिक संकट : शिथिलता वा मन्दी

नेपालको अर्थतन्त्र आर्थिक शिथिलता वा आर्थिक मन्दी कुन चरणमा छ भन्नेमा फरक-फरक धारणा व्यक्त भएको पाइन्छ। आर्थिक मन्दीले व्यावसायिक चक्र (बिजनेस साइकल) भित्रको आर्थिक गतिविधिमा गिरावट आएको अवधिलाई जनाउँछ। यस अवधिमा ऋणात्मक आर्थिक वृद्धिदरसहित आर्थिक उत्पादन, रोजगारी, वास्तविक आयलगायतका सूचकमा गिरावट आउँछ। तर, आर्थिक शिथिलता आर्थिक मन्दीभन्दा अघिल्लो चरण हो। यसमा लगातार दुई चौमासिकसम्म मुलुकको वास्तविक कुल गार्हस्थ्य उत्पादनको ऋणात्मक वृद्धि, बेरोजगारी ६ प्रतिशतमाथि पुग्नु, औद्योगिक उत्पादनमा गिरावट, वित्तीय बजारमा संकट, मुद्रास्फीति वा मूल्यवृद्धि, उपभोगमा ह्रास, अन्तर्राष्ट्रिय व्यापारमा ह्रासलगायत विषय पर्छन्। राष्ट्रिय तथ्यांक कार्यालयको गणनाअनुसार मौसम अनुकूलित चौमासिक आर्थिक वृद्धिदर आव ०७९/८० को पहिलो र दोस्रो चौमासिकमा लगातार ऋणात्मक (क्रमशः -०.३४ र -०.७३ प्रतिशत) छ भने पर्यटन क्षेत्रमा भएका केही सुधारबाहेक ऋणात्मक वृद्धि रहेका उत्पादन, निर्माण, थोक तथा खुद्रा व्यापारलगायतका क्षेत्रमा तेस्रो चौमासिकमा पनि खासै सुधार हुन सक्ने देखिँदैन। वित्तीय बजारमा तरलतामा सुधार आए पनि लगानी र उपभोगको क्षेत्रमा सुधार नहुँदा ऋणको माग बढ्न सकेको छैन। बेरोजगारी वृद्धिको चौमासिक तथ्यांक उपलब्ध हुन नसके पनि आर्थिक गतिविधिमा सुधार हुन नसकेको र वैदेशिक रोजगारीमा जानेहरूको संख्यामा वृद्धिले मुलुकमा बेरोजगारीको समस्या चिन्ताजनक छ।

गत आवमा मूल्यवृद्धि पनि सरदरमा ७.५ प्रतिशत रहेको देखिन्छ। उपभोक्ता र लगानीकर्ता दुवैमा आत्मविश्वास घट्न गई लगानी र उपभोगमा ह्रास आउँदा वस्तुको माग र उत्पादन दुवै घटेको छ। आयात-निर्यात व्यापार वृद्धि ऋणात्मक छ। बैंकहरूमा डिफल्ट लोनको वृद्धि, कर्जामा मागको कमी र लघुवित्त तथा सहकारीहरूमा पनि समस्या देखिएको छ। सेयर बजारको अवस्थामा उतारचढाव छ। यसरी, वित्तीय बजारमा पनि समस्या देखिएको छ। रियल स्टेट क्षेत्रमा गिरावट छ। निजी क्षेत्र अत्यन्तै निराशाजनक स्थितिमा छ। यी सबै आर्थिक परिसूचकहरूको अवस्था र संकेतले नेपाल माग तथा आपूर्ति दुवै पक्षमा आर्थिक शिथिलताको चरण पार गरेर लगभग आर्थिक मन्दीको अवस्थामा टेकिसकेको भन्न सकिन्छ। देश खासगरी मुद्रास्फीतिजन्य मन्दी (स्ट्यागफ्लेसन)को अवस्थामा छ र त्यसको खतरा अझै रहेको देखिन्छ।

आर्थिक संकटका कारण : वर्तमान आर्थिक संकट आउनुमा आन्तरिक र बाह्य दुवै कारण छन्। कोभिड-१९ र रुस-युक्रेन युद्धको असर बाह्य कारण हुन् भने सरकारको नीति एवं अर्थतन्त्रको संरचनासम्बन्धी केही आन्तरिक कारण पनि छन्। पहिलो हो, आयातमुखी अर्थतन्त्र। हाल अन्तर्राष्ट्रिय व्यापारमा आयातको अनुपातमा निर्यात जम्मा ९.७ प्रतिशत छ भने कुल व्यापारमा निर्यात र आयातको अनुपात क्रमशः ८.८ प्रतिशत र ९१.२ प्रतिशत छ। रुस-युक्रेन युद्ध र सरकारले लिएको आयात नियन्त्रण नीतिले बजारमा वस्तु आपूर्तिमा कमी आएको छ, जसका कारण मूल्यवृद्धि भएको छ। यसको असर भन्सार राजस्व, मूल्य अभिवृद्धि करमा समेत परेको छ। आयातमुखी आर्थिक गतिविधिका कारण सरकारी खर्च, समग्र वित्त नीतिको प्रभावकारिता र सिंगो अर्थतन्त्रमा समेत असर परेको छ।

दोस्रो, निजी क्षेत्रमा विलासिताका वस्तुहरूको उपभोगप्रतिको आकर्षण र घरजग्गाजस्ता अनुत्पादक क्षेत्रमा लगानीप्रतिको लगाव विद्यमान छ। यसकारण, कित्ताकाट रोकिँदा र कर्जा नीतिमा आएको कडाइका कारण रियल स्टेट व्यापारमा आएको मन्दीले पनि अर्थतन्त्रमा समस्या सिर्जना गरेको छ। नीतिगत कमजोरीका कारण औद्योगिक क्षेत्रको विकास र प्रतिस्पर्धात्मक क्षमता दुवैमा ह्रास आउँदा मुलुकको आर्थिक गतिविधि उद्योगभन्दा व्यापार (सेवा)मुखी बन्दै गएको छ। यसले देशमा उत्पादन एवं रोजगारीको क्षेत्रमा नकारात्मक असर पारी अर्थतन्त्रलाई परनिर्भर बनाउँदै लगेको छ।

केही वर्षदेखि सरकारी चालू खर्चमा वृद्धि, पुँजीगत खर्च कम र दुवै खर्चको प्रभावकारिता तथा उत्पादनशीलता कम भइरहेको छ। बैंक तथा वित्तीय संस्थाको कर्जाको गुणस्तर पनि कमजोर छ। सरकारी र निजी दुवै ऋण तथा लगानी उत्पादकभन्दा अनुत्पादक क्षेत्रमा आकर्षित हुने प्रवृत्तिको निरन्तरताले पनि अर्थतन्त्रको शीघ्र पुनरुत्थानमा गतिरोध पैदा गरेको छ।

चौथो, राजस्व प्रशासनको दक्षता, क्षमता, पारदर्शिता र इमानदारितामा कमी, करदाताको करछली प्रवृत्तिका कारण राजस्व चुहावट हुने र कम राजस्व आम्दानीका कारण पनि पुँजीगत सरकारी खर्चमा कमी आउँदा वित्त क्षेत्रबाट अर्थतन्त्रलाई चलायमान बनाउने उद्देश्यमाथि पनि आँच आएको छ। हचुवा बजेट विनियोजन प्रणाली अर्थात् पूर्वतयारीविनाको पपुलिस्ट, अव्यवस्थित र अनियन्त्रित योजना छनोट प्रवृत्ति, अन्तरनिकाय समन्वयको कमी र कमजोर वित्तीय अनुशासनका कारण सार्वजनिक खर्च (चालू र पुँजीगत खर्च)को प्रभावकारितामा कमी आएको छ। यसले समस्याग्रस्त अर्थतन्त्रको निरन्तरतामा मद्दत गरेको छ।

देशमा सुशासनको अवस्था कमजोर छ। दिनदिनै भ्रष्टाचारका नयाँ-नयाँ स्क्यामहरू उजागर भइरहेका छन्। भ्रष्टाचार र दण्डहीनतासँगै कालो अर्थतन्त्र र पुँजी पलायन मौलाएको छ।



> रुस-युक्रेन युद्ध र सरकारले लिएको आयात नियन्त्रण नीतिले बजारमा वस्तु आपूर्तिमा कमी आएको छ, जसका कारण मूल्यवृद्धि भएको छ। यसको असर भन्सार राजस्व, मूल्य अभिवृद्धि करमा समेत परेको छ।

यसले लगानीका निम्ति आवश्यक पुँजीको अभाव सिर्जना गरेको छ। यसरी मुलुकमा समानान्तर/छाया अर्थतन्त्रको जबर्जस्त हस्तक्षेपले वास्तविक अर्थतन्त्रलाई कमजोर बनाएको छ। यसैगरी, वस्तुको बजारमूल्यमा बिचौलिया तथा कालाबजारियाको बोलवाला हुनाले पनि मूल्यवृद्धिको प्रवृत्तिमा अपेक्षित सुधार आउन सकेको छैन। राजनीतिक अस्थिरता, प्रशासनिक झमेला, पुँजी र नाफाको सुरक्षाको प्रत्याभूतिको अभावजस्ता कारण वैदेशिक लगानी आकर्षित हुन सकेको छैन।

वर्तमान आर्थिक संकटको समाधान : फ्रिडम्यान्स वा केनेसियन

अर्थतन्त्रमा आएको संकटको समाधानमा खासगरी कुन खालको आर्थिक नीतिगत हस्तक्षेपको भूमिका महत्त्वपूर्ण र प्रभावकारी हुन्छ भन्ने विषयको बहसमा मिल्टन फ्रिडम्यानको 'मौद्रिक नीतिमा आधारित' समष्टिगत आर्थिक नीति र जोन मेनार्ड किन्सको 'सक्रिय वित्त नीति'ले बजार लिँदै आएको छ। नेपालमा पनि अहिलेको आर्थिक संकटको प्रतिकार्यका निम्ति नेपाल राष्ट्र बैंकले लचिलो मौद्रिक नीति ल्याओस् भन्ने चाहना नेपाल सरकारको छ भने सरकारले वित्त नीतिमा बढी जोड दिन्छ भन्ने नेपाल राष्ट्र बैंकको अपेक्षा छ। सन् १९३० को ग्रेट डिप्रेसनको वेलाभन्दा भिन्न सन् २००८ को ग्रेट रिसेसनको समाधानका निम्ति जी-२० समिटले किन्सबाट प्रभावित भई विस्तारित मौद्रिक तथा वित्त नीति अपनाउने निर्णय गरेको थियो। अन्तर्राष्ट्रिय अभ्यास यी दुई नीतिको वरिपरि घुमिरहे पनि मुलुकको विशिष्टताअनुरूप अर्थात् आर्थिक संकटको प्रकृति, गहनता र परिस्थितिका आधारमा आर्थिक नीति तय गर्नु बुद्धिमानी हुन्छ।

किन्सको प्रख्यात कृति जेनेरल थ्योरीका अनुसार आर्थिक गतिविधि अर्थात् व्यावसायिक चक्रमा आउने असन्तुलन (उतार वा चढाव)को दुष्चक्रलाई तोड्न स्वतन्त्र बजार अर्थतन्त्रमा स्वतः सुधार गर्ने पद्धति हुँदैन। यसका निम्ति सार्वजनिक निर्माणमा लगानीसहितको राज्यको हस्तक्षेपकारी भूमिका महत्त्वपूर्ण हुन्छ। यस्तो अवस्थामा मौद्रिक नीतिको सवालमा पनि दीर्घकालीन र न्यून ब्याजदरसहितको मौद्रिक नीति आवश्यक छ।

मिल्टन फ्रिडम्यान भने मुद्राको परिमाणको स्थिर वृद्धिसहितको मौद्रिक नीतिको पक्षमा थिए। उनी मौद्रिक एवं बैंकिङ प्रणालीको सुधार र मुद्रा प्रदायको नियन्त्रणमा केन्द्रीय बैंकको स्वैच्छिक भूमिकाको वकालत गर्थे। उनले आफ्नो कृति क्यापिटालिज्म एन्ड फ्रिडममा उल्लेख गरेअनुसार दीर्घकालीन विस्तारकारी मौद्रिक नीति मुद्रास्फीतिवर्द्धक हुन्छ। बरु स्थिर मौद्रिक ढाँचाले भने मुद्रास्फीतिसम्बन्धी निजी क्षेत्रको अपेक्षा र अनुमानको सम्बोधन गर्छ। त्यस्तै, ठूलो घाटा बजेट र बोन्डमार्फत लगानी गरिएका सार्वजनिक खर्चले बजारमा ऋणको मागसँगै ब्याजदरमा वृद्धि गर्छ र निजी लगानीलाई निरुत्साहित गर्छ। तुलनात्मक रूपमा हेर्दा आर्थिक मन्दीसँग जुध्न किन्सको नीति बढी व्यावहारिक देखिन्छ भने फ्रिडम्यानको नीति आदर्शवादी र अव्यावहारिक देखिन्छ।

माथि उल्लेख गरिएझैं नेपालको अहिलेको आर्थिक संकट माग र आपूर्ति दुवै क्षेत्रमा आएको शिथिलताका कारण निम्तिएको र स्ट्यागफ्लेसनको अवस्थामा रहेको वर्तमान आर्थिक संकट समाधानका निम्ति मूलतः फ्रिडम्यानको स्थिर मौद्रिक ढाँचासहितको स्वचालित बजार नीतिभन्दा किन्सको मौद्रिक र वित्त नीतिसहितको सरकारी हस्तक्षेपको आर्थिक नीति प्रभावकारी हुन सक्छ।

(पन्त प्रदेश नीति तथा योजना आयोग, बागमती प्रदेशका पूर्वउपाध्यक्ष हुन्)

अर्थ ज्ञान

यी स्रोतको आयमा कर लाग्छ

नेपालमा रोजगारी, व्यवसाय, लगानी र आकस्मिक लाभको स्रोतबाट प्राप्त आयमा कर लाग्छ। श्रमको लगानीबाट प्राप्त हुने पारिश्रमिक, ज्याला, भत्ता सुविधा, बोनस, निवृत्तीभरण, उपदान वा रोजगारीका सम्बन्धमा प्राप्त हुने कुनै पनि भुक्तानी रोजगारीबाट भएको आयअन्तर्गत पर्दछ। सक्रिय श्रम, पुँजीको निष्क्रिय लगानी र उद्यमशीलताको मिश्रणबाट गरिने उद्योग व्यापार पेसा व्यवसायको स्रोतबाट प्राप्त हुने मुनाफा, लाभ, सेवा शुल्क, मालसामान वा सेवाको बिक्रीबाट प्राप्त रकम, व्यवसायसँग सम्बद्ध पुँजीगत लाभ तथा व्यवसायसँग सम्बद्ध भुक्तानीहरू व्यवसायको स्रोतबाट प्राप्त आय मानिन्छ।

कुनै पनि प्रकारले पुँजी वा पुँजीगत सम्पत्तिको लगानीबाट प्राप्त हुने लाभांश, ब्याज, रोयल्टी, भाडा, प्राकृतिक स्रोतबापतको भुक्तानी, लगानी बिमा वा अवकाश कोषबाट प्राप्त लाभ, पुँजीगत



लाभ वा लगानीसँग सम्बन्धित अन्य भुक्तानीहरू लगानीबाट भएको आयअन्तर्गत पर्छ। चिठ्ठा, उपहार, पुरस्कार, बक्सिस, जितौरी तथा अन्य कुनै पनि आकस्मिक रूपमा प्राप्त हुने लाभ आकस्मिक लाभको आयअन्तर्गत पर्दछ।

- आन्तरिक राजस्व विभाग

बिजनेस @



डा. सूर्यराज आचार्य, पूर्वाधारविज्ञ

इन्जिनियरिङ विधिले कठिन देखिने विकास र निर्माणको कामलाई सहज बनाउँछ। यसका लागि इन्जिनियरहरूमा रहेको विज्ञतालाई संस्थागत क्षमतामार्फत कार्यान्वयन तहमा पुऱ्याउन राज्यका नियम-कानुनले उत्प्रेरकको भूमिका खेल्नुपर्छ। नेपालको हकमा विकास र निर्माणबारेका नियम-कानुन बाधक छन्।



अम्बिकाप्रसाद पौडेल, उद्यमी

जेठ १५ गते साथीलाई सोधैं, बजेट कस्तो आयो त ? साथीले भन्यो- म अर्थशास्त्री होइन, तर बजेट कति राम्रो छ भन्ने कुरा १६ गतेको पुँजी बजारले देखाउँछ। साउन ७ गते मौद्रिक नीति आयो, फेरि साथीलाई सोधैं। उसले भन्यो- ८ गतेको पुँजी बजारलाई हेर्नु, बाँकी कुरा पछि गरौंला। धेरै दिनपछि हिजो साथी बाटोमा भेटियो र सोधैं- होइन, यो सरकारका नीतिपछि सधैं घट्ने पुँजी बजार भनेको के हो ? उसले छोटो शब्दमा भन्यो- समग्रमा सरकार र अन्य निकायहरूले लिने नीतिको पहिलो प्रतिक्रिया दिने क्षेत्र पुँजी बजार हो र यो अर्थतन्त्रको आगामी दिनको दिशानिर्देश गर्ने यन्त्र पनि हो र अर्को कुरा सरकारको लोकप्रियता मापन गर्ने साधन पनि। बेलुका घरमा आएर सोचैं, साँच्चै हो जस्तो लाग्यो, अनि कता-कता मनमा आयो, यो त सबैलाई सुनाऊँ।

अंक र अर्थ

कुन महिना कति पर्यटक आए ?

सन् २०२३ को पहिलो सात महिना (जनवरी-जुलाई)मा पाँच लाख ३४ हजार पर्यटक नेपाल भ्रमणमा आएका छन्। यो संख्या गत वर्षको सोही अवधिको तुलनामा ८७ प्रतिशत धेरै हो। सन् २०२२ को सात महिनामा दुई लाख ८५ हजार पर्यटक नेपाल आएका थिए।



महिना	पर्यटक आगमन २०२३	पर्यटक आगमन २०२२
जनवरी	५५,०७४	१६,९७५
फेब्रुअरी	७३,२५५	१९,७६६
मार्च	९९,४२६	४२,००६
अप्रिल	९८,७७३	६१,५८९
मे	७७,७०३	५३६०८
जुन	७२,२५०	४६,९५७
जुलाई	५७,७२६	४४,४६२
कुल	५,३४,२०७	२,८५,३६३

■ जुलाईमा मात्रै कुन देशबाट कति ?

भारत	२१,३५७
चीन	५,६९३
अमेरिका	५५६१
बेलायत	३,६३०
बंगलादेश	२६९४
दक्षिण कोरिया	१३७५
अस्ट्रेलिया	११०२
मलेसिया	९९८
फ्रान्स	९९६


सेयर बजार

२४ साउन ०८०

नेप्से २,०६०.९१ ▲ ४१.०६ २.०३%

कारोबार रकम: १,८८,८३,२६,४६९.६२

जम्मा सेयर: ५०,१०,७१६



तेस्रो ठूलो अर्थतन्त्र बन्न भारतले सामना गर्नुपर्ने चुनौती

विश्वको तेस्रो ठूलो अर्थतन्त्र बन्न उच्च रोजगारी सिर्जना गर्नु र युवावर्गमा आवश्यक दक्षता विकास गर्नु नै भारतका लागि चुनौती हुनेछ

सन् २०१४ मा भारत विश्वकै १०औं ठूलो अर्थतन्त्र थियो। तर, ०२२ मा आइपुग्दा छलाङ मारेर पाँचौं ठूलो अर्थतन्त्र बन्यो। यतिबेला भारत अमेरिकाभन्दा २५५ खर्ब डलर, चीन १८१ अर्ब, जापान ४२ खर्ब र जर्मनी ४१ खर्ब डलरले पछाडि छ। आगामी २०२७-०३० बीच भारत ५० खर्बभन्दा बढी डलरसहित कुल गार्हस्थ्य उत्पादन (जिडिपी)मा जापानलाई पछि पार्दै विश्वको तेस्रो ठूलो अर्थतन्त्र बन्ने आकलन गर्न थालिएको छ। स्वयं भारतीय प्रधानमन्त्री मोदीले पनि यसको ग्यारेन्टी दिएका छन्। भारतीय स्टेट बैंकले गरेको एक प्रक्षेपणअनुसार सन् २०२७ सम्म भारत विश्वको तेस्रो ठूलो अर्थतन्त्र बन्नेछ। यस्तै, अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)ले जुलाईमा गरेको वैश्विक आर्थिक पूर्वानुमानअनुसार वैश्विक आर्थिक वृद्धिदर २०२२ को ३.५ प्रतिशतबाट घटेर २०२३ र २०२४ मा तीन प्रतिशत रहने आकलन गरेको छ। भारतमा यो वर्ष आर्थिक वृद्धिदर संशोधित ६.१ प्रतिशत र आगामी वर्ष अर्थात् २०२४ मा ६.३ रहने अपेक्षा गरिएको छ।

यो स्थिति भारतीय अर्थतन्त्रका लागि महत्त्वपूर्ण सुधारको देन मानिन्छ। यसमा वस्तु तथा सेवा कर, कर्पोरेट करको दरमा उल्लेखनीय कमी, मेक इन इन्डिया र स्टार्टअप इन्डियाजस्ता रणनीति तथा उत्पादनलाई प्रोत्साहन गर्ने कैयौं योजना छन्। यी सबैको आधारमा भारत तीव्र रूपमा विकसित हुने अर्थतन्त्र बनेको छ।

आर्थिक वर्ष २०२३-०२४ को बजेटमा अर्थतन्त्रको उच्च वृद्धिलाई कायम राख्न केही कदमसमेत उठाइएको छ। पुँजी लगानी खर्चमा लगातार तेस्रो वर्ष उल्लेखनीय वृद्धि देखिएको छ। यस्तो वृद्धि १० लाख करोड भारुसम्म पुगेको छ। यो कुल जिडिपीको ३.३ प्रतिशत हो। निरन्तरको सुधार, व्यापक स्थिरता, स्वस्थ वित्तीय क्षेत्र, कर्पोरेट क्षेत्रको कर्जा कम गर्ने प्रयास तथा



पुँजीगत व्यय भारतीय अर्थतन्त्र विकासका प्रमुख तत्त्व हुन्। विभिन्न क्षेत्रमा उत्पादनसँग जोडिएका प्रोत्साहन योजना (पिएलआई)बाट ३७.५ अर्ब अमेरिकी डलरको पुँजी व्यय आकर्षित, ६० लाख रोजगारी सिर्जना र आव २०२३-०२७ बीच जिडिपीमा उत्पादन क्षेत्रको हिस्सा हालको १७ बाट बढेर २० प्रतिशत पुग्ने आकलन गरिएको छ। साथै, कुल आयातमा ४० प्रतिशत हिस्सा राख्ने क्षेत्रका लागि भने घोषित पिएलआई योजनाको लक्ष्य आयातलाई सीमित गर्नु, निर्यात बढाउनु र भारतको जिडिपीमा उत्पादन क्षेत्रको हिस्सा बढाउनु रहेको छ। स्ट्यान्डर्ड चार्टर्ड बैंकले भारतको अर्थतन्त्रबारे एक रिपोर्ट सार्वजनिक गर्दै यो दशकान्तअगाडि नै भारतको जिडिपी दोब्बरले बढेर ६० खर्ब डलर पुग्ने बताएको छ। यदि यसो भएको खण्डमा भारत विश्वको तेस्रो ठूलो अर्थतन्त्र बन्नेछ।

> सन् २०३० मा भारतको जिडिपी ३५ खर्ब डलरबाट बढेर ५० खर्ब र घरेलु उपभोग खर्चको आकार ३० देखि ३४ खर्ब अमेरिकी डलरबीच हुनेछ, जुन हालको जिडिपीबराबर हो

तर, भारतका लागि योभन्दा महत्त्वपूर्ण विषय, निम्न तथा मध्यम आयवाला अर्थतन्त्रबाट उच्चमध्यम आयवाला अर्थतन्त्र बन्नु हो। सन् २०३० मा भारतको जिडिपी ३५ खर्ब डलरबाट बढेर ५० खर्ब पुग्नासाथ भारतवासीको प्रतिव्यक्ति आय २५०० बाट बढेर चार हजार पुग्नेछ। यसका साथसाथै घरेलु उपभोग खर्चको आकार ३० देखि ३४ खर्ब अमेरिकी डलरबीच हुनेछ, जुन आज भारतको कुल जिडिपीबराबर हो।

पुँजी लगानी गर्ने बैंकिङ कम्पनी मोर्गन स्टेनले भारतको परिवर्तन हुँदै गइरहेको स्थितिलाई लिएर अब भारत सन् २०१३ को कमजोर भारत नरहेको बताएको छ। एक दशकभित्रै वैश्विक अर्थतन्त्रमा भारतले महत्त्वपूर्ण स्थान ओगटेको मोर्गनको भनाइ छ। मोर्गनले यो परिवर्तन आउनुमा १० वटा कारण रहेको बताएको छ। जसमा, आपूर्तिमा सुधार, अर्थतन्त्रलाई अनौपचारिक बनाउनु, रियल स्टेट ऐन, सामाजिक हस्तान्तरणलाई डिटिजलाइज्ड गर्न जोड दिनु, दिवालियापन र दिवालिया नीति, मुद्रास्फीति नियन्त्रण, एफडिआईमा विशेष ध्यान, भारतको खुद्रा म्युचुअल फन्ड र पेन्सन फन्ड प्रवाह, सरकारी सहायता तथा बहुराष्ट्रिय कम्पनीको भारतप्रतिको झुकाव आदि रहेका छन्।

जिडिपीमा हिस्साअनुसार उत्पादन क्षेत्र र पुँजीगत खर्चमा बढोत्तरी हुनेछ। वस्तु तथा सेवा निर्यातमा उच्च फाइदासहित निर्यात बजारमा भारतको हिस्सा सन् २०३१ सम्म ४.५ प्रतिशतसम्म बढ्नेछ। यो सन् ०२१ को स्तरभन्दा दोब्बर बढी हो। यस्तै, चालू खाता घाटा पनि कम हुनेछ भने बचत र लगानी बढ्नेछ। पूर्वाधार विकासमा जोड दिँदा स्थायी आर्थिक विकासमा सहयोग पुग्नेछ। भारतको यो अमृतकाल र स्वर्ण महोत्सवसामु सबभन्दा ठूलो चुनौती भनेको वैश्विक मन्दीबाहेक आपूर्तिमा हुने व्यवधान र दक्ष श्रमिकको कमीले कमोडिटीको मूल्य उच्च वृद्धि हुन सक्छ।

विश्वको तेस्रो ठूलो अर्थतन्त्र बन्न उच्चस्तरीय रोजगारी सिर्जना गर्नु र युवावर्गमा यसलाई सम्हाल्न आवश्यक दक्षता विकास गर्नु नै भारतका लागि ठूलो चुनौती हुनेछ। निकट भविष्यमै वैश्विक विकासमा भारतको भूमिका महत्त्वपूर्ण रहने देखिन्छ। तर, यसका लागि गरिएका प्रतिबद्धता पूरा गर्न र निर्धारित भिजनलाई उत्कृष्ट ढंगबाट कार्यान्वयन सुनिश्चित गर्नु जरुरी हुन्छ।

[अर्थ-व्यवसायसँग सम्बन्धित कुनै पनि जिज्ञासा वा विचार भए हामीलाई इमेल गर्न सक्नुहुन्छ। प्राथमिकताका आधारमा क्रमशः प्रकाशन गर्नेछौं। email: arthapatrika@gmail.com]

अर्थ पत्रिका
नयाँ पत्रिका
बिहीबार २५ साउन ०८०

गुगल, अमेजनलगायतका नौ अन्तर्राष्ट्रिय कम्पनीले तिरे नेपालमा नौ करोड कर

नेपालमा भौतिक उपस्थिति नभएका, तर कारोबार गर्ने गैरबासिन्दाले भ्याट र कुल आम्दानीको २% कर तिर्नुपर्छ

मुना कुँवर/नयाँ पत्रिका

नेपालमा विद्युतीय सेवा कारोबार गर्ने नौ अन्तर्राष्ट्रिय कम्पनीले करिब नौ करोड कर भुक्तानी गरेका छन् । आन्तरिक राजस्व कार्यालयमा दर्ता भएका ती अन्तर्राष्ट्रिय विद्युतीय कम्पनीमध्ये गत आर्थिक वर्षको मूल्य अभिवृद्धि कर भुक्तानी गरेका हुन् । नेपाल सरकारले गत वर्ष गैरबासिन्दा व्यक्तिले प्रदान गर्ने विद्युतीय सेवामा मूल्य अभिवृद्धि करसम्बन्धी कार्यविधि जारी गर्दै कर भुक्तान गर्नुपर्ने व्यवस्था गरेको थियो । त्यसलगत्तै कम्पनी दर्ता भएको कार्यालयका निर्देशक राजुप्रसाद प्याकुरेलले बताए ।

कार्यालयका अनुसार हालसम्म गुगल एसिया प्यासिफिक प्राइभेट कम्पनी, लिंक्डइन, गुगल आयरल्यान्ड, एनसिएस पिअर्सन इन कर्पोरेसन, अमेजनडटकम सर्भिस र अमेजन वेभ सर्भिस नेपालस्थित कर कार्यालयमा दर्ता भएका छन् । गुगल एसिया प्यासिफिक र लिंकडइनको कार्यालय सिंगापुरमा छ । त्यस्तै, गुगल आयरल्यान्ड नामक कम्पनीको कार्यालय आयरल्यान्डको डब्लिनमा छ । एनसिएस पिअर्सन संयुक्त राज्य अमेरिकाको वेल्मिङ्टनमा प्रधान कार्यालय रहेको छ । अमेजनडटकम सर्भिस र अमेजन वेभ सर्भिस पनि अमेरिका कार्यालयमा रहेको विवरण उल्लेख भएको कार्यालयले जनाएको छ ।

त्यस्तै, वेल्मिङ्टन, काउन्टी अफ न्यु क्यासल ठेगाना रहेको इब्स्को इन्टरनेसनल इन्कर्पोरेस, डब्लिन आयरल्यान्ड ठेगाना भएको मेटा प्लाटफर्म्स आयरल्यान्ड लिमिटेड र सिंगापुर ठेगाना उल्लेख भएको माइक्रोसफ्ट रिजनल सेल्स प्राइभेट कम्पनी पनि दर्ता भएका छन् ।

नेपालमा विद्युतीय सेवा कारोबार गर्ने यस्ता थुप्रै गैरबासिन्दा व्यक्तिका कम्पनी छन् । तर, कम्पनीहरू नेपालमा दर्ता नभएको कार्यालयले जनाएको छ । सरकारले बाध्यकारी व्यवस्था नगरेका कारण नेपालमा कारोबार गर्ने यस्ता कम्पनीबाट प्राप्त हुने राजस्व सरकारले गुमाइरहेको थियो । तर, गत वर्ष जारी कार्यविधिले यस्ता कम्पनी नेपालमा नै दर्ता भएर कार्यालय नराखेको भए पनि मूल्य अभिवृद्धिबापत १३ प्रतिशत र व्यसायबाट आम्दानी गरेको रकममध्ये २ प्रतिशत कर भुक्तानी गर्नुपर्ने व्यवस्था गरेको कार्यालयका निर्देशक प्याकुरेलले बताए ।

कम्पनीहरूले गत वर्षको जेठदेखि यो वर्षको जेठ महिनासम्ममको मूल्य अभिवृद्धि कर भुक्तान गरेका हुन् । व्यवसाय गरेबापत भुक्तानी गर्नुपर्ने २ प्रतिशत कर भने भुक्तानी नगरेको कार्यालयका निर्देशक प्याकुरेलले बताए । उनका अनुसार २ प्रतिशत कर आगामी कात्तिक महिनासम्ममा कम्पनीहरूले बुझाउन सक्ने समय दिइएको छ ।



■ यस्ता कम्पनीले नेपालमा कर भुक्तान गर्नैपर्छ

ऐनबमोजिम कर लाग्ने व्यक्तिले नेपालमा दर्ता भई स्थायी लेखा नम्बर लिएर मात्र कारोबार गर्नुपर्छ । तर, कार्यविधिबमोजिम दर्ता नभएका गैरबासिन्दाले नेपालमा विद्युतीय सेवाको कारोबार गरेमा कर भुक्तानी गर्नुपर्नेछ । ऐनबमोजिम कारोबारको सीमा नाघेको मितिले ३० दिनभित्रमा स्थायी लेखा नम्बर लिन निवेदन दिनुपर्छ । गैरबासिन्दा व्यक्तिले विद्युतीय माध्यमबाट कार्यालयसमक्ष निवेदन दिनुपर्नेछ । मूल्य अभिवृद्धि करमा दर्ता भएको गैरबासिन्दा व्यक्तिले छुट्टै स्थायी लेखा नम्बर लिनुपर्नेछैन । गैरबासिन्दा व्यक्तिको कारोबारको परीक्षण गरी कार्यालयले कर निर्धारण गर्न सक्छ । कार्यालयबाट कारोबारको परीक्षण गर्दा कुनै गैरबासिन्दा व्यक्तिले वास्तविक कारोबारभन्दा घटी कारोबार घोषणा गरी कर दायित्व कम गरेको पाइएमा लुकाएको कर रकमको ५० प्रतिशत जरिवाना लाग्नेछ ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

नेपालमा कार्यालय वा भौतिक उपस्थिति नभएका, तर आर्थिक कारोबार गर्ने गैरबासिन्दाले मासिक रूपमा १३ प्रतिशत भ्याट र नेपालमा आर्जन गरेको कुल आम्दानीको २ प्रतिशतका दरले वार्षिक रूपमा कर भुक्तान गर्नुपर्ने कार्यालयका निर्देशक प्याकुरेलले बताए । 'धेरैको बुझाइमा यी कम्पनी नेपालमा नै दर्ता भएको हो भन्ने छ । वास्तवमा यी कम्पनीमा नेपालमा दर्ता भएका होइनन् । सरकारले गत वर्ष जारी गरेको आर्थिक विधेयकले नेपालमा दर्ता भई कार्यालय स्थापना नगरेको भए पनि नेपालमा सेवा बिक्री गरिरहेका कम्पनीले अनिवार्य रूपमा कर कार्यालयमा सूचीकृत भई कर भुक्तान गर्नुपर्ने व्यवस्था गरेको हो,' उनले भने । यी कम्पनीले नेपालमा हावाकै माध्यमबाट कारोबार गरिरहेका छन् । जसबापत यिनीहरूले कर भुक्तानी गरेका हुन् ।

■ २० लाखसम्मको कारोबारमा कर नलाग्ने

गैरबासिन्दाले गरेको विद्युतीय सेवा कारोबार कर भुक्तानका लागि सरकारले कारोबारको सीमा तोकेको छ । २० लाख रुपैयाँसम्मको विद्युतीय सेवा कारोबार गर्ने कम्पनीले कर भुक्तानी गर्नुपर्नेछैन । १२ महिनामा २० लाख रुपैयाँभन्दा बढी कर लाग्ने विद्युतीय सेवाको कारोबार गर्ने गैरबासिन्दा व्यक्तिले भने दर्ता गरी मूल्य अभिवृद्धि कर भुक्तान गर्नुपर्छ । एकपटक कारोबारको सीमा नाघी मूल्य अभिवृद्धि करमा दर्ता भएको गैरबासिन्दा व्यक्तिले त्यसपछि जस्तो कारोबारमा पनि मूल्य अभिवृद्धि कर भुक्तान गर्नुपर्नेछ ।

नेपालमा विद्युतीय सेवा उपलब्ध गराउने व्यक्तिको आम्दानी वर्षअनुसार आफ्नो कारोबार विवरण तथा कर दाखिला गर्नुपर्छ । तोकिएको समयभित्र विवरण दाखिला नगरेमा वार्षिक कारोबार रकमको शून्य दशमलव १ प्रतिशत प्रतिवर्षका दरले थप शुल्क लाग्ने कार्यालयका निर्देशक राजुप्रसाद प्याकुरेलले बताए । कर तिर्नुपर्ने तोकिएको मितिसम्म कुनै व्यक्तिले कर दाखिला नगरेमा वार्षिक १५ प्रतिशतका दरले ब्याज लाग्नेछ । त्यसरी दाखिला गर्नुपर्ने कर कम दाखिला गरेमा वा लुकाए-छिपाएमा त्यसरी कम गरेको कर रकमको ५० प्रतिशत जरिवानासमेत लाग्नेछ ।

विद्युतीय सेवा भन्नाले उपभोक्तालाई सेवा प्रदान गर्नका लागि सूचना प्रविधि तथा इन्टरनेटमार्फत प्रदान हुने सेवा भनेर उल्लेख गरिएको छ । सरकारले जारी गरेको कार्यविधिका अनुसार विज्ञापन सेवा, चलचित्र, टेलिभिजन, संगीत, ओभर द टप, तथ्यांक संग्रहसम्बन्धी सेवा, क्लाउड सेवा, गेमिङ सेवा, मोबाइल एप्लिकेसनसम्बन्धी सेवा, इन्टरनेट बजार स्थानसम्बन्धी सेवा, सफ्टवेयर आपूर्ति र अद्यावधीकरण, तथ्यांक तस्बिरलगायतका डाउनलोड सेवा, परामर्श, सीप विकास तथा तालिम सेवालाई विद्युतीय सेवा भनिन्छ । त्यस्तै, गैरबासिन्दा व्यक्ति भन्नाले नेपालमा कारोबारको स्थायी ठेगाना नभएको, व्यावसायिक प्रतिनिधि वा कानुनी रूपमा मान्य प्रतिनिधि नभएको नेपालबाहिरको व्यक्ति भनेर बुझ्नुपर्ने कार्यविधिमा उल्लेख छ ।

कारोबार भन्नाले कुनै एक अवस्था पूरा भई विद्युतीय सेवाको आपूर्तिको स्थान नेपाल मानिने गैरबासिन्दा व्यक्तिले उपभोक्तालाई उपलब्ध गराएको विद्युतीय सेवा सम्झनुपर्नेछ । नेपालभित्र सेवा प्राप्त गरेमा, नेपालको ठेगानामा बिजक जारी गरेमा, नेपालको बैंकमा भएको बैंक खाता र रकम भुक्तानीका लागि अनुमतिप्राप्त संस्था तथा निकायबाट रकम भुक्तानी भएमा कारोबार भएको मानिनेछ । साथै, नेपालको बैंक तथा वित्तीय संस्थाबाट जारी भएको कार्डबाट भुक्तानी भएमा, नेपालभित्र भएको इन्टरनेट पहिचान ठेगाना प्रयोग गरी सेवा प्राप्त गरेमा, सिमकार्ड वा ल्यान्डलाइन प्रयोग गरी सेवा प्राप्त गरेमा कारोबार भएको मानिन्छ ।

सुर्खेत र धनगढीमा ३० बिघा जग्गा किन्दै आयल निगम

अजित अधिकारी/नयाँ पत्रिका

नेपाल आयल निगमले कर्णाली प्रादेशिक कार्यालय सुर्खेत र सुदूरपश्चिम प्रादेशिक कार्यालय धनगढीका लागि ३० बिघा जग्गा खरिद गर्न लागेको छ । ६ वर्षअघि डिपोकै लागि जग्गा खरिद गर्दा ठूलो रकम घोटाला भई तत्कालीन प्रबन्ध निर्देशक गोपालबहादुर खड्का भ्रष्टाचार मुद्दामा दोषी ठहर भइसकेका छन् । त्यतिबेला कमिसनको लोभमा परल मूल्यभन्दा चार गुणा बढी मूल्यमा निजी जग्गा खरिद गरिएको थियो । यसपटक भने निगमका कार्यकारी निर्देशक उमेशप्रसाद थानीले दुवै डिपो निर्माणका लागि सरकारी जग्गा खोजी गर्न थालेका छन् । उनका अनुसार धनगढी डिपोका लागि राष्ट्रिय आवास कम्पनी लिमिटेडसँग र सुर्खेतका लागि सामुदायिक वन उपभोक्ता समितिसँग जग्गा खरिद गर्न छलफल भइरहेको छ । 'विगतमा निजी जग्गा खरिद गर्दा विवाद उत्पन्न भएको थियो । त्यसैले यसपटक जग्गा प्राप्ति ऐन, ०३४ अनुसार सरकारी जग्गा खरिद गर्ने गरी अगाडि बढेका छौं,' उनले भने ।

निगमले धनगढी डिपोका लागि जग्गा किन्न उपनिर्देशक दिवाकर मल्लिकको संयोजकत्वमा अर्का उपनिर्देशक प्रदीप यादव र प्रबन्धक मोहन शाह सदस्य रहेको समिति बनाएको छ । त्यस्तै, सुर्खेतमा जग्गा किन्न उपनिर्देशक मल्लिककै संयोजकत्वमा अर्का उपनिर्देशक नकुल भण्डारी र सुर्खेत डिपो प्रमुख दिवस विष्ट सदस्य रहेको समिति बनाइएको छ । धनगढीमा २० बिघा र सुर्खेतमा १० बिघा जग्गा किन्ने निगमको तयारी छ ।

सुर्खेतमा हाल १८ कट्ठा जग्गामा सानो डिपो छ । यहाँ भण्डारणगृह अत्यन्त न्यून भएको निगमको सुर्खेत डिपो प्रमुख दिवस विष्टले बताए । 'सुर्खेतको कार्यालय सानो छ । यहाँबाट स्थानान्तरण गर्नुपर्ने आवाज पनि उठ्न थालेको छ,' उनले भने । स्थानीय वीरेन्द्रनगर र सुर्खेत नगरपालिकाका विभिन्न पाँच स्थानमा रहेको सामुदायिक वनभित्रको जग्गा यकिन गरी खरिदका लागि सिफारिस भइसकेको विष्टले बताए । 'सुर्खेतमा भण्डारणगृहसहितको डिपो बनाउन पाँच ठाउँको जग्गा उपयुक्त छ भनेर केन्द्रीय कार्यालयमा सिफारिस गरेका छौं,' उनले भने ।

■ ६ वर्षअघि जग्गा खरिदमा एक अर्ब भ्रष्टाचार

पेट्रोलियम भण्डारणगृहकै लागि आयल निगमले ०७४ मा चार स्थानमा जग्गा किन्दा एक अर्ब ६ करोड भ्रष्टाचार गरेको संसदीय छानबिन समितिले पुष्टि गरेको थियो । सो जग्गा खरिदमा तत्कालीन प्रबन्ध निर्देशक गोपालबहादुर खड्कालाई विशेष अदालतले १५ असारमा एक वर्ष तीन महिना कैद र १८ करोडभन्दा बढी जरिवाना तिर्नुपर्ने फैसला गरेको छ । खड्काको नेतृत्वमा त्यतिबेला भापामा १९.१८ बिघा, सर्लाहीमा १५ बिघा, चितवनमा २३.२ बिघा र भैरहवामा १४.७ बिघा जग्गा खरिद गरिएको थियो । यो जग्गा किन्न दुई अर्ब ३३ करोड ४० लाख खर्च भएकोमा एक अर्ब ६ करोड भ्रष्टाचार भएको थियो ।

सुदूरपश्चिम प्रादेशिक कार्यालयका लागि भने कञ्चनपुरमा राष्ट्रिय आवास कम्पनी लिमिटेडसँग रहेको २० बिघा जग्गा खरिदका लागि प्रक्रिया अघि बढाइएको समिति सदस्य तथा उपनिर्देशक ई. प्रदीप यादवले जानकारी दिए । 'सुदूरपश्चिम प्रादेशिक कार्यालयका लागि उपयुक्त जग्गा भेटिसकेको छ । अब खरिदका लागि आवश्यक कानुनी प्रक्रिया अगाडि बढाउनु आवश्यक छ,' यादवले भने ।

अहिले धनगढीमा सुदूरपश्चिम प्रादेशिक कार्यालय छ । तर, राष्ट्रिय आवास कम्पनी लिमिटेडको जग्गा किन्ने टुंगो लागेमा कञ्चनपुरको पुनर्वास नगरपालिमा कार्यालय सर्नेछ । राष्ट्रिय आवास कम्पनी लिमिटेडको योजना कार्यालय, कञ्चनपुरका प्रमुख क्रमजित राईले आयल निगमलाई डिपो निर्माणका लागि जग्गा दिन छलफल भइरहेको बताए । 'हामीसँग भएकामध्ये ७४ बिघाको प्लटबाट २० बिघा जग्गा लिन उहाँहरू इच्छुक देखिनुहुन्छ,' राईले भने, 'हाम्रो जग्गा राजमार्गसँग जोडिएको र बस्तीसमेत खासै नभएको ठाउँमा छ ।' उनका अनुसार निगमले हेरेको जग्गा भारतीय सीमाबाट तीनदेखि पाँच किलोमिटर दूरीमा मात्रै छ । नयाँ ठाउँमा जग्गा किन्ने तयारी गर्दैगर्दा निगमले ६ वर्षअघि रुपन्देहीको रोहिणी नदी बगरमा किनेको १४.७ बिघा जग्गा भने प्रयोगविहीन अवस्थामा छ ।

वैदेशिक रोजगारीमा मृत्यु हुनेका परिवारलाई दिइने राहत दोब्बर बनाउने तयारी

नयाँ पत्रिका

वैदेशिक रोजगारीमा गएका श्रमिकको मृत्यु वा दुर्घटना हुँदा प्रदान गरिने आर्थिक सहयोग दोब्बर बनाइने भएको छ । वैदेशिक रोजगार बोर्डका अध्यक्षसमेत रहेका श्रममन्त्री शरत्सिंह भण्डारीको अध्यक्षतामा बसेको २१ साउनको बैठकले राहत रकम वृद्धि गर्ने निर्णय गरेको हो । राहत रकम दोब्बर बढाउने सैद्धान्तिक सहमति भए पनि सोसम्बन्धी अध्ययन गर्न श्रम मन्त्रालयका सचिव केवलप्रसाद भण्डारीको संयोजकत्वमा समिति गठन गरिने निर्णय भएको बोर्डका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेतीले जानकारी दिए । सो कमिटीमा अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालयका प्रतिनिधि, व्यवसायीका तर्फबाट एकजना, विज्ञ एकजना र मजदुर संगठनका एकजना प्रतिनिधि सदस्य हुनेछन् । साथै, कमिटीमा बोर्डका कार्यकारी निर्देशक पनि रहनेछन् ।

बोर्डले वैदेशिक रोजगारीमा मृत्यु भएका श्रमिकलाई प्रदान गरिने रकम, मृतक श्रमिकलाई छोराछोरीलाई दिने छात्रवृत्ति रकम, मृतकका आमाबुबालाई दिइने स्वास्थ्य सुरक्षा रकम र श्रमिक दुर्घटना भएर फर्कंदा दिइने रकममा पनि वृद्धि गर्ने निर्णय गरेको उनले बताए । तर, कति रकम बढाउने भन्ने अन्तिम निर्णय कमिटीले बुझाएको प्रतिवेदनका आधारमा हुने उनले बताए । 'राहत रकम दोब्बरले वृद्धि हुने सम्भावना छ,' उनले भने ।

■ कल्याणकारी कोषको रकम पनि बढाइने

वैदेशिक रोजगार बोर्डले श्रमिकलाई प्रदान गर्ने राहत रकमको साथमा कल्याणकारी कोषमा जम्मा गरिने रकम पनि बढाउने भएको छ । वैदेशिक रोजगार बोर्डबाट श्रम स्वीकृति लिएर गएका श्रमिकले कल्याणकारी कोषमा रकम जम्मा गर्नुपर्छ । खाडी र मलेसिया जाने श्रमिकले १५०० रुपैयाँ जम्मा गर्नुपर्छ भने जापान र कोरिया जाने श्रमिकले २५०० बुझाउनुपर्छ ।

राहत रकम दोब्बर बनाइने भएपछि कोषमा भुक्तानी गर्ने रकम पनि वृद्धि हुने बोर्डका कार्यकारी निर्देशक डा. उप्रेतीले बताए । उनका अनुसार खाडी र मलेसिया जाने श्रमिकबाट तीन हजार र जापान, कोरिया जाने श्रमिकबाट पाँच हजार रकम संकलन गरिनेछ । 'राहत रकम बढाउने भएपछि कल्याणकारी कोषमा जम्मा गरिने रकम अनिवार्य रूपमा बढाउनुपर्छ । अन्यथा कोष खाली हुन सक्छ,' उनले भने ।

वैदेशिक रोजगार ऐन २०६४ बमोजिम सो रकम श्रमिकको राहत, उद्धार कार्यमा खर्च गरिनुपर्ने व्यवस्था छ । हाल कल्याणकारी कोषमा पाँच अर्ब ३५ करोड जम्मा भएको बोर्डका कार्यकारी निर्देशक डा. उप्रेतीले बताए । अहिलेको व्यवस्थाअनुसार श्रम स्वीकृति अवधिभर श्रमिकको मृत्यु भएमा श्रमिकको परिवारलाई सात लाख रुपैयाँसम्म आर्थिक सहयोग प्रदान गर्छ । शव नेपाल भिकाउन र शवलाई घरसम्म पुऱ्याउन पनि बोर्डले नै सहयोग गर्छ । साथै, दाहसंस्कारका लागि परिवारलाई २५ हजार सहयोग दिन्छ । नियमावलीअनुसार बोर्डले मृतकका दुईवटा छोराछोरीलाई छात्रवृत्ति प्रदान गर्छ । छात्रवृत्तिका लागि सामुदायिक विद्यालयतर्फ पूर्वप्राथमिकदेखि कक्षा १२ सम्म र संस्थागत विद्यालयतर्फ नर्सरीदेखि १२ कक्षासम्ममा क्रमशः वार्षिक आठ हजार १२ हजार रुपैयाँ प्रदान गर्छ । त्यस्तै, बोर्डले मृतकका परिवारलाई स्वास्थ्य उपचारका लागि सहयोग गर्दै आएको रकम प्रदान गर्छ । कामदारलाई परिवारलाई क्यान्सर, मिर्गौला प्रत्यारोपण, मुटुको शल्यक्रिया, पार्किन्सन र अलजाइमर भएमा उपचारका लागि बढीमा ५० हजार दिने गरेको छ ।

इराकमा रहेका श्रमिकको पासपोर्ट नवीकरण गरिदिन एनआरएनको आग्रह



काठमाडौं/ गैरआवासीय नेपाली संघले इराकमा रहेको नेपाली श्रमिकहरूको पासपोर्ट नवीकरणको व्यवस्था गरिदिन सरकारसँग आग्रह गरेका छन् । संघको एक टोलीले बुधबार परराष्ट्रमन्त्री एनपी साउदलाई भेटेर पासपोर्ट नवीकरण तथा पुनः श्रम स्वीकृतिको व्यवस्था गरिदिन ज्ञापनपत्र बुझाएका छन् ।

इराकमा रहेका नेपाली श्रमिकमध्ये करिब चार सयजनाको पासपोर्टको अवधि सकिएको छ । ती श्रमिकहरू जोखिममा परेको गैरआवासीय नेपाली संघका उपाध्यक्ष आरके शर्माले बताए । त्यस्तै, संघले इराकमा लगाइएको प्रतिबन्धसमेत हटाउन मन्त्री साउदसँग आग्रह गरेका छन् । १९ वर्षअगाडिको घटनाका आधारमा सरकारले हालसम्म पनि इराकमा नेपाली श्रमिकलाई प्रतिबन्ध गरेको छ । तर, विभिन्न माध्यमबाट नेपाली श्रमिक इराक पुगेका छन् । कतिपय श्रमिक १९ वर्षअगाडिदेखि नै इराकमा बस्दै आएका छन् । अहिलेको अवस्थामा इराक सुरक्षित र नेपाली श्रमिकका लागि आकर्षण गन्तव्य भएकाले प्रतिबन्ध फुकाउनसमेत आग्रह गरिएको उनले बताए । उनले भने 'इराकको अवस्था परिवर्तन भएको छ । अब सरकारले यसमा लगाइएको प्रतिबन्धका विषयमा सोच्नैपर्छ ।'

त्यस्तै, इराकलाई कतारस्थित नेपाली दूतावासअन्तर्गत राख्नसमेत संघले मन्त्री साउदसँग आग्रह गरेका छन् । अहिले कुवेतस्थित दूतावासले इराकलाई निगरानी गरिरहेको छ ।

सन् २००४ देखि नेपालले इराकमा रोजगारीका लागि जान नेपाली श्रमिकका लागि पूर्ण रूपमा प्रतिबन्ध लगाएको हो । तर, विभिन्न माध्यम हुँदै करिब २० हजारजना नेपाली इराक पुगेको गैरआवासीय नेपाली संघ इराकका अध्यक्ष विनोद श्रेष्ठले बताए । सन् २००४ पछि इराकमा आप्रवासी श्रमिकलाई कुनै क्षति नभएको उनको भनाइ छ ।

इराकको कुर्दिस्तानमा १५ हजार र बगदादआसपासमा ६ हजार संख्यामा नेपाली श्रमिक छ । इराकका कतिपय सहर नेपालजस्तै शान्त रहेको बताउँदै नेपाली श्रमिकका लागि कुनै पनि जोखिम नभएको उनले स्पष्ट पारे ।

गैरआवासीय नेपाली संघले इराकमा रहेका श्रमिकलाई श्रम स्वीकृत प्रदान गर्नसमेत आग्रह गरेका छन् । इराकका श्रमिकले पनि नेपालमा नै रेमिट्यान्स पठाउँछन् । तर, श्रम स्वीकृति नहुँदा श्रमिकको मृत्यु भएमा शव ल्याउन कठिनाइ हुन्छ । दुर्घटना हुँदा उपचार गर्न पनि कठिनाइ हुने उनले बताए ।

■ युरोपियन मुलुकमा दूतावास स्थापना गर्न आग्रह

नेपालीहरूका लागि नयाँ श्रम गन्तव्य बन्दै गएका युरोपियन मुलुकमा नेपाली दूतावास स्थापना गर्न गैरआवासीय नेपाली संघले माग गरेको छ । आप्रवासी श्रमिकको ठूलो माग रहेको युरोपेली मुलुकमा श्रम नियम राम्रो छ । तर, दूतावास नहुँदा त्यहाँ जाने नेपाली श्रमिक जोखिममा परेका छन् । 'दूतावास नभएपछि व्यावसायिक रूपमा मागपत्र प्रमाणीकरण हुनसकेको छैन । यसले दलाललले श्रमिक पठाउने गरेका छन्,' उनले भने ।

स्वीकृत बिलको भुक्तानी किन दिँदैन सरकार ?

९२ अर्बको लक्ष्यमध्ये २८ अर्ब मात्रै बजेटरी सहायता आउँदा भुक्तानी दिन अर्थ मन्त्रालयलाई सकस

मिलन विश्वकर्मा/नयाँ पत्रिका

काम सम्पन्न भएपछि सम्बन्धित निकायबाट बिल स्वीकृत हुँदासमेत भुक्तानी पाउन नसकेपछि निर्माण व्यवसायी अहिले आन्दोलनमा छन् । सम्बन्धित आयोजना प्रमुख, कार्यालय, विभाग तथा मन्त्रालयबाट स्वीकृत भएको बिलको भन्डै १० अर्ब भुक्तानी नपाएको नेपाल निर्माण व्यवसायी महासंघ (एफक्यान)को तथ्यांक छ । बिल स्वीकृत भएको १५ दिनभित्र सरकारी भुक्तानी हुनुपर्ने व्यवस्था छ । तर, गत आवको दोस्रो त्रैमासमा नै स्वीकृति भएका विभिन्न ठेक्काको निर्माणसम्बन्धी बिलको भुक्तानी सरकारले नगर महासंघका अध्यक्ष रविसिंह बताउँछन् । सोहीकारण, महासंघको नेतृत्वमा गत सातादेखि आन्दोलन भइरहेको छ । व्यवसायीले आगामी सोमबार (२८ साउन) देखि तेस्रो चरणको आन्दोलन सुरु गरेर निर्माण कार्य नै ठप्प गर्ने चेतावनी दिएको छ । उनिहरूले सबै ठेक्काको म्याद थप गर्नुपर्ने, सम्पूर्ण ठेक्काको मूल्य समायोजन गर्नुपर्नेदेखि सार्वजनिक खरिद ऐन र नियमावली संशोधन गर्नुपर्नेसम्मका माग पनि समेटेका छन् ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, सहरी विकास मन्त्रालय, खानेपानी मन्त्रालयअन्तर्गतका आयोजनाको भुक्तानी व्यवसायीहरूले नपाएको महासंघको भनाइ छ । भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वाला, सडक विभागका महानिर्देशक सुशीलबाबु ढकाल, सिँचाइ विभागका महानिर्देशक सुशील आचार्य, खानेपानी तथा ढल व्यवस्थापन विभागका महानिर्देशक रमाकान्त दुवाडीलगायतका निकायका प्रमुखहरू स्वीकृत बिलकै भुक्तानी गर्न नसकेको स्वीकार गर्छन् । बजेट अभावकै कारण भुक्तानी गर्न नसकेको उनीहरूको भनाइ छ । गत आवमा लक्ष्यअनुसार राजस्व संकलन नहुँदा सरकारी ढुकुटी ५० अर्ब हारहारीले घाटामा गयो । त्यसको असर भुक्तानीमा देखिएको उनीहरू बताउँछन् ।

■ यसकारण भएन भुक्तानी

सरकारी निकायकै कमजोरीका कारण व्यवसायीहरूले भुक्तानी पाउन सकेका छैनन् । अर्थ मन्त्रालयबाट पूर्वसहमति लिएर मात्रै ठेक्का लगाउने नीति ल्याइएको थियो । तर, कतिपय मन्त्रालय तथा विभागले त्यस्तो सहमति नलिई ठेक्का सम्झौता गरे । अहिले रकम नपाउनेमा अधिकांश पूर्वसहमतिविनाकै ठेक्का रहेको सरकारी अधिकारीहरू बताउँछन् ।

त्यस्ता ठेक्काको भुक्तानी गर्न सम्बन्धित कार्यलयले रकमान्तरको माग गरेका थिए । तर, अर्थ मन्त्रालयले स्वीकृत नदिएका कारण भुक्तानीमा समस्या भएको सडक विभागका महानिर्देशक सुशीलबाबु ढकाल बताउँछन् ।

महासंघका अध्यक्ष सिंह भने यो सरकारको समस्या भएको बताउँछन् । 'अर्थ मन्त्रालयबाट स्रोत सुनुश्चितता लिएको थिए कि थिएनन्, त्यो सम्बन्धित निकाय नै जिम्मेवार हुनुपर्ने विषय हो । तर, ठेक्का सम्झौता गरेर काम गरेपछि हामीले भुक्तानी पाउनुपर्छ । यो हाम्रो अधिकार हो,' उनले भने ।

सरकारी निकायका अधिकारीहरू पनि बजेट रकमान्तर नहुँदा भुक्तानी दिन नसकेको बताउँछन् । अर्थ मन्त्रालयका प्रवक्ता धनीराम शर्मा भने बजेट विनियोजन भएका ठेक्कालाई भुक्तानी भइसकेको बताउँछन् । 'बजेट विनियोजन भएका, स्रोत सुनुश्चितता भएका आयोजनालाई भुक्तानी दिएका छौं । अन्य जानकारी हामीलाई छैन,' उनले भने, 'स्रोत सुनिश्चितता नलिई किन ठेक्का गरियो ? त्यो सम्बन्धित निकायले जवाफ दिने विषय हो । तर, विनियोजनमा नपरेका र स्रोत सुपनश्चितता नपाएका ठेक्काको भुक्तानी गर्ने कुरा आउँदैन । यसबारे अन्य जानकारी हामीलाई छैन ।'

■ विदेशी सहायतामा संकुचन आउँदा समस्या

कोभिडको समयमा विदेशी मुद्रा सञ्चिति खुम्चिँदै जाँदा अर्थ मन्त्रालयले अन्तर्राष्ट्रिय निकायबाट बजेटरी सहायता रकम लिँदै आएको थियो । तर, कोभिडको असर कम हुँदै गएपछि ती निकायले बजेटरी सहायता घटाउँदै गएका छन् । यद्यपि, अर्थ मन्त्रालयले भने गत आर्थिक वर्षमा हौसिएर बजेटरी सहायता प्राप्त गर्ने महत्त्वाकांक्षी लक्ष्य लियो ।

गत आवमा सरकारले एसियाली विकास बैंक (एडिबी), अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ), जापान सहयोग निगम (जाइका)जस्ता अन्तर्राष्ट्रिय निकायबाट करिब ९२ अर्ब बजेटरी सहायता लिने लक्ष्य राखेको थियो । तर, गत आवमा २८ अर्ब मात्रै प्राप्त भयो । अपेक्षित रकम नआएपछि ठेक्का सम्झौता एवं कार्यान्वयनमा गइसकेका आयोजनाको भुक्तानीमा सकस परेको अर्थ मन्त्रालयका अधिकारीहरू बताउँछन् ।

■ ४० अर्बको बिल बन्न बाँकी

योबाहेक झन्डै ४० अर्बको बिल बन्न बाँकी रहेको पनि महासंघको दाबी छ । तर, सरकारले म्याद थप नगर्दा बिल तयार गर्न नसकेको महासंघका अधिकारी बताउँछन् ।

सरकारका पूर्वसचिव देवेन्द्र कार्की भने कुनै पनि हालतमा काम गरेको भुक्तानी दिनुपर्ने बताउँछन् । 'सरकारले काम गराउने, अनि पैसा दिन सक्दिनँ भन्न मिल्दैन । यसमा सम्बन्धित निकाय तथा कार्यालय नै जिम्मेवार हुनुपर्छ । यसको सजाय निर्माण व्यवसायीहरूले पाउनुहुँदैन,' उनले भने, 'कि ठेक्का नै गर्न हुने थिएन ।

अर्थमन्त्री प्रकाशशरण महतले भने भुक्तानी दिन नसक्ने बताएका छन् । नेपाल अडिटर्स एसोसिएसन (अडान)को एक कार्यक्रममा उनले बजेट अभावका कारण यस्तो भुक्तानी दिन कठिन भएको बताएका हुन् । स्रोत सुनिश्चितता नभई ठेक्का लगाउँदा यस्तो समस्या भएको उनको भनाइ छ ।

'नयाँ ब्रोकर आएपछि बजार प्रतिस्पर्धात्मक भएको छ'



काठमाडौं/ नयाँ ब्रोकर सञ्चालनमा आएपछि सेयर बजार प्रतिस्पर्धात्मक भएको नेपाल धितोपत्र बोर्डका अध्यक्ष रमेशकुमार हमालले बताएका छन्। नयाँ ब्रोकर कम्पनीको संगठन धितोपत्र ब्रोकर एसोसिएसन नेपालको कार्यक्रमलाई सम्बोधन गर्दै उनले नयाँ ब्रोकरको आगमनले एक अर्को ब्रोकरलाई प्रतिस्पर्धा र चुनौती दुवै थपिएको हुँदा यसको फाइदा लगानीकर्तालाई हुने बताएका हुन्।

उनले भने, 'हिजोको दिनमा तजबिजमा लाइसेन्स पाउने परम्पराको अन्त्य भएको छ। नियामावलीमै ओपन इन्ट्री र ओपन एक्जिटको व्यवस्था गरेको हुँदा शंका गर्ने ठाउँ छैन।' नयाँ ब्रोकर थपिए भनेर डराउनुपर्ने अवस्था नभएको र प्रतिस्पर्धामा जान सक्नेलाई बजारको सधैं साथ रहने उनको भनाइ छ।

हमालले आइपिओमा आवेदन दिनुअघि कम्पनीका बारेमा लगानीकर्ताले अध्ययन गरेर मात्र आवेदन दिनुपर्ने बताए। उनले भने, 'अन्य मुलुकमा कम्पनीको वर्गका आधारमा आइपिओ जारी हुन्छ, हाम्रोमा त्यो वर्गविभाजन छैन त्यसैले अध्ययन नै मुख्य कुरा हो।'

अहिले सेयर बजार थोरै घट्दा पनि बोर्डलाई गाली गर्ने गरेको हमालको गुनासो थियो। उनले आक्रोश पोखे, 'पौडी खेल्न नजान्नेले खोलामा हामफाल्ने अनि डुबेपछि सरकार र सेबोनलाई गाली गर्ने? आइपिओ भन्दैमा सबै कम्पनीमा सबैले आवेदन दिने हो र? सेयर भर्नुअघि कम्पनी हेर्नुपर्दैन?' उनले १० कित्ते नीतिका कारणले पनि कम्पनीको आइपिओ ओभर सब्सक्राइब हुने अवस्थाले केही नकारात्मक प्रभाव पारेको बताए। बजारसुधारको काम अघि बढेको र अब नरोकिने उनको दाबी थियो। पुँजीबजारका सबै प्लेयरले नाफा कमाउने सुनिश्चितता आवश्यक रहेको बताए।

उनले भने, 'बजारका सबै प्लेयरले नाफा कमाउने सुनिश्चितता आवश्यक छ, लगानीकर्ता र ब्रोकर सबैले कमाउनुपर्छ, तपाईंहरूले तिरेको शुल्कबाट नै हामी पनि चल्ने हो।' उनले भारतमा २०-२५ रुपैयाँ शुल्कमा सेयर किनबेच हुने गरेको बताउँदै अब नेपालमा पनि त्यस्तै अवस्था ल्याइने बताए।

पोखरामा सुजुकीको जिम्नी र फ्रोन्क्स

कास्कीमा **रोहितराज पराजुली**



सुजुकी कम्पनीले हालै बजारमा ल्याएको दुई नयाँ एसयुभी 'जिम्नी' र 'फ्रोन्क्स' पोखरामा सार्वजनिक गरेसँगै बिक्रीका लागि खुला गरिएको छ। सुजुकी गाडीको गण्डकी र धौलागिरिको आधिकारिक विक्रेता बतास ब्रदर्स प्रालिले दुई गाडी बिक्रीका लागि पोखरा भित्र्याएको हो। सार्वजनिक गरिएको गाडीको कम्पनीका प्रमुख सञ्चालन अधिकृत (सिइओ) राजेश रानाभाटले सार्वजनिक गरेसँगै बिक्रीका लागि खुला गरेका हुन्। जिम्नीको सुरुवाती मूल्य ५९ लाख ९९ हजार र फ्रोन्क्सको मूल्य ३९ लाख ९९ हजार रुपैयाँ तोकिएको छ।

सुजुकी चारपांग्रे सवारीसाधनको नेपालका लागि आधिकारिक वितरक सिजी होल्डिङ्सअन्तर्गतको अटोमोटिभ डिभिजन सिजी मोटोक्रप तथा सिजी नेक्स्टजेनले सार्वजनिक भएका दुई गाडी बिक्रीका लागि नेपाल भित्र्याएको हो। निकै प्रतिस्पर्धी मानिएका यी दुई सवारीले सुजुकीको एसयुभी सेगमेन्टको उपस्थितिलाई अझै मजबुत बनाउने कम्पनीले विश्वास व्यक्त गरेको छ। कलात्मक रूपमा नयाँ पिँढीका ग्राहकको रोजाइअनुसार नयाँ युगको प्रविधि प्रयोग गरी दुई गाडी तयार भएको सिइओ रानाभाटले जानकारी दिए।

■ यस्तो छ जिम्नी

सुजुकी जिम्नी अल्टिमेट अफ रोड एसयुभी हो। जुन जोहेभी-ड्युटी ल्याडर फ्रेम चेसिसमा निर्माण गरिएको गाडीमा पर्याप्त बडी एंगल र ग्राउन्ड क्लियरेन्स रहेको छ। अफ-रोड बाटोका लागि उपयुक्त हुने डिजाइनमा निर्माण गरिएको गाडीमा २२.६८ सेमी स्मार्ट प्ले प्रो इन्फोटेन्मेन्ट सिस्टम, ६ एयरब्याग, इलेक्ट्रोनिक स्ट्याबिलिटी कन्ट्रोल, अटो टेम्परेचर कन्ट्रोल, हिल डिसेन्ट कन्ट्रोललगायतका अन्य विभिन्न आधुनिक आरामदायी र सुरक्षित सुविधा रहेका छन्।

■ यस्तो छ फ्रोन्क्स

'द फेस अफ न्यु एसयुभी' भनिएको गाडी प्रिमियम डिजाइन, नयाँ युगको फिचर्स, अत्याधुनिक सुरक्षित सुविधा रहेको छ। आधुनिक नेपाली ग्राहकका लागि सम्पूर्ण माग आपूर्ति गर्ने गरी नयाँ जेनेरेसनको स्टाइल र प्रिमियम मिश्रित निकै आकर्षक र स्पोर्टी देखिन्ने गाडीमा अत्याधुनिक प्रविधिसँगै आरामदायी र सुरक्षित अनुभूति प्रदान गर्ने गरी निर्माण गरिएको कम्पनीले जनाएको छ।


पुरानो इयरफोनसँग नयाँ साट्न पाउने अल्टिमा एक्सचेन्ज मेला हुँदै

काठमाडौं/ वेयरेवल एसेसरिज (पहिरन वस्तु) नेपाली उत्पादक अल्टिमा लाइफ स्टाइलले अल्टिमा एक्सचेन्ज मेला आयोजना गर्ने भएको छ। यो उदयमान नेपाली ब्रान्डले आफ्नो ग्राउन्ड ब्रेकिङअन्तर्गत मेला आयोजना गर्न लागेको हो।

अल्टिमाले अडियोप्रेमीका लागि आयोजना गर्ने दुईदिने महोत्सवमा लामो समयदेखिका प्रशंसक र नयाँ आगमनहरू दुवैले संगीत र ध्वनिप्रतिको उत्साह र आनन्द लिन सक्ने जनाइएको छ। सुन्धारामा रहेको सिभिल मलको पहिलो तलामा र न्युरोडमा रहेको हुकुट स्टोरमा साउन २६ र २७ गते हुने मेलामा अल्टिमाले ग्राहकलाई आफ्ना पुराना वायर भएका इयरफोन र अडियो उपकरणहरू नयाँ अत्याधुनिक प्रविधियुक्त इयरफोन अल्टिमा एटम ८२० सँग साट्न प्रोत्साहित गर्ने जनाइएको छ। कम्पनीले टप अफ द लाइन ट्रु वायरलेस स्टेरियो टिडब्लुएस एक हजार दुई सय रुपैयाँमा उपलब्ध रहेको र यो अडियोमा आधुनिकीकरण अनुभव गर्ने अवसर रहेको कम्पनीको दाबी छ।

अल्टिमा एटम ८२० मा २४ घन्टाको ब्याट्री लाइफ, इमर्सिभ १३ एमएमबास बुस्टेड अडियो पर्यावरणीय आवाज निराकरण र वायरलेस अडियो अनुभव लिन सकिने कम्पनीले जनाएको छ।

डिसहोमले ल्यायो मासिक सय रुपैयाँमा टिभी हेर्न मिल्ने योजना



काठमाडौं/ डिस मिडिया नेटवर्क लिमिटेडले आफ्ना ग्राहकका लागि सुलभ मूल्यमा इन्टरनेट र इन्टरटेन्मेन्ट एकै ठाउँमा पाउन सकिने प्याकेज ल्याएको छ। कम्पनीले नयाँ तथा पुराना ग्राहकले मासिक एक सय रुपैयाँमै डिसहोमको टिभी हेर्न पाउने योजना ल्याएको हो।

डिसहोम फाइबरनेटको नयाँ जडानमा डिसहोम टिभीको कनेक्सन गरी यो अफरको लाभ उठाउन सकिने कम्पनीले जनाएको छ। यो अफरको लाभ पहिलेदेखि डिसहोम टिभी मात्र प्रयोग गरिरहेका ग्राहकले फाइबरनेटको कनेक्सन लिएर लिन सक्ने जनाइएको छ।

कम्पनीले ल्याएको यो अफरमा उच्चगतिको इन्टरनेटसँगै ६० भन्दा बढी एचडी च्यानलसहित दुई सयभन्दा माथि उच्च पिक्चर क्वालिटीको टिभी हेर्न सक्ने कम्पनीको भनाइ छ।

सिटिजन्स बैंक र हटपिज रेस्ट्रो तथा रेगलबीच समझदारी


काठमाडौं/ सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले काठमाडौंमा रहेको हटपिज रेस्ट्रो तथा हेटौंडामा हरेको रेगल हेटौंडा रिसोर्टसँग छुटसम्बन्धी समझदारी गरेको छ। बैंकले दुवै रेस्ट्रो तथा रिसोर्टसँग आफ्ना ग्राहकलाई विशेष छुट दिने समझदारीमा हस्ताक्षर गरेको हो।

समझदारीअनुसार सिटिजन्स बैंकका कार्डवाहक र मोबाइल बैंकिङ ग्राहकले हटपिज रेस्ट्रोमा १० प्रतिशत र रेगल हेटौंडा रिसोर्टमा १५ प्रतिशतसम्म छुट पाउने जनाइएको छ। यस किसिमको सहकार्यबाट बैंकका ग्राहक लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित हुने बैंकले विश्वास व्यक्त गरेको छ।



बैंकले डिजिटल बैंकिङ माध्यमको प्रयोगलाई बढाउन र ग्राहकलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहित गर्ने उद्देश्यले समय-समयमा ग्राहकमैत्री सुविधा सञ्चालनमा ल्याउँदै आएको दाबी गरेको छ। हाल बैंकले देशभरमा एक सय ८८ शाखा, एक सय ४७ एटिएम, तीन विस्तारित काउन्टरका साथै ९७ वटा शाखारहित बैंकिङ एकाइमार्फत सेवा दिँदै आएको जनाएको छ।

'द पर्पल बुक अफ ट्याक्स' बजारमा



काठमाडौं/ सिए शेषमणि दाहालद्वारा लिखित 'द पर्पल बुक अफ ट्याक्स'को छैटौं संस्करण बजारमा उपलब्ध भएको छ। पुस्तकमा आर्थिक ऐन, २०८० ले संशोधन गरेको आयकर ऐन, मूल्य अभिवृद्धि कर ऐन नेपाली तथा अंग्रेजी भाषमा प्रस्तुत गरिएको छ।

त्यस्तै, भन्सार र अन्तःशुल्कका व्यवस्थालाई सरल भाषामा बुझ्नका लागि त्यस्ता व्यवस्थालाई संक्षिप्त रूपमा समेत प्रस्तुत गरिएको छ। त्यसका साथै, आर्थिक ऐनमार्फत लगाइएका सम्पूर्ण कर, महसुल, दस्तुर, शुल्क तथा रोयल्टीका साथै आर्थिक ऐन, २०८० मार्फत करमा दिइएका छुट तथा सहुलियतलाई समेत छुट्टाछुट्टै रूपमा यही पुस्तकमा समावेश गरिएको छ।

आयकर तथा मूल्य अभिवृद्धि कर निर्देशिकाले गरेका विशेष कानुनी व्याख्या ऐनका व्यवस्थासँगै मिलाएर राखेका कारणले पाठकलाई कानुन पढ्न र बुझ्न सरल हुने विश्वास लेखक दाहालको रहेको छ।

यस पुस्तकमा आन्तरिक राजस्व विभागले जारी गरेका परिपत्र, पुर्वादेश तथा सर्वोच्च अदालतले करसम्बन्धी मुद्दामा गरेका महत्त्वपूर्ण व्याख्या तथा फैसलालाई ऐनका दफासँगै मिलाएर राखेका कारण यो पुस्तक करसम्बन्धी महत्त्वपूर्ण स्रोत सामग्रीका रूपमा पाठकहरूले प्रयोग गर्ने गरेका छन्।

उपत्यकाभित्र तथा बाहिरका मुख्य सहरका प्रमुख पुस्तक पसलमा यो पुस्तक उपलब्ध रहेको लेखकले जनाएका छन्।

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

शाखा कार्यालय: पोखरा, कास्की
फोन: ०६१-५७६३४७/४८

शाखा कार्यालय: कावासोती, नवलपरासी
फोन: ०७८-५४०२९६/९७

शाखा कार्यालय: हाकिमचोक, चितवन
फोन : ०५६-५३०६८२

शाखा कार्यालय: दमौली, तनहुँ
फोन: ०६५-५६०४३३

को

शाखा कार्यालय: भरतपुर, चितवन
फोन: ०५६-५३३२४०

तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/०४/२५ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम लिखित सूचना पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न पठाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

शाखा कार्यालय: पोखरा, कास्की

ऋणीको विवरण

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा, कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७६/०४/१४ मा दर्ता नं. २१९२५८/०७६/०७७ कायम भई दर्ता भएको तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ११, बेलटारी स्थित **डि. एल. पोल्ट्रि एण्ड ब्रिडिङ्ग प्रा. लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. बिर बहादुर थिङ्गको नाति, लाल बहादुर थिङ्गको छोरा, चितवन जिल्ला, साबिक जगतपुर-९, स्थित स्थायी ठेगाना भएको **घन बहादुर थिङ्ग (ना.प्र.प.नं. २२४१/०४४, चितवन)**

२. लाल बहादुर थिङ्गको बुहारी, घन बहादुर थिङ्गको पत्नी, चितवन जिल्ला, साबिक चैनपुर-६, स्थित स्थायी ठेगाना भएको **ललिता लामा (ना.प्र.प.नं. ७५६५/०५९, चितवन)**

३. दामोदर रानाभाटको नाति, चेक बहादुर रानाभाटको छोरा, चितवन जिल्ला, साबिक शुक्रनगर-२, स्थित स्थायी ठेगाना भएको **नरेश रानाभाट (ना.प्र.प.नं. १४८१/०५९, चितवन)**

४. चेक बहादुर रानाभाटको बुहारी, नरेश रानाभाटको पत्नी, चितवन जिल्ला, साबिक शुक्रनगर-२, स्थित स्थायी ठेगाना भएको **कल्पना जमरकट्टेल (ना.प्र.प.नं. १५३४/०६०, चितवन)**

५. दामोदर रानाभाटको बुहारी, चेक बहादुर रानाभाटको पत्नी, चितवन जिल्ला, साबिक शुक्रनगर-२, स्थित स्थायी ठेगाना भएको **गंगा देवी रानाभाट (ना.प्र.प.नं. ५२३, चितवन)**

धितोमा रहेको सम्पत्तिको विवरण

१. **डि. एल. पोल्ट्रि एण्ड ब्रिडिङ्ग प्रा.लि.** को नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता श्रेस्ता कायम रहेको तनहुँ जिल्ला, फराकचौर गा.वि.स/न.पा. वडा नं. ५ स्थित कित्ता नं. ७५१, ७५०, ६८५, ६८७, ६९१ को क्रमश : क्षेत्रफल ३-०-०-०, ०-१४-०-०, १-४-०-०, १-४-०-० र १९-८-२-२ (रोपनी) को जग्गाहरु तथा सो जग्गाहरुले चर्चेको सम्पुर्ण लिज लगायात समेत ।

२. **गंगा देवी रानाभाटको** नाममा मालपोत कार्यालय चनौली, चितवनको लगतमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला, रातापुर गा.वि.स/न.पा. वडा नं. ७ स्थित कित्ता नं. ८१ को क्षेत्रफल ०-५-१८-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पुर्ण लिज लगायात समेत ।

शाखा कार्यालय: हाकिमचोक, चितवन

ऋणीको विवरण

राम प्रसाद जैसी सापकोटाको बुहारी, डोलराज सापकोटाको पत्नी, नवलपरासी जिल्ला, दिव्यपुरी गा.वि.स./न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **सरिता सापकोटा (ना.प्र.प.नं. ५६३६०, नवलपरासी)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. राम प्रसाद जैसी सापकोटाको नाति, डोलराज सापकोटाको छोरा, नवलपरासी जिल्ला, देवचुली गा.वि.स./न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **सन्जय सापकोटा (ना.प्र.प.नं. ३६२०११/३४२७, नवलपरासी)**

२. राम प्रसाद जैसी सापकोटाको नाति, डोलराज सापकोटाको छोरा, नवलपरासी जिल्ला, दिव्यपुरी गा.वि.स./न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **बिजय सापकोटा (ना.प्र.प.नं. ३६२०१३/२६२, नवलपरासी)**

३. जगतनाथ जैसी सापकोटाको नाति, राम प्रसाद जैसी सापकोटाको छोरा, नवलपरासी जिल्ला, दिव्यपुरी गा.वि.स./न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **डोलराज सापकोटा (ना.प्र.प.नं. ३६८३२, नवलपरासी)**

धितोमा रहेको सम्पत्तिको विवरण

सरिता सापकोटाको नाममा मालपोत कार्यालय कावासोती,नवलपरासी (बर्दघाट सुस्ता पूर्व)को लगतमा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला, सिस्वार गा.वि.स./न.पा. वडा नं. ८ स्थित कित्ता नं. ५२७ को क्षेत्रफल ०-०-१०-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिज लगायात समेत ।

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम २०८०/०४/२५ गते विहिवारदेखि यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौ तथा शाखा कार्यालयहरु पोखरा, कास्की, दमौली, तनहुँ, भरतपुर, चितवन, हाकिमचोक, चितवन र कावासोती, नवलपरासीबाट प्राप्त गर्न सकिनेछ ।

२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।

३. बोलपत्रदातालै बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२०००००) मा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वितीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।

४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अस्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।

५. शिलबन्दी बोलपत्र मिति २०८०/०५/०७ गते विहिवार कार्यालय समय भित्र शाखा कार्यालय पोखरा, कास्कीको धितोमा रहेको सम्पतिको विवरण नं. १ को हकमा यस बैंकको शाखा कार्यालय दमौली, तनहुँमा, धितोमा रहेको सम्पतिको विवरण नं. २ को हकमा शाखा कार्यालय भरतपुर, चितवनमा र शाखा कार्यालय हाकिमचोक, चितवनको धितोमा रहेको सम्पतिको हकमा यस बैंकको शाखा कार्यालय कावासोती, नवलपरासीमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।

६. शिलबन्दी बोलपत्र मिति २०८०/०५/०८ गते शुक्रवार दिउँसो १:०० बजे यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।

७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।

८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।

९. सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा छट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौ तथा सम्बन्धित शाखा कार्यालयहरुमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय वीरगंज तथा ड्राईपोर्ट, पर्साको तपसिलमा उल्लेखित ऋणीहरूलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०४/२५ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय वीरगंज तथा ड्राईपोर्ट, पर्साबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैंतिस**) **दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ। साथै उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ। अन्यथा तहाँहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ।

तपसिल

ऋणीहरुको विवरण:

१. प्राइभेट फर्म रजिष्ट्रेसन ऐन २०१४ बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, पर्सा, बीरगंजमा मिति २०७०/०४/१४ मा घ. तथा सा.उ.का.प्रा.फ. पर्सा नं. ६५४०/०७०/०७१ कायम भई दर्ता रहेको पर्सा जिल्ला, बीरगंज उ.म.न.पा. वडा नं.११ स्थित रजिष्टर्ड कार्यालय रहेको **शुभम ज्वेलरी उद्योग** (प्रोप्राईटर विश्वनाथ सा सोनार/फेकनी देवीको, जोगिन्दर सा सोनार/बच्ची देवी सोनारीनको छोरा, अन्तीमा सर्राफको पति, वारा जिल्ला, नरही गा.वि.स. वडा नं.०६ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, बीरगंज म.न.पा. वडा नं. १६, नगवा बस्ने **राकेश कुमार सरांफ** (ना.प्र.नं. ३३१०३८/६३९६, जारी मिति २०६७/०५/१८, जिल्ला प्रशासन कार्यालय वारा)।

२. विश्वनाथ सा सोनार/फेकनी देवीको नाति, जोगिन्दर सा सोनार/बच्ची देवी सोनारीनको छोरा, स्वी सर्राफको पति, वारा जिल्ला, नरही गा.वि.स. वडा नं. ०६ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, बीरगंज म.न.पा. वडा नं १६, नगवा बस्ने **अजय कुमार शरार्फ** (ना.प्र.प.नं. ३३१०३८/२१००, जारी मिति २०४५/०२/३१, जिल्ला प्रशासन कार्यालय, वारा)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. विश्वनाथ सा सोनार/फेकनी देवीको, जोगिन्दर सा सोनार/बच्ची देवी सोनारीनको छोरा, अन्तीमा सर्राफको पति, वारा जिल्ला, नरही गा.वि.स. वडा नं.०६ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, बीरगंज म.न.पा. वडा नं. १६, नगवा बस्ने **राकेश कुमार सरांफ** (ना.प्र.नं.३३१०३८/६३९६, जारी मिति २०६७/०५/१८, जिल्ला प्रशासन कार्यालय वारा)।

२. विश्वनाथ सा सोनार/फेकनी देवीको नाति, जोगिन्दर सा सोनार/बच्ची देवी सोनारीनको छोरा, स्वी सर्राफको पति, वारा जिल्ला, नरही गा.वि.स. वडा नं. ०६ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, बीरगंज म.न.पा. वडा नं. १६, नगवा बस्ने **अजय कुमार शरार्फ** (ना.प्र.नं.३३१०३८/२१००, जारी मिति २०६४/०३/२९, जिल्ला प्रशासन कार्यालय, वारा)।

३. गनपत साह सोनारको नाति, विश्वनाथ सा सोनार/फेकनी देवीको छोरा, वच्ची देवीको पति जिल्ला वारा, नरही गा.वि.स. वडा नं.०६ स्थायी ठेगाना भई हाल, जिल्ला पर्सा, बीरगंज म.न.पा. वडा नं.१६ बस्ने **जोगिन्दर सा सोनार** (ना.प्र.नं.१७१८/०८९९, जारी मिति २०४५/०२/३१, जिल्ला प्रशासन कार्यालय, वारा)।

धितो सुरक्षणको विवरण:

१. **जोगिन्दर सा सोनार**को नाममा मालपोत कार्यालय वारामा दर्ता कायम रहेको वारा जिल्ला मैनी गा.वि.स./न.पा. वडा नं.३ स्थित कि.नं. ६२८ को क्षेत्रफल ०-२-०-४ (वि.क.धु.क) को जग्गा र ऐ.ऐ. नरही गा.वि.स./न.पा. वडा नं. ७ स्थित कि.नं. ८३४, ८३८, ८३५, ८३७ र ८३९ को क्षेत्रफल क्रमश: ०-०-१०, ०-०-६-१०, ०-०-१०, ०-०-६ र ०-०-११-१२ (वि.क.धु.क) को घर/जग्गा तथा लिगलगापातहरु समेत ।

२. **अजय कुमार सरांफ**को नाममा मालपोत कार्यालय पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला नगवा गा.वि.स./न.पा. वडा नं.७ स्थित कि.नं. २३७ र २३९ को क्षेत्रफल क्रमश: ०-०-५-० र ०-०-१०-० (वि.क.धु.क) को घर/जग्गा तथा लिगलगापातहरु समेत ।

३. धनी कुमारी बैंक लिमिटेड र ऋणी **शुभम ज्वेलरी उद्योग** कायम भई वागमति प्रदेश, यातायात व्यवस्था कार्यालय, ललितपुरमा दर्ता कायम रहेको ई.नं. 017103C, चे.नं. MDHFBADDOM9032606, सवारी नं. वागमति प्रदेश-०१ ०२६ च २४७८ को Nissan Magnite थान १ ।

४. धनी कुमारी बैंक लिमिटेड र ऋणी **अजय कुमार सरांफ** कायम भई नारायणी अञ्चल यातायात व्यवस्था कार्यालय, वीरगन्जमा दर्ता कायम रहेको ई.नं. 61J63544979, चे.नं. MAT412269GOR00680, सवारी नं. ना ७ ख ४७४९ भएको LPO 1512 TC/53 MCV TATA Bus थान १ ।

५. धनी कुमारी बैंक लिमिटेड र ऋणी **अजय कुमार सरांफ** कायम भई नारायणी अञ्चल यातायात व्यवस्था कार्यालय, वीरगन्जमा दर्ता कायम रहेको ई.नं. 61J63544903 चे.नं. MAT412269GOR00679 सवारी नं. ना ७ ख ४७५२ भएको LPO 1512 TC/53 TATA Bus थान १ ।

६. धनी कुमारी बैंक लिमिटेड र ऋणी **अजय कुमार सरांफ** कायम भई नारायणी अञ्चल यातायात व्यवस्था कार्यालय, वीरगन्जमा दर्ता कायम रहेको ई.नं. 41G84171531 चे.नं. MAT412076E0G04261 सवारी नं. ना ५ ख ५००७ भएको LP

डेढ महिनामा...

पृष्ठ १ बाट क्रमशः

ऋण सहयोगमा पाँच वर्षअघि मात्र तीन अर्ब ४० करोड खर्च गरेर दुई लेनमा स्तरोन्नति गरिएको हो । तर, हरेक वर्ष पहिरोको उस्तै छ ।

६ असारदेखि २३ साउन डेढ महिनामा २६ पटक पहिरो खस्दा नारायणगढ-मुग्लिन सडक सय घन्टा आठ मिनेट अवरुद्ध भएको सडक डिभिजन कार्यालय भरतपुरको तथ्यांक छ । यसबीचमा सडक घन्टौंसम्म एकतर्फी मात्र सञ्चालन भएको छ ।

२६ ठाउँमा गएको पहिरोमध्ये सबैभन्दा धेरै तुइनखोला र कालीखोलामा ६-६ पटक गएको छ । नाम्से पुलमा तीनपटक तथा १८ किलो, डुम्रे, रिग्दी, सिमलताल-सेतीदोभानमा दुई-दुईपटक पहिरो गएको छ । त्यस्तै जलबिरे, टोपेखेला र चारकिलोमा एक-एकपटक पहिरो खसेको छ ।

'यो तथ्यांक ठुल्ठूलो पहिरो खसेर सडक अवरुद्ध भएको हकमा मात्र हो,' सडक डिभिजन भरतपुरका इन्जिनियर सागर कार्की क्षेत्रीले भने, 'बर्खामा ससाना पहिरो त धेरै नै खसिरहन्छन् । त्यसको रिपोर्टिङ र तथ्यांक हामीसँग छैन ।'

यो सडक स्तरोन्नती पछि ०७५ यता पहिरोका कारण मौरीखोला पुलमा भन्डै तीन दिन (६६ घन्टा) सडक अवरोध भएको थियो । सडक डिभिजन भरतपुरका डिभिजन प्रमुख इन्जिनियर रमेशप्रसाद पौडेलका अनुसार सडक हस्तान्तरण भएपछि सवारीसाधन अवरोध हुने गरेर डेढ सयभन्दा धेरैपटक पहिरो खसेको अनुमान छ । तर, सडकसँग यसको यकिन तथ्यांक छैन । नारायणगढ-मुग्लिन हुँदै नियमित भरतपुर-काठमाडौं माइक्रोबस चलाइरहने दोलखाका ५१ वर्षीय हेम थापा कैयौंपटक पहिरोका कारण सडकमै वास बसेको अनुभव सुनाउँछन् । 'बाटो बनाएका छन् । तर, पहिरो रोकिएको छैन,' उनले भने, 'बर्खामा नारायणगढ-मुग्लिनमा माइक्रो चलाउन डर हुन्छ । कतिखेर पहिरो खस्छ थाहै हुँदैन ।'

नारायणगढ-मुग्लिन सडक विश्व बैंकको ऋण सहयोगमा नेपाल-भारत क्षेत्रीय व्यापार तथा यातायात आयोजनाअन्तर्गत ३६ किलोमिटरमध्ये चितवनको आँपटारीदेखि मुग्लिडसम्मको ३३ किलोमिटर स्तरोन्नति गरिएको थियो । ७ वैशाख ०७२ बाट सुरु भई पाँचपटक म्याद थपपश्चात् करिब एक वर्ष ढिला गरेर २४ साउन ०७५ मा दुई लेनमा स्तरोन्नति गर्न तीन अर्ब ४० करोड खर्च भएको छ । आयोजनाको ठेक्का रकम तीन अर्ब रहे पनि ४० करोड लागत बढेको थियो ।

खोजी हुँदै नारायणगढ-मुग्लिन सडकको विकल्प

पूर्वी र पश्चिम नेपाललाई मुलुकको राजधानीसँग जोड्ने मुख्य सडकमार्ग, नारायणगढ-मुग्लिनको विकल्प खोज्ने प्रक्रिया पनि सुरु भएको छ ।

सडक डिभिजन कार्यालय भरतपुरले तीन हप्ताअघि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई गैंडाकोटदेखि तनहुँको देवघाट, दासढुंगा हुँदै मुग्लिनसम्म सडक बनाउन स्वीकृतिको प्रक्रिया थाल्न पत्र पठाएको छ । विभागबाट मन्त्रालय हुँदै त्यसको स्वीकृति नयाँ राजमार्ग घोषणासहित मन्त्रिपरिषद्बाट निर्णय हुनुपर्ने हुन्छ । यसको लागत चार अर्ब अनुमान गरिएको छ ।

नारायणगढ-मुग्लिन सडकको वैकल्पिक सडक बनाउन प्रस्ताव गरिएको गैंडाकोटदेखि मुग्लिनसम्म करिब ३२ किलोमिटर दूरी पर्छ । अहिले भएको सडकको त्रिशूलीको अर्को किनारमा उक्त सडक बन्नेछ । गैंडाकोटदेखि नवलपरासीतर्फ आठ किलोमिटर र तनहुँ देवघाटदेखि मुग्लिन २४ किलोमिटर पर्नेछ ।

कालीगण्डकीमाथि पुल बनेकाले यो सडक बनेमा पश्चिमका गाडी चितवन आउनुपर्ने छैन । यसबाहेक अहिले तराईबाट आउँदा कान्ति लोकपथको सडक, पश्चिमबाट आउँदा बुटवल-पोखरा-काठमाडौं र पूर्वबाट आउँदा बर्दिबास-धुलिखेल-काठमाडौं नारायणगढ-मुग्लिनको विकल्प हुन् । हेटौंडा-नौबिसे सडक र हेटौंडा-कुलेखानी-दक्षिणकाली-काठमाडौं वैकल्पिक सडक हुन् । तर, यी सडकमा १२ महिना नै लोडसहित ठूला सवारी चल्न मुस्किल छ ।

नेपाली सेनाले राष्ट्रिय गौरव तथा रणनीतिक महत्त्वको काठमाडौं–तराई- मधेस द्रुतमार्ग (फास्ट ट्र्याक) निर्धारित समयमै निर्माण पूरा भए नारायणगढ मुग्लिन सबैभन्दा उत्तम विकल्प बन्ने पौडेल बताउँछन् । नारायणगढ-मुग्लिन सडकको क्षमता दैनिक १७ हजार सवारीसाधनको रहे पनि दैनिक ११ हजार मालवाहक र यात्रुवाहक सवारीसाधन गुड्छन् । पौडेलका अनुसार अब नारायणगढ-मुग्लिनमा टनेलबाहेकको विकल्पमा पहाड काटेर सडक विस्तार गर्न सकिने अवस्था पनि छैन ।

एक वर्षमा ५७ सवारी दुर्घटना, ११ जनाको मृत्यु

एसियाली मापदण्डमा स्तरोन्नति गरिएको भनिएको मुग्लिन-नारायणगढ सडकमा एक वर्षमा ५७ सवारी दुर्घटना भएका छन् । गत आव ०७९-८० मा भएका सवारी दुर्घटनामा ११ जनाको मृत्यु भएको र एक सय ५९ जना घाइते भएको जिल्ला ट्राफिक कार्यालयको तथ्यांक छ । प्रहरीले दुर्घटनाको कारणबारे छुट्टै तथ्यांक नराखे पनि बर्सातका महिना र चार्डपर्व परेका समयमा धेरै सवारी दुर्घटना भएको देखिन्छ ।

गत वर्ष साउनमा नौ सवारी दुर्घटना हुँदा तीनजनाको मृत्यु भएको थियो भने १८ जना घाइते भएका छन् । असोजमा नौ सवारी दुर्घटना हुँदा तीनजनाको मृत्यु र १२ जना घाइते भएका छन् । यो सडकमा पछिल्लो तीन वर्षमा दुई सय १२ दुर्घटना हुँदा ४४ जनाको मृत्यु भएको छ । पाँच सय २६ जना घाइते भएका छन् ।

कारागारभित्र...

पृष्ठ १ बाट क्रमशः

भनिए पनि खास कारण क्षमताभन्दा धेरै कैदीबन्दी राखिनु थियो । किनकि २५ जनाको क्षमता भएको कारागारमा सय कैदीबन्दी छन् ।

कारागार व्यवस्थापन विभागका महानिर्देशक चक्रपाणि पाण्डे कारागारभित्र झपड हुने अनेक कारणमध्ये एउटा क्षमताभन्दा धेरै कैदीबन्दी राखिनु पनि रहेको स्विकार्छन् । 'कारागारभित्र विभिन्न पृष्ठभूमिका कैदीबन्दी राखिएका छन् । वेलावेलामा उनीहरूबीच झडप हुने गर्छ । प्रत्येक घटनालाई फरक-फरक ढंगले अध्ययन गरिनुपर्छ । घटनापिच्छे कारण र पृष्ठभूमि फरक-फरक फेला पर्छन् । तर, त्यसमा एउटा विषय समान देखिन्छ, त्यो हो क्षमताभन्दा धेरै कैदीबन्दी राखिनु ।'

विभागकै तथ्यांकअनुसार मुलुकभरका ७४ कारागारमा १६ हजार पाँच सयको मात्रै क्षमता छ, तर कैदीबन्दी भने २७ हजार पाँच सय ५० राखिएका छन् । सरकारले कारागारभित्र रहेका प्रत्येक कैदीबन्दीलाई दिने सिदा समान छ । सोहीअनुसार सम्बन्धित जेल प्रशासनले कैदीबन्दीलाई सिदा उपलब्ध गराउने गर्छ । तर, त्यसबाहेक भौतिक सुविधा भने उनीहरूले आपसमा बाँडेर लिनुपर्ने हुन्छ । जस्तै : बस्ने कोठा आपसमा बाँड्नुपर्छ । त्यस्तै, ट्वाइलेट, खानेपानी, खेल मैदान, कपडा सुकाउने ठाउँ, नुहाउने ठाउँ, पुस्तकालयलगायत सबै सुविधा आपसमा बाँड्नुपर्छ । क्षमताभन्दा दोब्बरको संख्यामा कैदीबन्दी रहने हुँदा यी आधारभूत आवश्यकता उपभोग गर्न पनि कारागारभित्र कैदीबन्दीले संघर्ष गर्नुपर्ने अवस्था सिर्जना हुन्छ । अनि विवाद पनि यिनै विषयबाट सुरु भएर झडप हुँदै हत्याको अवस्थासम्म पुग्छ । यो तथ्यलाई विभाग महानिर्देशक पाण्डे पनि स्विकार्छन् । 'जेलभित्र सीमित सुविधा छन् । जुन सीमित कैदीबन्दीका लागि मात्रै बनाइएका हुन् । तर, ती सुविधा दोब्बरभन्दा धेरैमा बाँडिनुपर्छ । आधारभूत आवश्यकता पूरा गर्ने संघर्ष गर्नुपर्ने अवस्था सिर्जना भएपछि विवादको सुरुवात हुन्छ । कारागारभित्र हुने झडप र हत्याका पछाडि यस्तै कारण देखिन्छन् ।'

सीमित सुविधामा क्षमताभन्दा बढी कैदीबन्दी छन्, त्यहींबाट विवाद भएर झडपदेखि हत्यासम्म निम्तिन्छ

चक्रपाणि पाण्डे, **महानिर्देशक, कारागार व्यवस्थापन विभाग**



कारागारभित्र विभिन्न पृष्ठभूमिका कैदीबन्दी राखिएका छन् । वेलावेलामा उनीहरूबीच झडप हुने गर्छ । प्रत्येक घटनालाई फरक-फरक ढंगले अध्ययन गरिनुपर्छ । घटनापिच्छे कारण र पृष्ठभूमि फरक-फरक फेला पर्छन् । तर, त्यसमा एउटा विषय समान देखिन्छ, त्यो हो क्षमताभन्दा धेरै कैदीबन्दी राखिनु । जेलभित्र सीमित सुविधा छन् । जुन सीमित कैदीबन्दीका लागि मात्रै बनाइएका हुन् । तर, ती सुविधा दोब्बरभन्दा धेरैमा बाँडिनुपर्छ । आधारभूत आवश्यकता पूरा गर्ने संघर्ष गर्नुपर्ने अवस्था सिर्जना भएपछि विवादको सुरुवात हुन्छ । कारागारभित्र हुने झडप र हत्याका पछाडि यस्तै कारण देखिन्छन् ।

कैदीबन्दी बढ्नुमा अपराध नियन्त्रणको दण्डात्मक पद्धति दोषी

दण्ड दिएर अपराध न्यूनीकरण हुन्छ भन्ने सिद्धान्तलाई आत्मसात् गरेर संसारमा कारागारको अवधारणा विकास भएको देखिन्छ । सोही अवधारणाबाट संसारकै पहिलो कारागार सन् १६२५ मा बेलायतमा बन्यो । त्यसलाई पछ्याउँदै १९७१ मा नेपालमै पहिलोपटक कारागार (हालको केन्द्रीय कारागार) स्थापना गरियो । अहिले यो विस्तार भएर ७४ ठाउँमा पुगेको छ ।

कारागार स्थापनाको अवधारणागत पक्षबाट हेर्दा दण्डबाट डराएर अपराध घट्नुपर्ने हो । तर, त्यस्तो न नेपालमा भएको छ, न संसारका अन्य मुलुकमा नै । बरु अपराध झन् बढेका छन् । कारागारको आवश्यकता झन्झन् थपिँदै गएको छ । नेपाल प्रहरीका पूर्वएआइजी राजेन्द्रसिंह भण्डारी अपराध नियन्त्रण दण्डात्मक विधिलाई प्राथमिकता दिँदा यस्तो भएको बताउँछन् ।

उनी भन्छन्, 'अपराध नियन्त्रणका लागि मूलतः दण्डात्मक र सुधारात्क दुई 'एप्रोच' कार्यान्वयनमा रहेको देखिन्छ । अभियुक्तलाई बन्दी बनाउने, जरिवाना भराउनेदेखि मृत्युदण्ड दिनेसम्मका कार्य अपराध नियन्त्रणको दण्डात्मक विधि हुन् । तर, यो विधि नै अपराध नियन्त्रणको अन्तिम विकल्प होइन । सुधारात्मक विधि अपराध नियन्त्रणको महत्त्वपूर्ण पाटो हो । तर, हामीकहाँ यो विधि लागू भएको छैन । बलात्कारका घटना बढ्नुको एउटा कारण यो हो । करागारमा यस्ता मुद्दासँग सम्बन्धित कैदीबन्दी बढ्नको कारण यिनै हुन् ।'

कानुनी सुविधा दुरुपयोगले कैदीबन्दी बढे

मुलुकभरका कारागारमा रहेका कुल कैदीबन्दीको तुलनामा जबर्जस्ती करणी र लागुऔषध मुद्दाका कैदीबन्दी मात्रै क्रमशः २७ प्रतिशत र २१ प्रतिशत छन् । जबर्जस्ती करणी कसुरमा हाल मुलुकी फौजदारी संहिता ०७४ अनुसार कारबाही हुँदै आएको छ । संहिताको दफा २२९ मा जबर्जस्ती करणीमा परेको पीडितले घटना भएको वर्ष दिनभित्र सम्बन्धित प्रहरी कार्यालयमा पुगेर उजुरी दिन सक्ने व्यवस्था गरिएको छ । सबुत प्रमाणका लागि पीडितको साबिति बयान नै अन्तिम हुने भनिएको छ । कानुनअनुसार यस्ता कसुरका अभियुक्त अभियोग लाग्नसाथ पुर्पक्षका लागि कारागार चलान हुन्छन् । कतिपय अवस्थामा कानुनी सुविधा दुरुपयोग भएका कारण पनि कैदीबन्दी बढेको पूर्वएआइजी भण्डारीको भनाइ छ ।

उनी भन्छन्, 'बलात्कार कसुरमा कानुनी सजाय कडा छ । वर्ष दिनसम्मको त हद म्यादै छ । पछिल्ला दिन हद म्यादको यो अवधि पनि बढ्ने भनिएको छ । सधैंभरि कानुनका यी सुविधा सही तवरले प्रयोग हुन्छन् भन्ने होइन । कतिपय अवस्थामा दुरुपयोग हुन्छन् र भएका पनि छन् । 'हनी ट्र्यापिङ' यसैका उदाहरण हुन् । सतहमा नआएका यस्ता केस कति होलान् ? कारागारभित्र कैदीबन्दी बढ्ने कारण यी पनि हुन् ।'

कसुर प्रमाणित भएका कसुरदारले अदालतबाट तोकेको सजाय पूरापूर भुक्तान गर्नैपर्ने हुन्छ । यस्ता मुद्दाका कसुदारले कैद मिनाहा सुविधा पाउँदैन । कारागारमा यो मुद्दाका कैदीबन्दीको चाप अत्यधिक बढ्नुको कारण यो पनि रहेको भण्डारी बताउँछन् ।

कारागारमा भएका झडप

- १७ साउन ०७६ - नख्खु कारागारमा कैदीबन्दीबीच झडप, एकको मृत्यु
- १२ मंसिस ०७३ - महोत्तरीस्थित जलेश्वर कारागारमा झडप, २२ कैदीबन्दी घाइते
- २५ पुस ०६९ - सिन्धुली कारागारमा झडप, एकको मृत्यु, सात कैदीबन्दी घाइते
- २० मंसिर ०६८ - चितवन कारागारमा झडप, चार घाइते, एकको मृत्यु
- १४ मंसिर ०६८ - मकवानपुरको भिमफेदी कारागारमा झडप, १२ घाइते
- ३० चैत ०७८ - झुम्का कारागारमा झडप, २५ कैदीबन्दी घाइते
- १३ पुस ०७४ - मकवानपुरको भीमफेदी कारागारमा झडप, ६ कैदीबन्दी घाइते
- १६ फागुन ०७७ - तनहुँको दमौली कारागारमा झडप, पाँच घाइते
- ११ जेठ ०७७ - डिल्लीबजार कारागारमा झडप, एक कैदीबन्दी घाइते
- २० वैशाख ०७६ - डाडको घोराही कारागारमा झडप, पाँच कैदीबन्दी घाइते
- २३ कात्तिक ०७८ - मोरङ कारागारमा झडप, ६ कैदीबन्दी घाइते

सहयोगको याचनासहित...

पृष्ठ १ बाट क्रमशः

दुर्घटना भएको झन्डै आधा घन्टापछि प्रहरी चौकी लिसंखुपाखरका प्रहरी सहायक निरीक्षक नेत्र काफ्लेको टोली घटनास्थल पुगेको थियो । त्यसपछि प्रहरीले लिसंखुपाखर गाउँपालिका- ६ को एम्बुलेन्स मगाएर घाइते श्रेष्ठलाई खाडीचौरस्थित सिन्धु सदाबहार अस्पताल पुऱ्याएको थियो । अस्पतालले रक्तस्राव रोक्न नसक्ने र तत्काल काठमाडौं लैजान भनेपछि श्रेष्ठलाई काठमाडौं लगिएको थियो ।

दुईजना प्रहरीले एम्बुलेन्समा काखमा राखेर लगिरहेका विश्वराज बाटोभरि छटपटाउँदै प्रहरी र एम्बुलेन्सचालकलाई अंकल गाडी छिटो हाँक्नु न मलाई छिटो अस्पताल पुऱ्याउनु भन्दै रोइरहेका थिए । अत्यधिक रक्तस्रावका कारण विश्वराजले काभ्रेको साँगा पुग्दानपुग्दै देहत्याग गरे । प्रहरीका अनुसार उनलाई धुलिखेल अस्पताल राख्न खोजिएको थियो, तर परिवारका सदस्यले बी एन्ड बी अस्पताल नै ल्याउन भनेपछि धुलिखेल अस्पताल गेटबाटै फर्काइएको इलाका प्रहरी कार्यालय बाह्रबिसेका प्रमुख मुकेश न्यौपानेले बताए ।

■ रोजगारीका लागि फ्रान्स जाने कागजात बोकेर काठमाडौं हिँडेको छोराको मृत्युपछि अचेत छन् बाबुआमा

मंगलबार दिउँसो झन्डै ३ बजे ललितपुरको बी एन्ड बी अस्पतालको इमर्जेन्सी कक्षमा पुऱ्याइएका विश्वराजलाई तत्काल चिकित्सकहरूको टोलीले मृत घोषणा गरेको थियो । रोजगारीका लागि आवश्यक कागजात बोकेर काठमाडौं हिँडेका छोराको मृत्यु भएपछि बुबा विष्णु श्रेष्ठ र आमा बुना श्रेष्ठ मंगलबारदेखि नै बेहोस छन् । विष्णुका दुवै छोरी अचेत भएपछि काठमाडौं मेडिकल कलेज सिनामंगलमा भर्ना गरिएको बैतेश्वर-७ दोलखाका वडाध्यक्ष मीनकुमार सिवाकोटीले जानकारी दिए । बुधबार साँझ पोस्टमार्टमपछि पशुपति आर्यघाटमा विश्वराजको दाहसंस्कार गरिएको उनले बताए ।

उपराष्ट्रपति यादव चीन जाँदै

प्रधानमन्त्रीको क्युबा, न्युयोर्क र चीन भ्रमणको गृहकार्य



उपराष्ट्रपति यादव

पर्शुराम काफ्ले/नयाँ पत्रिका

उपराष्ट्रपति रामसहायप्रसाद यादव ३१ साउनदेखि ३ भदौसम्म चीन भ्रमणमा जाने भएका छन् । उनी युनान प्रान्तको राजधानी कुन्मिङमा आयोजना हुने 'सातौं चीन दक्षिण एसिया प्रदर्शनी'मा सहभागी हुने तय भएको हो । उपराष्ट्रपति यादवको यो पहिलो विदेश भ्रमण हो ।

सरकारकी प्रवक्ता एवं सञ्चार तथा प्रविधिमन्त्री रेखा शर्माका अनुसार मन्त्रिपरिषद्को मंगलबार बैठकले उपराष्ट्रपति यादवको चीन भ्रमण स्वीकृत गरेको छ । उनको टोलीमा परराष्ट्रसचिव भरतराज पौड्याल, उद्योग तथा वाणिज्यसचिव मधुकुमार मरासिनीलगायत उच्चपदस्थ अधिकारी छन् । प्रदर्शनीमा ६० मुलुक सहभागी हुँदै छन् ।

चीनको दक्षिण-पश्चिमी क्षेत्र कुन्मिङमा आयोजना हुँदै आएको प्रदर्शनीमा विगतमा नेपालबाट उपराष्ट्रपति नन्दबहादुर पुन र परमानन्द झाले पनि सहभागिता जनाएका थिए ।

चीन र दक्षिण एसियालाई आर्थिक रूपमा जोड्न चीनले बर्सेनि प्रदर्शनी राख्दै आएको छ । यस वर्ष प्रदर्शनीको मुख्य विषय 'साझा विकासका लागि ऐक्यबद्धता र समन्वय' राखिएको चिनियाँ सञ्चारमाध्यमले जनाएका छन् । नेपालबाट उच्चस्तरीय प्रतिनिधिमण्डलबाहेक करिबसयजना व्यापारिक प्रतिनिधिमण्डल सहभागी हुने कार्यक्रम छ । चीन र दक्षिण एसियाबीच गत वर्ष करिब दुई सय अर्ब डलरको व्यापार थियो । यस वर्ष प्रदर्शनीको 'थिम कन्ट्री'का रूपमा नेपाललाई पनि राखिएको छ । चीनको वाणिज्य मन्त्रालय, युनान प्रान्तीय सरकार, सिचुआन प्रान्त, स्वायत्त क्षेत्र तिब्बत, चोङकिङ नगरपालिका, छन्दु नगरपालिकालगायत आयोजक छन् ।

प्रधानमन्त्री प्रचण्ड क्युबा, न्युयोर्क र चीन जाने कूटनीतिक गृहकार्य

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड आगामी भदौ अन्तिम सातापछि क्युबा, संयुक्त राष्ट्रसंघीय महासभा न्युयोर्क र छिमेकी चीन भ्रमणमा जाने गरी गृहकार्य भइरहेको छ । प्रधानमन्त्री प्रचण्डले प्रमुख प्राथमिकतामा चीनको भ्रमणलाई राखेका छन् । 'प्रधानमन्त्रीको भ्रमणका लागि कूटनीतिक च्यानलबाट तयारी भइरहेको छ । समयको चापलाई हेरेर सकभर सबै ठाउँमा भ्रमण हुने गरी गृहकार्य हुँदै छ,' प्रधानमन्त्रीका प्रेस सल्लाहकार गोविन्द आचार्यले नयाँ पत्रिकासँग भने ।

कूटनीतिक स्रोतका अनुसार प्रधानमन्त्री प्रचण्डले सुरुमा क्युबाको भ्रमण गर्ने गरी तयारी छ । भदौ अन्तिम साता क्युबाको दुईदिने भ्रमण सकेर प्रधनमन्त्री प्रचण्ड न्युयोर्कमा पुग्ने कार्यतालिकामा गृहकार्य भइरहेको स्रोतले बतायो । २ असोजदेखि संयुक्त राष्ट्रसंघीय महासभाको ७८औं सत्रअन्तर्गत उच्चस्तरीय सम्बोधन सुरु हुनेछ । त्यसलाई सम्बोधन गरेपछि प्रधानमन्त्री प्रचण्ड चीन भ्रमणमा जाने योजनामा छन् ।

प्रधानमन्त्री प्रचण्डलाई ६ असोजमा चीनको हान्जाउमा आयोजना हुने एसियाली खेल कार्यक्रममा सहभागीसमेत हुने गरी औपचारिक भ्रमणको निमन्त्रणा छ । 'संयुक्त राष्ट्रसंघमा सम्बोधन र उच्चस्तरीय भेटघाट सकिएपछि सम्भव भएसम्म मात्रै खेल हेर्न जाने सोचमा प्रधानमन्त्री हुनुहुन्छ । एसियाली खेलमा सहभागी हुन समयले दिएन भने न्युयोर्कबाट बेइजिङ गएर उच्चस्तरीय औपचारिक भेटवार्ता गर्ने गरी तयारी गर्न प्रधानमन्त्रीले भन्नुभएको छ । त्यहीअनुसार तयारी भइरहेको छ,' परराष्ट्र स्रोतले भन्यो, 'समयको चापले गर्दा यीमध्ये रोज्नुपर्ने अवस्था आएमा प्रधानमन्त्रीको पहिलो रोजाइ चीन हो । चीनमा औपचारिक वार्ता हुने मिति तलमाथि नहुने गरी क्युबा र न्युयोर्कको कार्यक्रमका लागि गृहकार्य गर्नु भन्ने निर्देशनअनुसार समन्वय भइरहेको छ ।'

ग्लोबल आइएमई बैंक लिमिटेडको

तपसिलमा उल्लिखित ऋणीलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८०/०४/२५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

उपरोक्त सम्बन्धमा, तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नु भएको ऋण कर्जाको बैंकसंग गरेको सम्झौता तथा लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसंग भएको ऋण कर्जा सम्बन्धी सम्झौताहरु उल्लंघन गर्नु भएकोले कर्जासंग सम्बन्धित तपाईहरु सबैलाई कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बैंकको कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपाई तपसिलमा उल्लिखित ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी आफूले लिएको कर्जाको सम्पूर्ण साँवा, ब्याज, पेनाल ब्याज, अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसंग भए गरेको सम्झौता तथा लिखत अनुसार कारवाही गरी धितोमा रहेको सुरक्षण लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिनुका साथै ऋणी, संचालक, तथा जमानीकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ । साथै सुरक्षण बापत रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानून तथा कर्जा संझौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, संचालक, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

टिमुरे शाखा, रसुवा

ऋणीको विवरण

१. प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, बागमति प्रदेश, धुन्चे, रसुवामा प्रा.फ.र.नं. १७७४/०७७/०७८ अर्न्तगत मिति २०७७/१०/२२ मा दर्ता कायम भएको **मुकेश मिल उद्योग**
फर्म दर्ता ठेगाना : आमाछोदिङमो गा.पा. वडा नं. ४, रसुवा
स्थायी लेखा नं. ६१५०८०७२७, मिति २०७७/१०/२५
प्रोप्राईटर : छिरिङ डोल्मा घले
ना.प्र.नं. २३-११-७३-००४४५ जारी मिति २०७३/०३/०४ जि.प्र.का. रसुवा
बाबुको नाम : ल्हाक्पा घले
पतिको नाम : मिङमर गोम्बो तमाङ
ससुराको नाम : पासाङ घ्याम्जो तमाङ
स्थायी ठेगाना : गोल्जुङ - ०३, रसुवा
कर्जा शिर्षक : आवधिक कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

पासाङ घ्याम्जो तमाङ	**मिङमर गोम्बो तमाङ**
ना.प्र.नं.२३३०/१६४	ना.प्र.नं. २३१००८/१११
जारी मिति २०४४/१२/०६ जि.प्र.का. रसुवा	जारी मिति २०६९/१२/११ जि.प्र.का. रसुवा
बाबुको नाम : कोन्दो तामाङ	बाबुको नाम : पासाङ घ्याम्जो तमाङ
बाजेको नाम : टेकौ तामाङ	बाजेको नाम : कोन्दो तमाङ
स्थायी ठेगाना : गोल्जुङ - ०६, रसुवा	स्थायी ठेगाना : गोल्जुङ - ०६, रसुवा

ऋणीको विवरण

२. मिङमर गोम्बो तमाङ
ना.प्र.नं. २३१००८/१११ जारी मिति २०६९/१२/११ जि.प्र.का. रसुवा
बाबुको नाम : पासाङ घ्याम्जो तमाङ
बाजेको नाम : कोन्दो तमाङ
स्थायी ठेगाना : गोल्जुङ - ०६, रसुवा
कर्जा शिर्षक : आवधिक कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

नाडकाङ श्री तमाङनी	**पासाङ घ्याम्जो तमाङ**
ना.प्र.नं. ३५२/११८	ना.प्र.नं.२३३०/१६४
जारी मिति २०४५/०१/१३ जि.प्र.का. रसुवा	जारी मिति २०४४/१२/०६ जि.प्र.का. रसुवा
बाबुको नाम : जिन्जा तमाङ लामा	बाबुको नाम : कोन्दो तमाङ
पतिको नाम : पासाङ घ्याम्जो तमाङ	बाजेको नाम : टेकौ तमाङ
ससुराको नाम : कोन्दो तमाङ	स्थायी ठेगाना : गोल्जुङ - ०६, रसुवा
स्थायी ठेगाना : गतलाङ - ०३, रसुवा	

डुम्रे शाखा, तनहुँ

ऋणीको विवरण

बिजया अधिकारी
ना.प्र.नं. ४३१०२९/५६४ जारी मिति २०६८/१२/३० जि.प्र.का. तनहुँ
बाबुको नाम : कृष्ण प्रसाद भट्टराई
पतिको नाम : वशिष्ठ अधिकारी
ससुराको नाम : बुद्धि सागर अधिकारी
स्थायी ठेगाना : आँबुखैरेनी - ०१, तनहुँ
कर्जा शिर्षक : घर कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

वशिष्ठ अधिकारी	**ठाकुर देवी अधिकारी**
ना.प्र.नं.: २४८५४	ना.प्र.नं. १०५९ जारी मिति २०४६/११/१० जि.प्र.का. तनहुँ
जारी मिति २०५४/०४/०२ जि.प्र.का. तनहुँ	बाबुको नाम : पशुपति पोखेल
बाबुको नाम : बुद्धि सागर अधिकारी	पतिको नाम : बुद्धि सागर अधिकारी
बाजेको नाम : देवी प्रसाद अधिकारी	ससुराको नाम : देवी प्रसाद अधिकारी
स्थायी ठेगाना : आँबुखैरेनी न.पा. - ०१, तनहुँ	स्थायी ठेगाना : आँबुखैरेनी - ०१, तनहुँ

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

नबिल बैंक लिमिटेड, न्यूरोड शाखा, काठमाडौंको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८०/०४/२५)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी तथा अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋण कर्जा रकम ऋणी तथा जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चलअचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुलउपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुर्ल न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी तथा जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको

बिहीबार २५ साउन ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.नि.इ.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.इ.न. १७/०६९/७७०

नवौं राष्ट्रिय खेलकुदको २९३ दिनपछि खर्च सार्वजनिक

६० करोड विनियोजन, ५३ करोड खर्च

नयाँ पत्रिका

राष्ट्रिय खेलकुद परिषद्को आयोजनामा गत वर्षको २८ असोजमा गण्डकी प्रदेशमा नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना भएको थियो। राखेपले प्रतियोगिता सकिएको दुई सय ९३ दिनपछि खर्च विवरण सार्वजनिक गरेको छ। प्रतियोगिता आयोजना गर्न ५३ करोड ७९ लाख चार सय ३९ रुपैयाँ खर्च भएको सदस्यसचिव टंकलाल घिसिङले बुधबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराएका छन्। गण्डकी प्रदेशका विभिन्न आठ जिल्लामा ३ कात्तिकसम्म प्रतियोगिता आयोजना भएको थियो। अर्थ मन्त्रालयले बृहत् खेलकुद आयोजना गर्न ६० करोड १० लाख रुपैयाँ विनियोजन गरेको थियो।

सबै खर्च कटौती गरी राखेपले प्रतियोगिताबाट ६ करोड ८२ लाख ४८ हजार चार सय ६० आम्दानी गरेको घिसिङले बताए। उनका अनुसार बचत खर्च सरकारको खातामा जम्मा भइसकेको छ। राखेपले ५१ लाख ५२ हजार सात सय टिकट र मुख्य प्रायोजकबाट आम्दानी गरेको छ। भलिबल र फुटबलको टिकट बिक्रीबाट मात्र १४ लाख ५२ हजार सात सय रुपैयाँ आम्दानी भएको छ। प्रायोजक राष्ट्रिय वाणिज्य बैंकबाट तीन लाख, राष्ट्रिय बिमा संस्थान र नेपाल टेलिकमबाट सात लाख आर्थिक कमाइ राखेपले गरेको छ।

राखेपले सामग्री खरिद गर्न दुई करोड रुपैयाँ खर्च गरेको थियो। यसैगरी स्वास्थ्य उपचार तथा व्यवस्थापन शीर्षकमा ९५ लाख १७ हजार रुपैयाँ खर्च गरेको जनाएको छ।

प्रतियोगितामा तीन हजार चार सय १४ पुरुष र दुई हजार सात सय १३ खेलाडीले प्रतिस्पर्धा गरेका थिए। ६ हजार एक सय २७ खेलाडीले तीन सय ९७ स्वर्ण र त्यतिकै संख्याको रजत पदकका निमित्त प्रतिस्पर्धा गरे। पाँच सय ५३ कांस्य पदक गरी कूल एक हजार तीन सय ४७ पदक जित्न खेलाडीबीच प्रतिस्पर्धा भएको राखेपले जनाएको छ। नेपाली सेनाको त्रिभुवन आर्मीले सर्वाधिक स्वर्ण जित्दै च्याम्पियनसिप ट्रफी जितेको थियो।



फाइल तस्बिर

विभिन्न भत्ता शीर्षकमा सात करोड ३७ लाख खर्च

राखेपले बृहत् खेलकुदको घोषणा भएदेखि समापनसम्म विभिन्न शीर्षकमा समिति, उपसमिति, खेलाडीदेखि विविध पक्षका लागि भत्ता उपलब्ध गराएको छ। राखेपले सार्वजनिक गरेको खर्च विवरणका समग्रमा सात करोड ३७ लाख ४९ हजार एक सय ७५ रुपैयाँ खर्च गरेको देखिन्छ। प्रतियोगिताको मूल आयोजक तथा कार्यकारी समितिको बैठक भत्ता मात्र १२ लाख दुई हजार रुपैयाँ खर्च भएको छ।

यसैगरी, अनुगमन तथा निरीक्षण समिति बैठक भत्ता र पदाधिकारी पोसाक व्यवस्थापनमा १५ लाख ७९ हजार चार सय ९१ रुपैयाँ खर्च देखिन्छ। यसैगरी, भिभिआइपी, भिआइपी, पदाधिकारी र कर्मचारीका दैनिक भत्तासँगै खाजाखर्चमा एक करोड २८ लाख ४८ हजार रुपैयाँ राखेपले खर्चियो। निर्णायक, संघ प्रतिनिधि, खेलाडी, प्रशिक्षक, व्यवस्थापक र एनआरएनए टिमसमेतको दैनिक भ्रमण र भत्ताको शीर्षकमा मात्र पाँच करोड ८१ लाख १९ हजार ६०४ रुपैयाँ खर्च भएको देखिन्छ।

दशौंलाई अपूरो बजेट

घिसिङले कर्णाली प्रदेशमा आयोजना हुने दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताको बजेट अपूरो रहेको जनाएका छन्। 'नवौंभन्दा दशौं पृथक् रूपमा आयोजना गर्ने लक्ष्य राखेका छौं, तर बजेट अपूरो हुँदा सोचेजस्तो काम हुन सकेको छैन,' उनले दुखेसो पोखे, 'कर्णालीमा आयोजना गर्न ठूलो बजेट लाग्छ, त्यहाँ धेरै पूर्वाधार बनाउनुपर्ने हुन्छ, तर बजेट छैन।' उनले यस विषयमा केन्द्रीय सरकारसँग छलफल गर्नुपर्ने जनाए। 'प्रतियोगिता आयोजना र पूर्वाधार बनाउन प्रदेशलाई नै जिम्मेवारी दिनुपर्छ। अब पनि केन्द्रले आयोजना गरेर हुँदैन,' समस्या बताउँदै उनले भने, 'केन्द्रले सहयोग र प्रदेशले सबै जिम्मेवारी लिनुपर्छ।'

किट्स ब्याग र खेल पोसाकमा १५ करोड

गण्डकी प्रदेशमा दोस्रोपटक बृहत् खेलकुद आयोजना हुँदा सहभागी खेलाडीदेखि अफिसियलका लागि राखेपले किट्स ब्याग, निर्णायक जर्सी र खेल पोसाक उपलब्ध गराएको थियो। यस शीर्षकमा १५ करोड ३९ लाख ८५ हजार आठ सय २१ रुपैयाँ खर्च भएको छ। यसैगरी, प्रतियोगिताको लोगो, मस्कट, मायाको चिनो र एक्रिडेसन कार्डलगायतको शीर्षकमा ९४ लाख ६९ हजार तीन सय १३ रुपैयाँ खर्च भएको राखेपले जनाएको छ। प्रदेश, विभागीय र एनआरएनए टोलीको टिम तयारी खर्चमा तीन करोड ७३ लाख खर्च भएको देखिन्छ। कार्यकारी समिति तथा विषयगत उपसमिति सञ्चालन शीर्षकमा एक करोड २१ लाख ८१ हजार चार सय ५२ रुपैयाँ खर्च भएको छ। राखेपले प्रतियोगिताभरि प्रशिक्षक, स्वयंसेवक प्रशिक्षक परिचालनका लागि मात्र ७३ लाख १६ हजार चार सय ९९ रुपैयाँ खर्च गऱ्यो।

'स्थानीय निर्वाचनले आयव्यय सार्वजनिक गर्न सकेनौं'



हामीले ३५ दिनमै आयव्यय विवरण सार्वजनिक गर्नुपर्ने थियो, सरकारले तल्लो तहका कर्मचारीलाई निर्वाचनमा खटाएपछि राखेपका कर्मचारीले काम अगाडि बढाउन पाएनन्

● **टंकलाल घिसिङ**, सदस्यसचिव, राखेप

सार्वजनिक खरिद ऐनअनुसार ३५ दिनमै आयव्यय सार्वजनिक गर्नुपर्छ। यो ऐनअनुसार राखेप चुकेको छ। सदस्यसचिव घिसिङले प्रतियोगितापछि नै स्थानीय निकायको निर्वाचनका कारण ३५ दिनमै आयव्यय सार्वजनिक गर्न नसकेको बताएका छन्। 'हामीले ३५ दिनमै आयव्यय विवरण सार्वजनिक गर्नुपर्ने थियो, तर प्रतियोगिता दसैं र तिहारको बीचमा भयो, त्यसपछि नै स्थानीय निर्वाचन भयो,' उनले भने, 'सरकारले तल्लो तहका कर्मचारीलाई निर्वाचनमा खटाएपछि राखेपका कर्मचारीले अगाडि बढाउन पाएनन्।'

उनले खर्च कटौती र बजेट रोकिँदा पदक विजेता खेलाडीले समयमै भुक्तानी गर्न नसकेको प्रस्ट पारे। ६ महिनापछि वैशाखमा सबै खेलाडीको पुरस्कार रकम उपलब्ध गराएको उनले बताए। 'खर्च कटौती र बजेट रोकिँदा हामीले खेलाडीको पुरस्कार समयमै दिन पाएनौं, फेरि यसपटक हामीले सबै खेलाडीको व्यक्तिगत खातामा पैसा हाल्दिएका थियौं,' उनले भने। राखेपले सहभागी ११ टोलीलाई प्रतियोगिताको रिपोर्ट बुझाउने निर्देशन दिए पनि आनाकानी भइरहेको घिसिङको गुनासो छ।

खेल संक्षेप

किड्स कपका लागि खेलाडी छनोट

काठमाडौं/ नेपाल टेनिस संघले बिली जिन किड्स कपका लागि चार महिला खेलाडी छनोट गरेको छ। सातदोबाटोमा भएको छनोट प्रतियोगिताबाट अभिलाषा विष्ट, माहिका राणा, सुनिरा थापा र रायना शाह छनोट भएको संघका सदस्य अजय विष्टले जानकारी दिएका छन्। रायनाबाहेक सबै खेलाडी १९औं एसियाली खेलकुदका लागि छनोट भएका खेलाडी हुन्। किड्स कप १६ देखि २१ अक्टोबरसम्म बहराइनमा हुँदै छ। प्रतियोगितामा विगतमा नेपालको सहभागिता उमेरसमूहमा हुने गर्थ्यो। अब नेपालले सिनियरस्तरमा प्रतिस्पर्धा गर्न लागेको हो।

चेल्सी र रिब्स अन्तिम आठमा

काठमाडौं/ एनएमबी-कपअन अन्तर स्कुल यू-१४ फुटबल प्रतियोगितामा शतप्रतिशत जित निकाल्दै चेल्सी र रिब्स 'ए' क्वार्टरफाइनल प्रवेश गरेका छन्। प्रतियोगिताको समूह 'सी'मा चेल्सीले चाँदबागलाई ५-० ले, दोस्रो खेलमा रिब्स (बी)लाई ५-० र अन्तिम खेलमा त्रिज्योतिलाई १-० ले निराश पार्दै सर्वाधिक नौ अंक बनायो। चेल्सी शीर्ष स्थानमा रहँदै अन्तिम आठमा पुगेको हो। त्रिज्योतिले ६ अंक र रिब्सले ३ अंक जोडेका छन्। चाँदबाग अंकविहीन रह्यो। रिब्स 'ए'ले ग्यालेक्सीलाई ५-० र फेरिल्यान्डलाई ४-१ ले पराजित गर्दै समूह 'डी'मा शीर्ष स्थान कब्जा गरेको छ।

विश्वविद्यालय फुटसल भदौमा

काठमाडौं/ पूर्वाञ्चल विश्वविद्यालय पुरुष फुटसल प्रतियोगिता हुने भएको छ। प्रतियोगिता १७ देखि २६ भदौसम्म हुनेछ। विश्वविद्यालयको आयोजना तथा विराटनगर सिटी फुटबल क्लबको व्यवस्थापनमा काठमाडौंको अर्किड कलेजमा फुटसल प्रतियोगिता आयोजना हुन लागेको हो। पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धनप्राप्त ३० भन्दा बढी कलेजले प्रतियोगितामा सहभागिता जनाउनेछन्। प्रतियोगिताका उपाधि विजेताले एक लाख र उपविजेताले ५० हजार रुपैयाँ पाउनेछन्। उत्कृष्ट खेलाडीहरूले जनही पाँच हजार रुपैयाँ प्राप्त गर्नेछन्।

बागलुङमा आचार्य चयन

बागलुङ/ बागलुङ जिल्ला क्रिकेट संघको अध्यक्षमा विष्णुप्रसाद आचार्य सर्वसम्मत निर्वाचित भएका छन्। संघको मंगलबार भएको पहिलो साधारणसभा तथा अधिवेशनले आचार्यको अध्यक्षतामा ११ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ। गण्डकी क्रिकेट संघका अध्यक्ष देवेन्द्र प्रजुले उद्घाटन गर्दै विधानसम्मत समिति गठन हुनुपर्ने बताएका थिए। बागलुङमा ०७४ सालमा जिल्ला क्रिकेट विकास समिति गठन गरिएको थियो। सो समितिलाई तदर्थ समितिको रूपमा नेपाल क्रिकेट संघ (क्यान)ले ०७९ माघमा सदस्यताको मान्यता प्रदान गरेको थियो।

शाक्य क्वार्टरफाइनलबाट बाहिरिए

काठमाडौं/ अन्तर्राष्ट्रिय खेलजीवनबाट सन्न्यास लिइसकेका राजेन्द्र शाक्य बुधबार पाँचौं धनलक्ष्मी स्मृति राष्ट्रिय स्क्वास प्रतियोगिताको पुरुष एकलमा क्वार्टरफाइनलबाट बाहिरिएका छन्। शाक्य उमित शाक्यसँग ३-० को सेटमा पराजित भएका हुन्। एसियाली खेलकुदको पछिल्लो संस्करण जाकार्ता एसियाडमा नेपालको प्रतिनिधित्व गरेका शाक्यले गत वर्ष पोखरामा भएको नवौं राष्ट्रिय खेलकुदका दौरान सन्न्यास लिएका थिए। प्रतियोगिताको पुरुष एकलको सेमिफाइनल समीकरण पनि पूरा भएको छ।

दुई अर्ब लागतमा बैजनाथपुरमा क्रिकेट रंगशाला बन्ने

काठमाडौं/ विराटनगरको बैजनाथपुरमा रहेको गिरिजाप्रसाद कोइराला रंगशाला दुई अर्बको लागतमा निर्माण हुने भएको छ। दुई वर्षभित्र रंगशालाले पूर्ण आकार पाउने युवा तथा खेलकुदमन्त्री डिगबहादुर लिम्बूले बताएका हुन्। 'दुई वर्षको लागतमा गिरिजाप्रसाद कोइराला रंगशाला निर्माण हुनेछ,' उनले भने। सरकारबाट रंगशाला निर्माणका लागि तीन करोड बजेट विनियोजन भइसकेको छ। रंगशालाको डिपिआर कार्यपछिको दुई वर्षभित्र नै निर्माण सम्पन्न हुने लक्ष्य राखेको उनले बताएका छन्।

'दुई वर्षभित्र यहाँ अत्याधुनिक रंगशाला निर्माण हुनेछ,' मन्त्री लिम्बूले भने। गिरिजाप्रसाद कोइराला रंगशालामा मुख्य गरी क्रिकेट मैदान हुनेछ। स्विमिङ पुल, कभर्डहल, फुटबल मैदानसमेत निर्माण गर्ने भएकाले बैजनाथपुरको रंगशाला विशेष किसिमको हुने उनको भनाइ छ। रंगशाला बन्दा यस क्षेत्रका जनताको रोजगारी बढ्ने र जमिनको मूल्य बढ्नाका साथै जीवनस्तरमा पनि सुधार आउने उनको विश्वास रह्यो।

पूर्वप्रधानमन्त्री कोइरालाको नाममा निर्माण हुन लागेको रंगशालामा बजेट सम्बन्धमा आलोचना नगर्न उनले जनाए। 'अहिले रंगशालाको शीर्षकमा बजेट थोरै भयो भनी आलोचना नगर्नुस्, निर्माणमा लाग्ने बजेट विनियोजन हुने र यो अत्याधुनिक हुनेछ,' उनले भने। चीनमा हुने १९औं एसियाली खेलकुदमा भाग लिन प्रशिक्षणमा रहेका नेपाली खेलाडीले आशा गरेभन्दै पदक ल्याउने उनले बताए।

डुरान्ड कपमा आर्मी र दिल्ली बराबरी

काठमाडौं/ नेपालबाट प्रतिनिधित्व गरेको त्रिभुवन आर्मी क्लबले अग्रता रक्षा गर्न नसक्दा बुधबार भारतको प्रतिष्ठित डुरान्ड कपको पहिलो खेलमा आईलिग टोली दिल्ली एफसीसँग १-१ को बराबरीमा रोकिएको छ। कोक्राझारको साइसेन्टर रंगशालामा आर्मीले पहिलो हाफको अग्रता रक्षा गर्न नसकेको हो। खेलको अन्तिम दुई मिनेट आर्मीका खेलाडी सम्हालिन नसक्दा दिल्लीले बराबरी गोल फर्काएको हो।

बराबरीसँगै समूह 'ई'मा आर्मीको एक अंक भएको छ। लगातार दोस्रो बराबरीपछि दिल्ली दुई अंकमा सीमित भयो। यसअघि, दिल्लीले हैदराबाद एफसीसँग १-१ को नतिजा निकालेको थियो। आर्मीले सोमबार आइएसएल टोली चेन्नई एफसीको सामना गर्नेछ। अन्तिम खेल २२ अगस्टमा आइएसएल टोली हैदराबाद एफसीसँग आर्मीले खेल्नेछ। आर्मीलाई अर्को चरणमा प्रवेश गर्न एक जित आवश्यक छ।



मेघराज केसीको प्रशिक्षणमा रहेको आर्मीले खेलको ३९औं मिनेटमा अग्रता लियो। नेपाल यू-१९ र यू-२३ टोलीबाट खेलिसकेका अट् याकर दिनेश हेमजनले आर्मीलाई अग्रता दिलाएका हुन्। कप्तान नवयुग श्रेष्ठको ऋसलाई दिल्लीका गोलरक्षक पवन कुमारले डिबक्सभित्र नियन्त्रणमा लिन सकेनन्। सोही मौकामा कमलबहादुर थापाले सिक्स यार्ड बक्समा अनमार्क रहेका दिनेशलाई गोलका लागि असिस्ट गरे। उनले वान टचमै गोल गरेका हुन्।

पहिलो हाफको अन्तिम समय र दोस्रो हाफमा आर्मीविरुद्ध दिल्लीले दबाब राख्यो। वर्षाले प्रभावित मैदानमा आर्मीले काउन्टरमा दबाब दिएको थियो। खेलभर आर्मीको रक्षापंक्ति र गोलरक्षक विकेश कुथू गोल बचाउन व्यस्त रहे। खेलको ८८औं मिनेटमा दिल्लीले बराबरी गोल गरेको थियो। ऋसबारमा लागेर फर्किएको बललाई गिरिक घोस्लाले गोल गरे। एयर बललाई विकेशले रोक्ने प्रयास गरे पनि गिरिकले हेड गोल गर्न सफल थिए। आर्मीले प्रतियोगितामा नियमित कप्तान भरत खवास र युवा स्ट्राइकर जिलेस्पीजंग कार्कीलाई बाहिर राखेको छ।

आलमले लिए १५ वर्षको करिअरबाट बिदा

अमेरिकाको टी-२० फ्रेन्चाइज लिगमा खेल्न पाकिस्तानका पूर्वओपनर फवाद आलमले अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्न्यास लिए



कराँची/ पाकिस्तानका ओपनर फवाद आलमले १५ वर्षको अन्तर्राष्ट्रिय क्रिकेट करिअरबाट सन्न्यास लिएका छन्। ३७ वर्षीय आलमले अब अमेरिकाको क्रिकेट लिगमा आबद्ध हुने जनाएका छन्। उनी अहिले अमेरिकामा चलिरहेको माइनर लिग टी-२० मा सिकागो किंग्स सेभेनमा आबद्ध छन्। सन् २००७ मा उनले पाकिस्तानी टोलीबाट अन्तर्राष्ट्रिय क्रिकेटमा डेब्यु गरेका थिए। अमेरिकामै स्थायी बसोवास गर्ने योजना बनाएका आलमले धेरै अगाडि नै पाकिस्तानको नागरिकता त्यागिसकेका थिए।

सन् २००७ मा उनले श्रीलंकाविरुद्ध एकदिवसीयमा डेब्यु गरेका थिए। सन् २०१५ सम्म उनी पाकिस्तानको एकदिवसीय टोलीमै रहे। उनले अन्तिमपटक बंगलादेशविरुद्ध एकदिवसीय खेल खेलेका थिए। सन् २००७ मा उनी टेस्ट टोलीमा परे। उनले टेस्टमा श्रीलंकाविरुद्ध डेब्यु गरेका थिए। उनले सन् २०२२ को २४ जुलाईमा श्रीलंकाविरुद्ध नै आफ्नो अन्तिम टेस्ट खेलेका थिए। सन् २००७ मै उनले केन्याविरुद्ध अन्तर्राष्ट्रिय टी-२० खेलमा डेब्युको अवसर पाए। अन्तर्राष्ट्रिय टी-२० खेलमा उनी तीन वर्ष मात्र टोलीमा सहभागी भए। न्युजिल्यान्डविरुद्ध उनले अन्तिमपटक पाकिस्तानी टोलीबाट टी-२० खेलेका थिए।

पहिलो श्रेणीमा ४३ शतक

पाकिस्तानको टोलीमा उनलाई अलराउन्डर खेलाडीका रूपमा लिने गरिन्छ। उनले १९ टेस्टमा पाँच शतक र दुई अर्धशतकको मद्दतमा एक हजार ११ रन जोडेका छन्। यसैगरी, ३८ एकदिवसीय खेलमा उनले एक शतक र ६ अर्धशतकको सहयोगमा ९ सय ६६ रन जोडे।

२४ अन्तर्राष्ट्रिय टी-२० मा उनले एक सय ९४ रन बनाएका छन्। टेस्ट फर्म्याटमा उनले तीन इनिङ्समा मात्र बलिङ अवसर पाउँदा ५४ रन खर्चँदै दुई विकेट हात पारे। एकदिवसीयमा पाँच र अन्तर्राष्ट्रिय टी-२० मा उनले आठ विकेट लिएका छन्।

पाकिस्तानको पहिलो श्रेणीमा आलम राम्रा ब्याट्समयानका रूपमा चिनिन्छन्। उनले दुई सय एक पहिलो श्रेणीको क्रिकेट करिअरमा ४३ पटक शतक बनाएका थिए। यसक्रममा उनले १४ हजार पाँच सय २६ रन बटुले। यसैगरी, २०३ लिस्ट एमा उनले आठ शतक तथा ४० अर्धशतक बनाएका छन्। उनले यस विधामा ६ हजार पाँच सय ७७ रन जोडेका छन्। सन् २०१० मा पाकिस्तानले पहिलोपटक आइसिसी टी-२० विश्वकप उपाधि जित्दा उनी टोलीका मुख्य खेलाडी थिए।

नेपालविरुद्ध खेल्ने पाकिस्तानी टोलीको घोषणा

काठमाडौं/ पाकिस्तान क्रिकेट बोर्ड (पिसिबी)ले एसिया कपमा नेपालविरुद्ध खेल्ने टोलीको घोषणा गरेको छ।

पिसिबीले बुधबार बाबर आजमको कप्तानीमा १७ सदस्यीय टोली घोषणा गरेको हो। एसिया कपअघि हुने अफगानिस्तानविरुद्धको एकदिवसीय शृंखला खेल्न साउद साकिलसहित १८ खेलाडीलाई टोलीमा बोलाएको छ। पाकिस्तानले एसिया कपमा पहिलो खेल नेपालविरुद्ध नै खेल्नेछ। समूह 'ए'मा रहेको पाकिस्तानले ३० अगस्टमा नेपालसँग भिड्नेछ। यो खेल पाकिस्तानको मुल्तानमा हुने तालिका छ। त्यसपछि पाकिस्तानले २ सेप्टेम्बरमा भारतविरुद्ध श्रीलंकामा खेल्नेछ।

उपकप्तान सदाव खान, अब्दुल्लाह सफिकी, फकर जमान, इमाम उल हक, सलमान अली आघा, इफ्तिखर अहमेद, तयाब ताहिर, मोहम्मद रिजवान, मोहम्मद ह्यारिस, मोहम्मद नवाज, उस्मामा मिर, फहिम अश्रफ, ह्यारिस रौफ, मोहम्मद वसिम जुनियर, नसिम साह र साहिन साह अफ्रिदी छन्। साउद साकिल भने अफगानिस्तानविरुद्धको शृंखलाका लागि छनोट भएका हुन्।

पाकिस्तानले अफगानिस्तानविरुद्ध तीन खेलको एकदिवसीय शृंखला खेल्ने तालिका छ। २२ देखि २६ अगस्टसम्म यो खेल हुनेछ। उपकप्तान सान मसुद टोलीबाहिर रहँदा फहिम असरफ दुई वर्षपछि फर्किएका छन्। 'सबै खेलाडी राष्ट्रिय टोलीमा पर्न सक्षम छन्, राम्रो प्रदर्शन निस्कने विश्वास छ,' छनोट कमिटीका प्रमुख इन्जमाम उल हकले भनेका छन्।

विश्वकपका खेल तालिका परिवर्तन

भारतमा आयोजना हुने एकदिवसीय विश्वकप क्रिकेट प्रतियोगिताको नौ



खेलको तालिका परिवर्तन भएको छ। आयोजक आइसिसीले बुधबार खेल मिति र समय परिवर्तन गरेको जनाएको छ। प्रतियोगिता सुरु हुन दुई महिना बाँकी रहँदा भारत र पाकिस्तानसँगै अन्य आठ खेलको तालिका परिवर्तन भएको हो। पाकिस्तान, बंगलादेश र इंग्ल्यान्डका खेल धेरै परिवर्तन गरिएको छ।

१० अक्टोबरमा हुने इंग्ल्यान्ड र बंगलादेशको मिति तय भएको छैन। पाकिस्तान र श्रीलंकाबीचको १२ अक्टोबरमा हुने खेल १० अक्टोबरमा हुने भनिएको छ।

यसैबीच, अस्ट्रेलिया र दक्षिण अफ्रिकाबीचको खेल एक दिनअगाडि १२ अक्टोबरमा हुनेछ। इंग्ल्यान्ड र अफगानिस्तानबीचको खेल १४ बाट १५ अक्टोबरमा पुगेको छ। ११ नोभेम्बरमा रहेको अस्ट्रेलिया र बंगलादेश तथा इंग्ल्यान्ड र पाकिस्तानबीचको खेल ११ नोभेम्बरमा छ भने भारत र नेदरल्यान्डबीचको खेल ११ नोभेम्बरबाट १२ नोभेम्बरमा पुगेको छ।

पाकिस्तानमा तयारी गर्न आग्रह

नेपाल क्रिकेट संघ (क्यान)ले एसिया कपको तयारीका लागि पाकिस्तानमै प्रशिक्षण गर्न आग्रहपत्र लेखेको छ। पाकिस्तानमा एक साता प्रशिक्षण गर्न पाऊँ भनी क्यानले पिसिबीलाई पत्र लेखेको जनाइएको छ। तर, अहिलेसम्म पिसिबीले क्यानको पत्रबारे प्रतिक्रिया जनाएको छैन। खेलाडीलाई पाकिस्तानको मैदानमा अभ्यस्त बनाउन नै प्रशिक्षणको आग्रह गरिएको हो। यसअघि क्यानले श्रीलंकामा एसिया कपकै तयारीका लागि थप १५ दिनको प्रशिक्षण तालिका मिलाएको थियो। नेपाली टोलीले कोलम्बोमै भएको एसिसी इमर्जिङ टिम्स कपमा सहभागिता जनाएपछि दुई साता प्रशिक्षण अवसर प्राप्त गरेको थियो।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com